पुराण-चिन्तन

अनुसन्धानात्मक कृति

भाग - १



नवराज घिमिरे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुराण चिन्तन

अनुसन्धानात्मक कृति

(प्रथम भाग)

नवराज घिमिरे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुराण चिन्तन

प्रकाशिका : मञ्जुश्री बराल
सर्वाधिकार : © लेखकमा
कम्प्यूटर : सरस्वती घिमिरे

संस्करण : प्रथम

प्रति : ५०० प्रति

प्रकाशन मिति : २०७७ लक्ष्मीपूजाको पावन अवसरमा

मुद्रण : मेट्रोफाइन प्रेस प्रा.लि. (०१-४२४३९३६)

मूल्य : १५१।-

ISBN : 978-9937-0-8072-9

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुभाशंसा

पौरस्त्य परम्पराका अनुगामी सनातनधर्मशास्त्र व्यक्तिहरूको धर्म, संस्कृति, साहित्य, कला-कौशल, ज्ञान विज्ञान लगायत विभिन्न विद्याको मूलस्रोत वेदलै भएको हुनाले वेदलाई अलौकिक ज्ञान राशिका रूपमा स्वीकार गरेको पाइन्छ। इष्टप्राप्ति र अनिष्टको निवृत्तिको अलौकिक उपाय प्रतिपादन गर्ने ग्रन्थलाई वेद भनिएको पाइए- तापनि यसको तात्पर्य प्रकाशन गर्दिनु निमित्त पनि महत्त्वपूर्ण मानिन्छ। 'इतिहास पुराणाभ्यां वेदं समुपबृंहयेत्' भनेर महाभारत ग्रन्थमा प्रतिपादन गरिएको हुनाले वेदको तात्पर्य प्रकाशनमा पुराणको महत्त्वपूर्ण स्थान रहेको तथ्य स्पष्ट हुन्छ।

'इतिहासपुराणं पञ्चमं वेदानां वेदम्' भनेर छान्दोग्योपनिषद्ले पुराणवाङ्मयको महत्त्व पाँचौं वेदकालिकै रहेको तथ्य उद्घोष गरेकोले पुराणको अध्ययन अनुसन्धान हुनु नितान्त आवश्यक रहेको तथ्य खुल्न जाउँछ। अठार पुराण, उपपुराण, औपपुराण गरी विशाल पुराणवाङ्मयको विषयवस्तु पनि व्यापक छ। अठार पुराणहरूको मात्र ग्रन्थसङ्ख्या चारलाख रहेको मानिएको छ (बत्तीस अक्षरको एक श्लोकलाई गणना गर्ने प्राचीन परम्परा रहेको छ।) महाभारत जस्तै एकलाख ग्रन्थको विशाल [illegible] ग्रन्थमा प्रतिपादित विषयवस्तुको ज्ञान सब गो- [illegible] गर्ने जिज्ञासु मनमा हुनु उपयोगी हुनसक्दछ।

उपर्युक्त विशाल ज्ञानराशिलाई सीमित [illegible] मात्र लोभालित भईरहेको वर्तमान

परिस्थितिमा नेपालीमात्रले यसको लाभ प्राप्त गर्नु भन्ने उद्देश्यले विभिन्न प्रयास भइरहेका छन्। यसै सन्दर्भमा नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठको इतिहास पुराण विभागका सह प्रा. श्रीनवराज घिमिरे ले 'पुराण चिन्तन' ग्रन्थको प्रणयन गरी प्रकाशनको तयारी गर्नु भएको सुन्दा निकै प्रसन्नताको अनुभव भएको छ।

यसमा विभिन्न प्रश्नहरूका माध्यम बाट छ नवटा विषयको जानकारी गराइएको छ। यसलाई प्रथम खण्डका रूपमा प्रस्तुत गर्ने लागि सकेकोले अन्य खण्डहरूमा पनि पुराण वस्तु प्रस्तुत हुने कुराको सहजै अनुमान गर्न सकिन्छ। यस प्रकारका कार्यले पुराणका विभिन्न विषयको परिचयात्मक जानकारी प्राप्त हुने कुरामा विश्वस्त हुन सकिन्छ।

अतः सह प्रा. श्रीनवराज घिमिरेज्यूको कार्यको प्रशंसा गर्दै अन्य ग्रन्थको [illegible] भन्दा [illegible] हुने कुरामा आश्वस्त हुँदै उहाँको उत्तरोत्तर प्रगतिको कामना [illegible]।

प्रा.डा. माधव शरण उपाध्याय

२०६८।०८।२८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखकका कलमबाट

संस्कृत वाङ्मयमा पुराणको विशिष्ट स्थान छ। प्राचीन भारतीय संस्कृतिको यथार्थ ज्ञानकालागि इतिहास र पुराणको ज्ञान अनिवार्य हुन्छ। अष्टादश पुराणहरूमा जम्मा चार लाख श्लोक छन्। यो ज्ञान भण्डारका रचनाकार वेदव्यास हुन्। वेदव्यास प्रत्येक द्वापरयुगमा परमात्मा श्रीनारायणले जगत्कल्याणार्थ लिइने एउटा अवतार हो।

द्वापरे समनुप्राप्ते तृतीये युगपर्यये।

जातः पराशराद्योगी वासव्यां कलया हरेः॥

श्रीमद्भा. महापु. १।४।१४

पराशर मुनि र सत्यवतीका गर्भबाट हरि नै ज्ञानमय अवतार लिएर कृष्णद्वैपायन, वेदव्यास, बादरायण आदि नामले प्रख्यात हुनुहुन्छ। अमोघ ज्ञानराशिका धनी तपस्वी, योगीवर वेदव्यासमा अतुलनीय, अकल्पनीय प्रतिभा थियो। विश्वबन्धुत्वको भावना लिएर वेदको विस्तार र पुराणहरूको रचना जस्तो महनीय कार्य गर्नुले वहाँमा भएको असाधरण प्रतिभा प्रस्फुटित हुन्छ। मानव जीवनको समस्त लोकव्यवहार, आदर्शमय जीवन, ऐतिहासिक, सांस्कृतिक, सामाजिक, नैतिक अध्ययनमा अन्वेषकहरूलाई पुराणले मेरुदण्डको काम गरेको छ। पौराणिक साहित्य अगाध समुद्र हो। यो शब्द भण्डार हो।

धार्मिक-सामाजिक-सांस्कृतिक-राजनैतिक-आर्थिक क्षेत्रमा पुराणको योगदान अविस्मरणीय रहेको छ। पुराण भनेको मानव धर्म हो। सभ्यता र संस्कृति हो। पुराणले भक्ति, ज्ञान, वैराग्य सिर्जित गर्दै मुक्तिको द्वार खोल्दछ। पुराणद्वारा वेदका गहन विषयको अध्ययन गर्न सहज हुन्छ। पुराणमा भएका अनन्त कथाहरूले हरेक मानवको मन मस्तिष्कलाई झक्झोलिरहेको हुन्छ। असत्मार्गबाट रोक्दै सन्मार्ग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर्फ हिड्ने प्रेरणा दिइरहेको हुन्छ । आर्य संस्कृतिको पथ प्रदर्शक भनेकै पुराण हो । पुराणले मानवलाई ईश्वरसंग जोड्ने प्रयास गर्दछ । प्रायः पुराणहरूमा पाँच लक्षण रहेको वर्णन पाइन्छ । सर्ग, प्रतिसर्ग, वंश, वंशानुचरित, मन्वन्तरवर्णन यी पाँच लक्षण हुन् ।

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।

वंशानुचरितञ्चेति पुराणं पञ्चलक्षणम् ॥ *विष्णुपु. ३।६।२४*

श्रीमद्भागवतमहापुराणले भने आफूमा दस लक्षण रहेको मान्दछ ।

अत्र सर्गो विसर्गश्च स्थानं पोषणमूतयः ।

मन्वन्तरेशानुकथा निरोधो मुक्तिराश्रयः ॥ *श्रीमद्भा. महापु. २।१०।१*

निर्गुण निराकार परब्रह्म परमात्मा प्रभुले योगमायाको परिकल्पना गरेर यो सारा ब्रह्माण्डको सृष्टि गरी सगुण साकार रूपमा विभिन्न अवतार ग्रहण गर्दै भक्तरक्षा र भूःभार हरण गर्ने गहन जिम्मेवारी लिनु भएको देखिन्छ ।

भक्तार्थं सगुणो जातो निराकारोऽपि चिन्मयः ॥

पद्मपु भा. मा. ३।५८

हरिका असंख्य अवतारहरू छन्, जस्को गणना असम्भव छ । ऋषि, मुनि, देवता, मनु, मनुपुत्र, यक्ष, गन्धर्व, किन्नर, दानव, मानव, राक्षस, कीट, पतंग अपितु सुर मुनिदेखि भुसुनासम्म स्थावर जंगम सबैमा ईश्वरको वास छ । सबै ईश्वरकै अंश हुन् ।

अवतारा ह्यसंख्येया हरेः सत्त्वनिधेर्द्विजाः

यथाविदासिनः कुल्याः सरसः स्युः सहस्रशः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋषयो मनवो देवा मनपुत्रा महौजसः ।

कलाः सर्वे हरेरेव सप्रजापतयस्तथा ॥ *श्रीमद्भा. महापु. १।३।२६-२७*

मूल रूप एउटै हो । तथापि सत्त्व, रज, तम गुणको आधारमा आफूलाई विभक्तगरी सत्त्वगुणका रूपमा विष्णु, रजोगुणका रूपमा ब्रह्मा र तमोगुणका रूपमा शिवका नामले जगत्को पालन, सृष्टि र संहार गर्नुहुन्छ ।

रजो ब्रह्मा तमो रुद्रो विष्णुः सत्त्वंजगत्पतिः ।

एत एव त्रयो देवा एत एव त्रयो गुणाः ॥

अन्योन्यमिथुना ह्येते अन्योन्याश्रयिणस्तथा ।

क्षणं वियोगो न ह्येषां न त्यजन्ति परस्परम् ॥

मार्कण्डेयपुराण ४६। २०-२१

जगत्का प्राणाधार प्रभुका अनन्त लीला छन्, जसको चर्चा मानवले सम्पूर्ण जीवनभरि गरे पनि पार पाउन सक्दैन । लीलाधरका लीलाहरूलाई वेदव्यासले पुराणहरूका माध्यमले जनसाधारणको हृदय पटलमा भक्ति जागृत होस् र अन्त्यमा मुक्तिको द्वार खुलोस् भन्ने अभिप्रायले रचना गर्नु भएको हो । अष्टादश पुराणको परिचय तथा उपपुराण, रामायण, महाभारत आदिमा वर्णित विषय भित्रका केही गूढ रहस्यलाई सप्रमाण जिज्ञासु पाठक समक्ष प्रस्तुत गर्ने जमर्को गरेको छु । पौराणिक साहित्यको गहिराइमा डुबुल्किमार्न त्यति सजिलो विषय होइन । विभिन्न पुराणका विभिन्न विषयमा एक मत छैन । कल्पभेदले सबै मान्य हुन्छन् । कल्प-कल्पमा केही भिन्नता हुनु स्वभाविक पनि हो, जसले ती प्रसङ्गलाई रोचक बनाई रहेका हुन्छन् । मत भिन्नताका विषयमा तर्क गर्नुको सट्टा त्यस प्रसंङ्गले समाजलाई दिन खोजेको यथार्थ ज्ञान के हो ? त्यता चिन्तन गरे, अवश्य समाजको कल्याण हुनेछ । पौराणिक कालमा पथभ्रष्टलाई सजायका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रूपमा श्रापित गर्ने परम्परा थियो । श्राप दिने व्यक्तिमा खुबी हुनुपर्दथ्यो । श्रापले उसलाई सजग बनाउन र पश्चातापमा गहन भूमिका खेल्दथ्यो । कुकर्म गर्ने जति सुकै ठूलो व्यक्ति भए पनि सजाय पाउँछ । यसका अनगिन्ती उदाहरण पुराणमा देखिन्छन् । हरेक पुस्तकमा राम्रा नराम्रा प्रसङ्गहरू उदाहरणार्थ राखिएका हुन्छन् । दुबैबाट हामीले शिक्षा लिन सक्नु पर्दछ ।

पुराण चिन्तन भाग १ नाम दिइएको यस पुस्तकबाट पुराण सम्बन्धित विषयको सामान्य ज्ञान प्राप्तगर्न सहज होला भन्ने आशा लिएको छु ।

यो पुस्तक आद्योपान्त अवलोकन गरी सुझाव तथा आशीर्वचन प्रदान गर्नुहुने श्रद्धेय गुरुवर प्रा.डा. श्रीमाधवशरण उपाध्यायज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । प्रतिक्षण मार्ग निर्देशन गर्नुहुने आदरणीय गुरु श्रीतोयराज नेपाल, प्रेरणाका स्रोत प्रा.डा. देवमणि भट्टराईज्यूमा कृतज्ञता ज्ञापन गर्दै विभिन्न विषयमा छलफल गर्ने अग्रज पं. बोधराज घिमिरे, समाजसेवी गोवर्द्धन निरौला एवं शुद्धाशुद्धि हेर्ने भाइ मुकुन्द, टाइपमा सहयोग गर्ने भाइ भोजराज बास्तोला तथा सुपुत्र सन्देश, हौसला प्रदान गर्ने छोरी सम्झना तथा प्रकाशिका मञ्जुश्री घिमिरे, आवरणसज्जामा योगदान गर्ने बहिनी सरस्वती एवं प्रत्यक्ष अप्रत्यक्ष मेरो उत्तरोत्तर प्रगति चाहने सबैमा मुरी मुरी धन्यवाद टक्र्याउन चाहन्छु ।

अन्त्यमा,

सर्वेऽपि सुखिनः सन्तु सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद्दुखमाप्नुयात् ॥

आनन्दरामायण राज्यका. १९/३५

। शुभम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयक्रम

क्र.सं.	विवरण	पृष्ठ सं.
१.	पुराणहरूको संक्षिप्त परिचय	१
२.	पुराणका रचयिता को ?	१
३.	पुराण भनेको के हो ?	३
४.	पुराणको लक्षण	४
५.	महापुराणहरूको नाम	५
६.	दश लक्षण	७
७.	भगवान् विष्णुको अवयव स्वरूप पुराण	१०
८.	पुराणहरूको वर्गीकरण	११
	क) ब्रह्मपुराण	१२
	ख) पद्मपुराण	१३
	ग) विष्णुपुराण	१४
	घ) (अ) शिवपुराण	१६
	(आ) वायुपुराण	१९
	ङ) (अ) श्रीमद्भागवत	२०
	(आ) देवीभागवत	२४
	च) नारदीयपुराण	२७
	छ) मार्कण्डेयपुराण	२८
	ज) अग्निपुराण	२९
	झ) भविष्यपुराण	३०
	ञ) ब्रह्मवैवर्तपुराण	३२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ट) लिङ्गपुराण ३५
ठ) वाराहपुराण ३६
ड) स्कन्दपुराण ३७
ढ) वामनपुराण ४२
ण) कूर्मपुराण ४३
त) मत्स्यपुराण ४४
थ) गरुडपुराण ४५
द) ब्रह्माण्डपुराण ४७
९. उप-पुराणहरूको नाम ५०
१०. औपपुराणहरूको नाम ५०
११. शुकदेवको उत्पत्ति र विवाह प्रसङ्ग ५१
१२. विष्णु र शिव मूलतः एकै हुन् - पुराणका प्रामाणिक वाक्यहरू ५५
१३. माहाभारत युद्द सकिएको कति दिन सम्म भीष्म जीवित रहे ? ६२
१४. परशुरामले समस्त भूमण्डल जिती यो भूमि कसलाई दिए ? ६२
१५. दक्षयज्ञका विषयमा दृष्टि लाउँदा ६२
१६. देवकर्म भन्दा पितृकर्म विशेष ६३
१७. श्रीरामको अवतार कहिले ? ६३
१८. समुद्र मन्थन पश्चात् देवासुर संग्राम कतिदिन चल्यो ? ६३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१९. हरेक पुराणका मूल श्रोता शौनक
कसका पुत्र थिए ? ६३
२०. शिवको वाहन साँढे किन ? ६४
२१. कुन प्रसंगमा शिव चतुर्मुखी हुनुभयो ? ६४
२२. देवता ऋषि-मुनिहरूले सन्तान
उत्पन्न कसरी गर्थे ? ६५
२३. महाभारतयुद्धको कति वर्ष पछि
यदुवंशको विनाश भयो ? ६५
२४. कृष्ण-बलराम सहित समस्त यदुवंशीको
दाहसंस्कार कसले गर्‍यो ? ६६
२५. कृष्ण-बलराम सहित समस्त यदुवंशीको
दाहसंस्कार कसले गर्‍यो ? ६६
२६. श्रीकृष्णका १६ हजार १०० पत्नीहरू
अहिरहरूद्वारा किन अपहृत भए ? ६७
२७. धृतराष्ट्रलाई युद्धको प्रत्यक्ष प्रसारण गर्ने संजयलाई
त्यो दिव्यदृष्टि कहाँबाट प्राप्त भयो ? ६७
२८. धृतराष्ट्रका सयभाइ छोराहरूको नाम ६८
२९. शुकाचार्य नाम कसरी रह्‍यो ? ६९
३०. भीष्मपितामहले इच्छामृत्युको वरदान कोबाट
पाएका थिए ? उनको नाम भीष्म किन ? ७२
३१. नैमिषारण्य नाम कसरी रह्‍यो ? ७३
३२. देवर्षि नारदलाई संगीतको शिक्षा कसले दियो ? ७४
३३. लक्ष्मी कसकी छोरीका रूपमा अवतरित थिइन् ? ७५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३४. गणेश किन लम्बोदर र गजबक्त्र हुनु भयो ? ७६
३५. कुन देवताको तिथि कुन मानिन्छ ? प्रतिपदादि तिथिको चर्चा ७७
३६. कण्डु ऋषि र प्रम्लोचा अप्सरा कति वर्ष साथमा बसे ? ८५
३७. भाद्रशुक्ल चतुर्थीमा चन्द्रदर्शन किन गर्नु हुदैंन ? के कारणले चन्द्र समुद्रबाट प्रकट भए ? ८५
३८. परशुरामका पिता जमदग्नि ऋषि क्षत्रियका हातबाट किन मर्नु पर्‍यो ? ८७
३९. बृहस्पतिकी पत्नी ताराको हरण किन भयो ? ८८
४०. श्रीराम र हनुमानको जन्म एउटै पायसबाट कसरी ? ८८
४१. मेघनाद मार्नकालागि लक्ष्मणको कठोरव्रत ८९
४२. श्रीकृष्णद्वारा पुत्रप्राप्तिका लागि कसको आराधना गरियो ? ९०
४३. बाल्यकालमा विछोड भएपछि राधा र श्रीकृष्णको भेट कहिले ? ९०
४४. रुक्मिणी, जाम्बवती आदि कृष्णपत्नीका साथमा राधाको भेट कहिले भयो ? ९१
४५. श्रीकृष्णजन्म प्रसंगमा योगमायाको जन्म कहिले ? ९२
४६. रासलीला कति समयसम्म चल्यो ? ९२
४७. सुदामा कति रात द्वारका वसे ? ९३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४८. युधिष्ठिर, भीमसेन र अर्जुनको जन्म
कहिले -कहिले ? ९३
४९. पाँचपाण्डवको जन्म कति कति समयको
अन्तरमा भएको थियो ? ९४
५०. श्रीरामको वनगमन कुन दिन भएको थियो ? ९५
५१. लंका पुगेका हनुमान्लाई सीता भेट्न
कतिदिन लाग्यो ? ९५
५२. विभीषण कसका अंश थिए ? ९५
५३. श्रीराम रावण बधार्थ वानरी सेना सहित
किस्किन्धाबाट कहिले प्रस्थान गर्नुभयो ? ९५
५४. सेतुबन्धन कति समयमा ? ९६
५५. कामदेव किन भस्म भए ? ९६
५६. सूत जातिको उत्पत्ति र जीवनयापन कसरी ? ९७
५७. वेदव्यासलाई काशीमा किन प्रवेश
नगर्नु भनिएको हो ? ९७
५८. भगवान् भोलेनाथ नाचेको प्रसङ्ग ९८
५९. सीता कसरी रावणकी छोरी भइन् ? ९९
६०. सहस्रवदन रावणको मृत्यु कसका
हातबाट र किन ? १००
६१. नारदले विष्णुलाई किन श्राप दिए ? १०३
६२. ब्रह्मपुत्री सन्ध्या अर्को जन्ममा को भइन् ? १०६
६३. सतीदेवीद्वारा श्रीरामको परीक्षा किन ?
सतीदेवीको मृत्यु किन भयो ? १०६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६४.	दक्षयज्ञका क्रममा भएको युद्धमा भगवान् विष्णु र वीरभद्रको युद्ध	१०८
६५.	भौमासुरको उत्पत्ति र ग्रहपद कसरी ?	११०
६६.	तारकासुरले किन शिवपुत्रबाट मर्ने वरदान माग्यो ?	१११
६७.	जालन्धरको उत्पत्ति र नामाकरण कसरी ?	११२
६८.	श्रीकृष्णको वस्त्रावतार किन ?	११४
६९.	चन्द्रमाका सत्ताइस पत्नीको हुन् ?	११५
७०.	अभिमन्यु पूर्वजन्ममा को थिए ?	११६
७१.	धृतराष्ट्रका सयभाइ पुत्रले कसका हातबाट वीरगति प्राप्त गरे ?	११७
७२.	महाभारतको युद्ध, को कतिदिनसम्म लडे ?	११७
७३.	भीष्मको प्राण त्याग कहिले ?	११८
७४.	महाभारतयुद्धमा खटिएका मध्ये कति अवशेष रहे?	११९
७५.	अर्जुन र कर्णको वैमनस्यताको रहस्य के ?	११९
७६.	ब्रह्माद्वारा आयोजित यज्ञ कुन ठाउँमा र गायत्रीको नामाकरण कसरी ?	१२१
७७.	मुख्य पितृ कति मानिन्छन् ?	१२३
७८.	श्राद्धमा प्रार्थना पूर्वक उच्चारण गरिने सप्तव्याधा दशार्णेषु....को रहस्य के ?	१२३
७९.	देवकर्म र पितृकर्ममा अर्पण गरिएको अन्न जल कसरी देवता र पितृले पाउँछन् ?	१२८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८०. उद्धव कसका पुत्र थिए ? १३०
८१. एकलव्य को थिए ? १३०
८२. कालकूट विषको निर्माण कसरी ? १३१
८३. बलिले यज्ञ कहा गरेका थिए ? १३२
८४. अदितिले कति वर्षसम्म वामनलाई धारण गरिन् ? १३२
८५. वामन कसलाई लिएर बलिका यज्ञमा पुगे ? १३२
८६. विन्ध्याचल पर्वतको अभिमान कसले शमन गर्‍यो ? १३२
८७. मृगीबाट जन्मिएका ऋषि को हुन् ? १३३
८८. अष्टावक्र नाम कसरी ? १३४
८९. अर्जुन एकवर्षसम्म किन नपुंसक भए ? १३५
९०. शुनःशेपका पिता अजीगर्तको मुक्ति कसरी भयो ? १३५
सन्दर्भ ग्रन्थसूची १३८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. पुराणको संक्षिप्त परिचय

हाम्रो संस्कृतिको मूल आधार ग्रन्थ भनेको वेद हो । वेदको यथार्थ ज्ञानका लागि पुराणको आवश्यकता पर्दछ ।

इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत् ॥ *महाभा. आ. प. १।२६७*

अनादि परम्परादेखि प्रचलित सामाजिक मर्यादाको संरक्षण वेदले गर्दछ । वेदमा रहेको क्लिष्टतालाई पुराणले सरलीकरण गरी जन-जनमा पुऱ्याउँदछ । वेदमा रहेको यथार्थ ज्ञानका लागि पुराणको अध्ययन, श्रवण र मनन आवश्यक छ । वेदको प्रचार-प्रसार गर्न पनि वेदव्यासले पुराणको रचना गर्नुभएको हो भन्दा अत्युक्ति नहोला ?

आर्य संस्कृतिको इतिहासमा पुराणको विशिष्ट स्थान छ । इतिहास-पुराणलाई पञ्चम वेदको संज्ञा दिइन्छ ।

इतिहासपुराणं पञ्चमो वेदानां वेदम् ॥ *छान्दोग्योपनिषद् ७।१२*

पुराणको विशिष्ट ज्ञान वास्तवमा वेदको यथार्थ व्याख्या हो । सूत्ररूप वेदलाई पुराणले विस्तारमा वर्णन् गर्दछ ।

आख्यान, उपाख्यान, गाथा, कल्पशुद्धि आदि द्वारा पुराणको रचना गरिएको हो ।

आख्यानैश्चाप्युपाख्यानैर्गाथाभिः कल्पशुद्धिभिः ।
पुराण संहितां चक्रे पुराणार्थविशारदः ॥ *विष्णुपुराण. ३।६।१५*

२. पुराणका रचयिता को ?

पुराणका रचयिता वेदव्यास हुन् । उनलाई साक्षात् नारायणको अवतार मानिन्छ । जस्तै :-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विस्ताराय च वेदानां स्वयं नारायणःप्रभुः ।
व्यासरूपेण कृतवान् पुराणानि महीतले ॥ ब्रह्मपु. १।१५

द्वापरान्तेषु विश्वात्मा विष्णुर्विश्वम्भरःप्रभुः।
व्यासनाम्ना चरत्यस्मिन्नवतीर्य महीतले ॥ शि.म.पु.वा.सं. १।३४

सत्यवती र पराशरका पुत्र रूपमा अवतीर्ण व्यास विभिन्न नामले प्रख्यात छन् । बयरका वनमा बसोवास हुनाले बादरायण, कालो रूप हुनाले कृष्ण, द्वीपमा रहने हुनाले द्वैपायन, वेदको विभाजन या विस्तार गरेका कारण वेदव्यास आदि नामले उनलाई चिनिन्छ । जे होस् उनमा अद्भुत क्षमता थियो र उनी नारायणका अंश हुन् भनी महाभारतदेखि पुराणले पनि स्वीकारेको पाइन्छ ।

व्यास एउटै हुन् त भन्ने प्रसङ्गमा ध्यान दिंदा व्यास भनेको वंश परम्परा हो । विष्णुपुराण भन्दछ - प्रत्येक द्वापरयुगमा विष्णुले व्यासका रूपमा अवतीर्ण भई मानवहरूको बल, वीर्य, तेजको अल्पता बुझी समस्त प्राणीको हितार्थ वेदविभाजन र अष्टादशपुराणको निर्माण गर्दछन् । हालसम्म २८ व्यास भएका छन् । पहिलो द्वापरमा ब्रह्मानै व्यास थिए । यसैगरी प्रजापति, शुक्राचार्य, बृहस्पति, सूर्य, मृत्यु, इन्द्र, वसिष्ठ, सारस्वत, त्रिधामा, विलिख, भरद्वाज, अन्तरिक्ष, वर्णी, त्रयारुण, धनञ्जय, कृतञ्जय, जय, भरद्वाज, गौतम, हर्यात्मा, वाजश्रवा, सोमशुष्कवंशी तृणविन्दु, भृगुवंशी ऋक्ष (वाल्मीकि) शक्ति, पराशर, जातुकर्ण, र सत्यवतीपुत्र कृष्णद्वैपायन । यी नामहरूमा केही भिन्नता अन्य पुराणहरूमा पाइए पनि संख्यामा भने एकमत छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी थिए विष्णु पुराणमा उल्लेखित २८ व्यास । यस उप्रान्त द्रोणाचार्यपुत्र अश्वत्थामा व्यास हुनेछन् । विष्णुपुराणको तृतीय अंश तेस्रो अध्याय ११ देखि २१ सम्म यो व्यास नामावलि उद्धृत छ ।

कृष्णद्वैपायनको वासस्थानका विषयमा श्रीमद्भागवत भन्दछ ।

ब्रह्मनदी अर्थात् सरस्वतीनदीको पश्चिमतटमा शम्याप्रास नामक आश्रम छ । जहाँ अत्यधिक बदरीफलहरू पाइन्छन् । यही आश्रममा वेदव्यास बस्तछन् ।

ब्रह्मनद्याः सरस्वत्या आश्रमः पश्चिमे तटे ।

शम्याप्रास इति प्रोक्त ऋषीणां सत्रवर्द्धनः ॥

तस्मिन् स्व आश्रमे व्यासो बदरीखण्डमण्डिते ।

आसीनोऽप उपस्पृश्य प्रणिदध्यौ मनः स्वयम् ॥

श्रीमद्भा.म.पु.१।७।२-३

यो थियो पुराणका रचयिताको संक्षिप्त परिचय ।

३. पुराण भनेको के हो ?

पुराण यो शब्द नपुंसक लिङ्ग हो । पुरा भवः पुराणम् यस विग्रहमा 'सायं चिरं प्राह्णे प्रगेऽव्ययेभ्यष्ट्युट्युलौ तुट् च' *(पा.सू.४।३।२३)* भन्ने पाणिनीय सूत्रले ट्यु प्रत्यय हुन्छ । टकारको इत्संज्ञा लोपगरी 'युवोरनाकौ' *(पा.सू.७।१।१)* भन्ने सूत्रले अनादेश, 'अट्कुप्वाङ्...' *(पा.सू.८।४।२३)* भन्ने सूत्रले णत्व, 'पूर्वकालैकसर्वजरत् पुराणं नव केवल समानाधिकरणेन' *(पा.सू.२।१।४)*, पुराणप्रोक्तेषु ब्राह्मणकल्पेषु *(पा.सू.४।३।१०५)* इत्यादि पाणिनि सूत्रमा पुराणशब्दको निर्देशले निपात र तुटाऽभावले पुराण शब्दको सिद्धि हुन्छ । अथवा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाणिनीय सूत्रमा नै पुराण शब्दको प्रयोग पाइन्छ । त्यसैले यो पुराण शब्दमा नूतनता पाइदैन । जे होस् पुराण शब्दको अर्थ पूर्वतन अर्थात् प्राचीन आख्यायिकादि युक्त ग्रन्थविशेष मानिन्छ । पुराणहरूले आफ्नो व्युत्पत्ति यसरी गर्दछन् ।

पुरातनस्य कल्पस्य पुराणानि विदुर्बुधाः ॥ *मत्स्यपु.५।३।७२*

वायुपुराणले पनि प्राचीनकालदेखि आजसम्म जीवित साहित्यलाई पुराण मान्दछ ।

यस्मात् पुरा ह्यनक्तीदं पुराणं तेन कथ्यते ।

निरुक्तमस्य यो वेद सर्वपापैः प्रमुच्यते ॥ *वायुपु.१।२०३*

पद्मपुराण अनुसार प्राचीन परम्परा व्यक्तगर्ने शास्त्र नै पुराण हो ।

पुरा परम्परां व्यक्ति पुराणं तेन वै स्मृतम् । *पद्मपु.१।२।५४.*

ब्रह्माण्डपुराणले भने पहिले यस्तो भएको थियो, अथवा पहिले यस्तो थियो भनी पुराणको व्युत्पत्ति गर्दछ ।

यस्मात् पुरा ह्यभूच्चैतत् पुराणं तेन तत् स्मृतम् ॥

ब्रह्माण्डपु.१।१।१७३

पुराण केलाई भन्छन् भन्ने विषयमा शुक्राचार्यको भनाई-

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।

वंशानुचरितं यस्मिन् पुराणं तद्धि कीर्तितम् ॥ *शुक्रनीति४।९२-३*

४. पुराणको लक्षण

पुराणको लक्षणका बारेमा तल उद्धृत श्लोकको प्रसिद्धि छ । प्रायः सबै पुराणमा यो श्लोक पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।

वंश्यानुचरितं चेति पुराणं पञ्चलक्षणम् ॥

विष्णुपु. ३।६।२४ मत्स्यपु. ५३।६४

अर्थात् सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर, वंशानुचरित यी पञ्चलक्षणले युक्त पुराण हुन्छ । सर्ग-जगत्को सृष्टि, प्रतिसर्ग-दृश्यमान समस्त प्रपञ्चको प्रलय, वंश-विश्वका उपादानभूत तत्त्व, देवर्षि मनुष्यादिको उत्पत्ति परम्परा, मन्वन्तर-सृष्ट्यादि र कालव्यवस्थापन, वंशानुचरित - तत् तत् वंशमा भएका मनुष्य, राजर्षि, महर्षिको विवरण ।

५. महापुराणहरूको नाम

ब्रह्मपुराण, पद्मपुराण, विष्णुपुराण, शिवपुराण, भागवतपुराण, नारदीयपुराण, मार्कण्डेयपुराण, अग्निपुराण, भविष्यपुराण, ब्रह्मवैवर्तपुराण, लिङ्गपुराण, वाराहपुराण, स्कन्दपुराण, वामनपुराण, कूर्मपुराण, मत्स्यपुराण, गरुडपुराण र ब्रह्माण्डपुराण । पुराण नामको प्रसङ्गमा विष्णु पुराणमा यस्तो चर्चा गरिएको पाइन्छ ।

ब्राह्मं पाद्मं वैष्णवञ्च शैवं भागवतं तथा ।

तथान्यन्नारदीयं च मार्कण्डेयं च सप्तमम् ॥

आग्नेयमष्टमं चैव भविष्यं नवमं तथा ।

दशमं ब्रह्मवैवर्तं लैङ्गमेकादशं स्मृतम् ॥

वाराहं द्वादशं चैव स्कान्दं चात्र त्रयोदशम् ।

चतुर्दशं वामनकं कौर्मं पञ्चदशं तथा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मात्स्यं च गारुडं चैव ब्रह्माण्डञ्च ततः परम् ।

महापुराणान्येतानि ह्यष्टादश महामुने ॥ *विष्णुपु. ३।६।२१-२४*

त्यस्तै, नारदीयपुराणमा -

ब्राह्मं पाद्मं वैष्णवं च वायवीयं तथैव च ।

भागवतं नारदीयं मार्कण्डेयञ्च कीर्तितम् ॥

आग्नेयं च भविष्यं च ब्रह्मवैवर्तलिङ्गके ।

वाराहं च तथा स्कान्दं वामनं कूर्मसंज्ञकम् ॥

मात्स्यं च गारुडं तद्वत् ब्रह्माण्डाख्यमिति त्रिषट् ॥

नारदीयपु. ९२।१-३

त्यस्तै, श्रीमद्भागवतमा -

ब्राह्मं पाद्मं वैष्णवं च शैवं लिङ्गं सगारुडम् ।

नारदीयं भागवतमाग्नेयं स्कन्दसंज्ञितम् ॥

भविष्यं ब्रह्मवैवर्तं मार्कण्डेयं सवामनम् ।

वाराहं मात्स्यकौर्मं च ब्रह्माण्डाख्यमिति त्रिषट् ॥

श्रीमद्भा. म. पु. १२।६।२३-२४

देवीभागवतमा -

म-द्वयं भ-द्वयं चैव ब्र-त्रयं व-चतुष्टयम् ।

अ-ना-प लिं-ग-कू-स्कानि पुराणानि प्रचक्षते ॥ *देवीभागवत१।२।३*

अर्थात् म अक्षरबाट दुईवटा- मत्स्य, मार्कण्डेय । भ अक्षरबाट दुईवटा- भागवत, भविष्य । ब्र अक्षरबाट तीनवटा- ब्रह्म, ब्रह्मवैवर्त, ब्रह्माण्ड । व अक्षरबाट चारवटा- वायु, वामन, वाराह, विष्णु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अ अक्षरबाट एउटा- अग्नि । ना अक्षरबाट एउटा- नारदीय । प अक्षरबाट एउटा- पद्म । लिं अक्षरबाट एउटा- लिङ्ग । ग अक्षरबाट एउटा- गरुड । कू अक्षरबाट एउटा- कूर्म । स्क अक्षरबाट एउटा- स्कन्द । यसरी अठार पुराणको नाम देवीभागवतमा पाइन्छ ।

विष्णुपुराण, शिवपुराण, देवीभागवत, श्रीमद्भागवत, नारदीयपुराण, मार्कण्डेयपुराण, ब्रह्मवैवर्तपुराण, लिङ्गपुराण, वाराहपुराण, कूर्मपुराण, मत्स्यपुराण, पद्मपुराणमा पुराणहरूको नाम र श्लोक संख्याको वर्णन गरिएको पाइन्छ ।

प्रायः सबै पुराणमा पुराणहरूको नाम उल्लेख छ । महापुराणको संख्या सबैले अष्टादश नै स्वीकारेका छन्, तर नाममा भने केही भिन्नता देखिन्छ । कुनैले वायुपुराण र कुनैले शिवपुराण, कुनैले देवीभागवत र कुनैले श्रीमद्भागवतलाई महापुराण मान्दछन् । जे होस् वेदको अर्थ जुन पुराणका माध्यमले वर्णन गरे पनि लोकहितार्थ नै हो । धर्म, अर्थ, काम र मोक्षको प्राप्ति नै हो, यसमा सन्देह छैन ।

६. दश लक्षण

श्रीमद्भागवतमहापुराणले भने आफूमा दश लक्षण भएको पुष्टि गर्दछ ।

अत्र सर्गो विसर्गश्च स्थानं पोषणमूतयः ।

मन्वन्तरेशानुकथा निरोधो मुक्तिराश्रयः ॥ *श्रीमद्भा.म.पु. २।१०।१*

अर्थात् १. सर्ग, २. विसर्ग, ३. स्थान, ४. पोषण, ५. ऊति, ६. मन्वन्तर, ७. ईशानुकथा, ८. निरोध, ९. मुक्ति र १०. आश्रय । यी दश लक्षणले युक्त श्रीमद्भागवत छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मायाको गुण ग्रहण गरेका परमेश्वरबाट पञ्चमहाभूत, पञ्चतन्मात्रा, अहङ्कार, महत्तत्वको उत्पत्ति हुनुलाई "सर्ग" भनिन्छ । विराट् पुरुषबाट उत्पन्न ब्रह्माद्वारा जुन सृष्टि गरिन्छ त्यसलाई विसर्ग भनिन्छ । उत्पन्न भएका पदार्थलाई मर्यादामा राख्नु स्थिति हो । भक्तहरूको पालन अर्थात् भक्तमा प्रभुको जुन कृपा हुन्छ त्यो नै पोषण हो । अनुगृहीत भक्त अर्थात् चतुर्दश मनुले सद्धर्म पूर्वक गरिने प्रजा पालन मन्वन्तर हो । कर्मद्वारा बन्धनमा पार्ने जीवहरूको वासनालाई ऊति भन्दछन् । भगवान्का भिन्न-भिन्न अवतारहरूको चरित्र तथा उहाँका प्रेमी भक्तहरूको कथाको नाम इशानुकथा हो । भगवान्ले योगनिद्रा स्वीकार गरी प्रलयकालमा शयन गरेको समयमा जीवहरू आफ्नो-आफ्नो उपाधि सहित ईश्वरमा लीन हुने प्रक्रिया निरोध हो । माया जनित कर्तृत्व, भोक्तृत्व आदि अनात्मभावलाई त्याग गरी आफ्नो वास्तविक स्वरूप परमात्माको साक्षात्कार गर्नु मुक्ति हो । जसद्वारा यो चराचर जगत्को उत्पत्ति, पालन र नाश हुन्छ त्यो परब्रह्म नै सबैको आश्रय हो । स्वयं ब्रह्म नै सबैका आश्रय हुन् ।

भूतमात्रेन्द्रियधियां जन्मसर्ग उदाहृतः ।
ब्रह्मणो गुणवैषम्याद् विसर्गः पौरुषस्मृतः॥
स्थितिर्वैकुण्ठविजयः पोषणं तदनुग्रहः ।
मन्वन्तराणि सद्धर्म ऊतयः कर्मवासनाः ॥
अवतारानुचरितं हरेश्चास्यानुवर्तिनाम् ।
सतामीशकथाः प्रोक्ताः नानाख्यानोपबृंहिताः ॥
निरोधोऽस्यानुशयनमात्मनः सह शक्तिभिः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुक्तिर्हित्वान्यथारूपं स्वरूपेण व्यवस्थितिः ॥

आभासश्च निरोधश्च यतश्चाध्यवसीयते ।

स आश्रयः परं ब्रह्म परमात्मेति शब्दते ॥

श्रीमद्भा.म.पु. २।१०।३-७

जे होस् पाँच लक्षण भित्रै दश लक्षणको सङ्गति मिलाएको देखिन्छ ।

अथर्ववेद, शतपथब्राह्मण, बृहदारण्यक, छान्दोग्य, तैत्तरीयारण्यक, महाभाष्य, आश्वलायनगृह्यसूत्र, आपस्तम्बधर्मसूत्र, मनुसंहिता, रामायण, महाभारत इत्यादि सनातन आर्यजातिका ग्रन्थमा पुराणको व्यापक चर्चा गरिएको पाइन्छ ।

ऋचः सामानि छंदा(गु) सि पुराणयजुषा सह ।

उच्छिष्टाज्जज्ञिरे सर्वे दिवि देवा दिवि श्रिताः॥

अथर्ववेद ११।७।२४

अर्थात् यज्ञको उच्छिष्टद्वारा ईश्वरबाट ऋक्, यजु, साम र अथर्व यी चार वेद र पुराण प्रकट भए ।

एवं वा अरेऽस्य महतो भूतस्य निश्वसितमेतद्यदृग्वेदो यजुर्वेदः सामवेदोथर्वाङ्गिरस इतिहासः पुराणं विद्या उपनिषदः, इत्यादि ॥

शतपथ १४।६।१००। बृहदा. २।४।११

अर्थात् भिजेको काष्ठबाट उत्पन्न अग्निमा जसरी पृथक् पृथक् धुवाँ निस्कन्छ, सोही प्रकार यो महाभूतको निश्वासबाट चार वेद, इतिहास, पुराण, विद्या, उपनिषदादि प्रकट भए । वेद अन्तर्गत देवासुर संग्रामको युद्ध वर्णनलाई इतिहास र संसारको प्रथम अबस्था आरम्भगरी सृष्टि प्रक्रियाको वर्णनको नाम पुराण हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सृष्टिको क्रममा सर्वप्रथम पुराणको उत्पत्ति भएको तत्पश्चात् वेदको उत्पत्ति भएको हो भन्ने पाइन्छ ।

पुराणं सर्वशास्त्राणां प्रथमं ब्रह्मणा स्मृतम् ।
अनन्तरं च वक्त्रेभ्यो वेदास्तस्य विनिर्गताः ॥ *मत्स्यपु.५३/३*

७. भगवान् विष्णुको अवयव स्वरूप पुराण

अष्टादशपुराणलाई भगवान् विष्णुको शरीर भनी कल्पना गरिएको छ । ब्रह्मपुराण भगवान् विष्णुको मस्तक, पद्मपुराण हृदय, विष्णुपुराण दक्षिण बाहु, शिवपुराण वामबाहु, भागवत वक्षस्थल, नारदीयपुराण नाभि, मार्कण्डेयपुराण दाहिने पाउ, अग्निपुराण देब्रे पाउ, भविष्यपुराण दाहिने घुँडा, ब्रह्मवैवर्त देब्रे घुँडा, लिङ्गपुराण दाहिने गोलिगाँठो, वाराहपुराण देब्रे गोलिगाँठो, स्कन्दपुराण रौं, वामनपुराण छाला, कूर्मपुराण पिठ्यूँ, मत्स्यपुराण बोसो, गरुडपुराण हड्डी भित्रको रस (मासी) र ब्रह्माण्डपुराण हड्डी । यसरी अष्टादशपुराण स्वरूप भगवान् नारायणलाई मानिन्छ । त्यसैले नारायणलाई पुराण पुरुषोत्तम भनिन्छ ।

ब्राह्मं मूर्ध्ना हरेरेव हृदयं पद्मसंज्ञितम् ।
वैष्णवं दक्षिणो बाहुः शैवं वामो महेशितुः॥
उरु भागवतं प्रोक्तं नाभिः स्यान्नारदीयकम् ।
मार्कण्डेयञ्च दक्षाङ्घ्रिर्वामो ह्याग्नेयमुच्यते ॥
भविष्यं दक्षिणो जानुर्विष्णोरेव महात्मनः ।
ब्रह्मवैवर्तसंज्ञन्तु वामो जानुरुदाहृतः ॥
लैङ्गन्तु गुल्फकं दक्षं वाराहं वामगुल्फकम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्कान्दं पुराणं लोमानि त्वगस्य वामनं स्मृतम् ॥

कौर्मं पृष्ठं समाख्यातं मात्स्यं मेदः प्रकीर्त्यते ।

मज्जा तु गारुडं प्रोक्तं ब्रह्माण्डमस्थिगीयते ॥

एवमेवाभवद्विष्णुः पुराणावयवो हरिः ॥ *पद्मपु. स्व. ख. ६२।२-७*

८. पुराणहरूको वर्गीकरण

पद्मपुराण अनुसार पुराणलाई सात्विक, राजसिक र तामसिक गरी तीन भागमा बाढिएको छ ।

(क) सात्विक पुराणमा - विष्णुपुराण, नारदीयपुराण, श्रीमद्भागवत, गरुडपुराण, पद्मपुराण, वाराहपुराण यी छ ओटा पर्दछन् ।

वैष्णवं नारदीयं च तथा भागवतं शुभम् ।

गारुडं च तथा पाद्मं वाराहं शुभदर्शने ॥

सात्विकानि पुराणानि विज्ञेयानि शुभानि वै ॥

पद्मपु. उ. ख. २३६।१९

(ख) राजसिक पुराणमा - ब्रह्माण्डपुराण, ब्रह्मवैवर्त, मार्कण्डेय, भविष्य, वामन र ब्रह्मपुराण यी छ ओटा पर्दछन् ।

ब्रह्माण्डं ब्रह्मवैवर्तं मार्कण्डेयं तथैव च ।

भविष्यं वामनं ब्राह्मं राजसानि निबोध मे ॥ *पद्मपु. उ. ख. २३६।२०*

(ग) तामस पुराणमा - मत्स्यपुराण, कूर्मपुराण, लिङ्गपुराण, शिवपुराण, स्कन्दपुराण र अग्निपुराण यी छ ओटा पर्दछन् ।

मात्स्यं कौर्मं. तथा लैङ्गं शैवं स्कान्दं तथैव च ।

आग्नेयं च षडेतानि तामसानि निबोध मे ॥ *पद्मपु. उ. ख. २३६।१७*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्कन्दपुराण केदारखण्ड अनुसार दश ओटा पुराणमा शिवको महिमा गाइएको छ। चार ओटामा ब्रह्माको स्तुति गरिएको छ। दुइ ओटा पुराणमा देवीको महिमा गाइएको छ। दुइ ओटा पुराणमा भगवान् विष्णुको विशेष गुणगान पाइन्छ।

अष्टादशपुराणेषु दशभिर्गीयते शिवः।

चतुर्भिर्भगवान् ब्रह्मा द्वाभ्यां देवी तथा हरिः॥

स्कन्दपु. के. ख. २।३०।३८

पुराणहरूको अन्तर्विभाजन भाग - खण्ड - अंश - स्कन्द - पाद- पर्व - संहिता - अध्यायमा विभक्त छ। भागांश खण्डमा पनि अनेकौं अध्याय छन्। सबै पुराणमा अध्याय छन् तर केहीमा भाग - खण्ड - अंश छन् भने केही स्वतन्त्र छन्। समान्यतया अठार पुराणमा वर्णित विषयको जानकारी सबैमा होस् भनी संक्षिप्त रूपमा प्रस्तुत गर्ने जमर्को गरेको छु।

क) ब्रह्मपुराण

ब्रह्मपुराण दुई भागमा विभक्त छ। पूर्वभाग र उत्तरभाग। दुबै भागमा गरी २४५ अध्याय छन्। नारदीयपुराण अनुसार १०,००० र मत्स्यपुराण अनुसार १३,००० श्लोक छन्।

विष्णु पुराण अनुसार यो पुराण पहिलो पुराण हो।

आद्यं सर्वपुराणानां पुराणं ब्राह्ममुच्यते।

अष्टादश पुराणानि पुराणज्ञाः प्रचक्षते॥ *वि. पु. ३।६।२०*

यो पुराणमा विष्णुका अवतारको विशेष चर्चा गरिएको छ। यसै क्रममा जगन्नाथपुरीको र जगन्नाथ भगवान्को माहात्म्य विस्तृत रूपमा वर्णन गरिएको छ। गौतमी-गङ्गमाहात्म्य प्रसङ्गमा विविध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीर्थहरूको वर्णन, भगवान् श्रीकृष्णको चरित्र, सूर्यपूजाको महत्त्व, सूर्यमहिमा, पार्वती स्वयम्वर, शिवपार्वती विवाह, षड्ऋतुको वर्णन, सांख्ययोगको समीक्षा, त्यस क्रममा ज्ञान सहित भक्तिको वर्णन, राजर्षि जनकद्वारा सांख्ययोगबारे वसिष्ठसँग जिज्ञासा, सृष्टिको वर्णन, चन्दवंश-सूर्यवंशको संक्षिप्त वर्णन, पार्वतीको आख्यान, मार्कण्डेय चरित्र, गङ्गा-गौतमी आदि नदीहरूको महिमा, चक्रतीर्थ-पुत्रतीर्थ-यमतीर्थ आदिको माहात्म्य, भारतवर्षको श्रेष्ठता प्रतिपादन, दण्डकारण्य क्षेत्रकोमहिमा, गाई, गङ्गा, पुराण, ब्राह्मण, पिप्पलवृक्षमा नारायण दृष्टि गर्नुपर्ने चर्चा, अन्त्यमा पुराण श्रवणको र दानको महिमा । सामान्यतया यिनै विषयको विशद व्याख्या यस पुराणमा गरिएको पाइन्छ ।

ख) पद्मपुराण

पद्मपुराणमा पाँच खण्ड छन् । सृष्टिखण्ड, भूमिखण्ड, स्वर्गखण्ड, पातालखण्ड, उत्तरखण्ड । सृष्टिखण्डमा ८२ अध्याय छन् । भूमिखण्डमा १२५ अध्याय छन् । स्वर्गखण्डमा ३९ अध्याय छन् । पातालखण्डमा ११३ अध्याय छन् । उत्तरखण्डमा २८२ अध्याय छन् । जम्मागरी ६४१ अध्याय र ५५,००० श्लोक छन् ।

प्रायःजसो पुराणले यसलाई द्वितीय पुराण मान्दछन् । पद्मपुराण आफैं भने आफूलाई चौथो मान्दछ । पाँच खण्डमा रहेको यसको प्रथम सृष्टिखण्डमा - कमलबाट ब्रह्माको उत्पत्ति र विश्वको उत्पत्ति, पुष्करक्षेत्रको महिमा, ब्रह्माले गरेको यज्ञको वर्णन, गायत्रीदेवीको प्रसङ्ग, अनेकौ व्रतहरूको विधान आदि विषयको विस्तृत वर्णन गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो भूमिखण्डमा - प्रह्लादको जन्मान्तर कथा, सोमशर्माको विस्तृत कथा, पृथुको चरित्र, कंसजन्म प्रसङ्ग, ययाति आख्यान, हरिनामको चर्चा, नहुषको चरित्र आदि अनेकौ. कथा तथा सप्तद्वीप, सप्तसागर, वन-पर्वत-नद-नदीहरूको विवरण पाइन्छ।

तेस्रो स्वर्गखण्डमा-शकुन्तलोपाख्यान, वैकुण्ठको वर्णन, परलोकको साधन, प्रलयादि लक्षण, शिवलिङ्गार्चन विधि, ध्रुव-सगर-मरुत्-हरिश्चन्द्र-मान्धाता आदिको कथा, वैष्णवतिलकको विधान र विविध नियमहरूको निरुपण आदि विषयको विशद वर्णन छ।

चौथो पातालखण्डमा - श्रीरामको चरित्र र श्रीकृष्णका लीलाको विशद विवेचना छ । उत्तर खण्डमा - जालन्धरोपाख्यान, तुलसीमाहात्म्य, एकादशीहरूको महिमा, अनेकौं व्रत तीर्थहरूको महिमा, कार्तिकमाहात्म्य, अपवर्गसाधन, मोक्ष परिचय, वेत्रावती, संगमेश्वरादि तीर्थको महिमा प्रकाशन, गृहस्थधर्म निरुपण, नवधासर्ग वर्णन, सात्विक-राजस-तामसपुराणहरूको पाठ श्रवणविधि प्रतिपादन गरिएको छ । पद्मपुराणमा अत्यन्त उपयोगी विषयहरूको समावेश पाइन्छ। जस्तै -

तीर्थमहिमा, श्राद्धविधिवर्णन, व्रत-दान-स्नान-दानमहत्त्व-सत्यभाषण-लोभत्याग-वृक्षारोपण-सरोवरखनन-देवालयनिर्माण-देवतापूजन-अमला-धात्रीमाहात्म्य-गङ्गा-गणेश-सूर्योपासना-ध्यान-प्राणायाम-पुराणमहत्त्व आदि विषयमा विस्तृत चर्चा गरिएको पाइन्छ।

ग) विष्णुपुराण

विष्णुपुराण दुई भागमा बाढिएको छ । पूर्वभाग र उत्तरभाग । अहिले पूर्वभाग मात्र उपलब्ध छ। जसमा छ अंश रहेका छन्। प्रथम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अंशमा २२ अध्याय, द्वितीय अंशमा १६ अध्याय, तृतीय अंशमा १८ अध्याय, चतुर्थ अंशमा २४, पञ्चम अंशमा ३८ अध्याय, छैठौं अंशमा ८ अध्याय छन्। जम्मा गरी १२६ अध्याय रहेका छन्।

विष्णुपुराणलाई वराहकल्पमा पराशर मुनिले रचना गर्नु भएको मानिन्छ।

वाराहकल्प वृत्तान्तमधिकृत्य पराशरः।

यत् प्राह धर्मानखिलांस्तदुक्तं वैष्णवं विदुः॥

त्रयोविंशतिसाहस्रं तत्प्रमाणं विदुर्बुधाः॥ *मत्स्यपु. ४३।१६।१७*

विष्णुपुराणमा २३,००० श्लोक हुनु पर्ने हो तर अहिले ६,००० मात्र उपलब्ध छ। यसको उत्तरभाग नै विष्णुधर्मोत्तर पुराण हो भन्ने भनाइ छ। विष्णुधर्मोत्तरलाई यसको उत्तरभाग मान्दा २३,००० श्लोक संख्या पुग्दछ।

छ अंशमा रहेको विष्णुपुराणको प्रथम अंशमा - सविस्तार सृष्टिको वर्णन, ध्रुवोपाख्यान, पृथुचरित्र, प्रह्लाद चरित्र आदिको वर्णन पाइन्छ।

द्वितीय अंशमा - प्रियव्रतको वंशवर्णन, भरतको चरित्र, भूगोलको साङ्गोपाङ्ग विवेचना, जडभरतोपाख्यान, ऋतुनिदाघ सम्वाद आदिको वर्णन गरिएको छ।

तृतीय अंशमा - मन्वन्तर कथन, वेदव्यासको महत्त्व, चार वर्ण, चार आश्रमको धर्म, श्राद्धादि कर्मको निरुपण, नग्नलक्षण, भीष्मवशिष्ठ संवाद आदिको चर्चा पाइन्छ।

चतुर्थ अंशमा - ब्रह्मोत्पत्ति, दक्षजन्म, पुरुरवा जन्म, बलरामको विवाह, सौभरि उपाख्यान, सगरोपाख्यान, राम चरित्र, ताराहरण,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्द्रवंशी राजाहरूको कथाका क्रममा ययाति-यदु-तुर्वसु-अयु-अनु-पुरु आदि वंशको उल्लेख रहेको छ।

पञ्चम अंशमा - भगवान् श्रीकृष्णको जन्म, पूतना, शकटासुर, तृणावर्त, वत्सासुर, बकासुर, धेनुकासुर, कालियदमन, चीरहरण, गोवर्धनपर्वतधारण, अक्रूरको वृन्दावनगमन, श्रीकृष्णबलरामको मथुरागमन, कंसादि दुष्ट हनन गर्दै समस्त श्रीकृष्णलीलाको वर्णन र श्रीकृष्णको स्वधामगमन, कलियुगको आगमन आदिको विस्तार पूर्वक वर्णन गरिएको छ।

छैठौं अंशमा- कलिस्वरुप, कलिधर्मवर्णन, प्रायश्चित्तको विधान, केशिध्वजोपाख्यान, भगवन्नाम महिमा र विष्णुपुराणको महत्त्व प्रतिपादन गरिएको छ।

घ) शिव पुराण वा वायुपुराण

(अ) शिवपुराण

शिवपुराण सात संहितामा विभक्त छ। विद्येश्वरसंहिता, रुद्रसंहिता, शतरुद्रसंहिता, कोटिरुद्रसंहिता, उमासंहिता, कैलाशसंहिता, वायवीयसंहिता। यस अन्तर्गत रुद्रसंहितामा भने पाँचखण्ड रहेका छन्। सृष्टिखण्ड, सतीखण्ड, पार्वतीखण्ड, कुमारखण्ड, युद्धखण्ड। सातौं वायवीय संहितामा पनि दुई भाग रहेका छन्। पूर्वभाग र उत्तरभाग। विद्येश्वरसंहितामा २५ अध्याय, रुद्रसंहितामा १९७ (२०, ४३, ५५, २०, ५९ = १९७) शतरुद्रसंहितामा ४२ अध्याय, कोटिरुद्रसंहितामा ४३ अध्याय, उमासंहितामा, ५७ अध्याय, कैलाशसंहितामा २३ अध्याय, वायवीयसंहितामा ७६ (३५, ४१=७६) टोटल ४६४ अध्याय र २४,००० श्लोक छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्येश्वरसंहितामा - शौनकादि प्रश्न, ब्रह्मा नारद संवाद, ज्योतिर्लिङ्गोत्पत्ति कथन, शिवलिङ्गपूजन विधि, शिवरात्री महत्त्व, भस्मरुद्राक्ष आदि धारणको फल, पार्थिवेश्वर पूजनको महिमा, रुद्राक्षमाहात्म्य आदिको वर्णन गरिएको छ ।

रुद्रसंहितामा - सृष्टिखण्डभित्र निर्गुण शिवको शक्ति सम्बन्धद्वारा प्रपञ्च निर्माणको वर्णन, शिवदर्शनार्थ बसेका ब्रह्माविष्णुलाई ॐ कार ध्वनिको श्रवण, ब्रह्माण्डोत्पत्ति, पञ्चवक्त्र शिवको सगुणमूर्तिको प्रादुर्भाव, पुष्पविशेष द्वारा लिङ्गपूजाको फल, अनेक प्रकारको सृष्टिवर्णन ।

रुद्रसंहिता अन्तर्गत सतीखण्डमा - दक्षपुत्रीका रूपमा भगवती सतीदेवीको पावन चरित्र , कामदेव र रतिको विवाह, सती र शिवको विवाहोत्सव, सती र शिव संवादको प्रसङ्गमा श्रीरामको सतीदेवीबाट परीक्षा, दक्षयज्ञको प्रारम्भ, दक्षयज्ञमा सतीद्वारा देहत्याग, पातिव्रतधर्मको अद्भुत उदाहरण आदि प्रसङ्ग यसमा वर्णित छन् ।

रुद्रसंहिता अन्तर्गत पार्वतीखण्डमा - पर्वतराज हिमालय र मेनाकी पुत्रीका रूपमा पार्वतीको जन्म, पार्वतीको बाल्यलीला, पार्वतीद्वारा शिवको आराधना, शिवको तपभङ्गगर्दा कामदेवको भस्म, पार्वतीको कठोरतप, शिवद्वारा पार्वतीको परीक्षार्थ जटिलब्रह्मचारीको वेषधारण, शिवपार्वतीसंवाद, शिवपार्वती विवाह वर्णन क्रममा मेनामोह वर्णन, विवाह पश्चात् पतिव्रता धर्मको उपदेश, शिवपार्वतीको कैलाश आगमन आँदि अत्यन्त रोचक प्रसङ्गहरू वर्णित छन् ।

रुद्रसंहिता अन्तर्गत कुमारखण्डमा - कार्तिकेयको जन्म, तारकासुरकासाथ युद्ध, युद्धमा विजयी कुमारलाई अनेकौं वरदान,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गणेशोत्पत्ति गणेशकासाथ शिवगणको युद्ध, गजाननको प्रसङ्ग, गजाननलाई प्रथमपूजादि अनेकौं वरदानको प्राप्ति, विवाह प्रसङ्गमा गणेश र कार्तिकेयद्वारा पृथ्वीको परिक्रमा, गणेशको बुद्धिचातुर्य वर्णन, गणेशको विवाह आदि प्रसङ्ग यसमा वर्णित छन् ।

रुद्रसंहिता अन्तर्गत युद्धखण्डमा - त्रिपुरासुर, अन्धकासुर, शंखचूड, जालन्धर आदि अनन्त दानव, दैत्य र राक्षसहरूको नासगरी सज्जनको रक्षा गरेको प्रसङ्ग वर्णित छ । यसरी रुद्रसंहिता समाप्त हुन्छ ।

शतरुद्रसंहितामा - शिवका अष्टमूर्तिको वर्णन, शिलादको तपस्या, नन्दी नामक पुत्रको प्राप्ति, अर्जुनलाई पाशुपतास्त्र दिने प्रसङ्गमा किराँतेश्वर शिव र अर्जुनको युद्ध वर्णन, आदि प्रसङ्गको सुन्दर चर्चा छ ।

कोटिरुद्रसंहितामा - द्वादश ज्योतिर्लिङ्ग उत्पत्तिको सविस्तार वर्णन, अन्य शिवभक्तहरूको रक्षार्थ विभिन्न शिवांशहरूको प्राकट्य कथा, अत्रि-अनसूयातपोवर्णन आदि प्रसङ्ग छन् ।

उमासंहितामा - पुत्र प्राप्तिकालागि श्रीकृष्णको तपश्चर्या, नरक र पातालको वर्णन, स्वायम्भुवादि मनुहरूको वंशवर्णन, देवीचरित्रको प्रसङ्गमा सुरथराजा र समाधि नामक वैश्यको चरित्र चित्रण आदि प्रसङ्ग वर्णित छन् ।

कैलाशसंहितामा - ओंकारको स्वरूप, मन्त्रदीक्षाग्रहण, विरजाहोमादिको विस्तृत वर्णन, प्रत्यभिज्ञादर्शनको सिद्धान्त आदिको विस्तृत वर्णन गरिएको छ ।

सातौं वायवीयसंहितामा - श्रीकृष्णलाई उपमन्युद्वारा शिवको र शिवनामको महत्त्व वर्णन गर्दै शैवतन्त्रसम्बद्ध उपासना पद्धतिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपदेश, पार्वतीको काली नाम हुनुको कारण, पार्वतीको ब्रह्मोपासना, गौरी नामको प्राप्ति, शैवागमसिद्धान्तको निरुपण, प्रतियुगमा शिवावतार वर्णन, शैवावरणपूजाको क्रम, पञ्चाक्षरमन्त्रजपको विधि, शैवागमोक्त पूजाविधि, पशुपतिशब्दको तात्पर्य, अर्थ आदि अनेकौं मननीय प्रसङ्ग वर्णित छन् ।

(आ) वायुपुराण

वायुपुराणमा चार पाद छन् । प्रक्रियापाद, उपोद्घातपाद, अनुषङ्गपाद, उपसंहारपाद । पहिलोमा १-६, दोस्रोमा ७-६४, तृतीयमा ६५-९९, चतुर्थमा १००-११२ अध्याय छन् । यसमा २४,००० श्लोक छन् ।

यस पुराणका प्रारम्भमा अनुक्रमणिका वर्णन, ऋषिहरूद्वारा पुराण विषयक प्रश्न, पुराणकथानुक्रम, द्वादशवार्षिकसत्रनिरुपण, संख्या सहितको पुराणगणना, व्यासको संशय, प्रजापतिको सृष्टि प्रक्रियामा ब्रह्माण्डको उत्पत्ति-प्रलय आदिको विवेचना, वाराहको उत्पत्ति, पृथ्वीको उद्धार, आश्रमको विभाजन, मन्वन्तर प्रसङ्ग, योगनिरुपण शौचाचारको व्याख्या, कल्प चर्चा, शिवस्तवन, सतीशरीरत्याग, दक्षप्रजापतिकृत शिवस्तुति, सरित्-समुद्र-लोक-द्वीप-वन-पर्वत-नद-नदी आदिको समीक्षात्मक वर्णन, वेदशाखा वर्णन, कश्यपवंश र अन्य ऋषिवंशको विवरण, संगीत शास्त्रमा स्वर-राग-मूर्च्छना-ताल अलङ्कार आदिको परिचय, प्राचीन र भविष्यका राजवंशहरूको प्रामाणिक इतिहास, चन्द्रवंशीहरूको वर्णन, काशीमाहात्म्य, मन्वन्तर तथा प्रलयको वर्णन, गोलोक विहारी श्रीकृष्णको महत्त्वगान, श्राद्धादि कर्मको माहात्म्य, चार प्रकारका मुक्तिको प्रतिपादन, ईश्वरस्वरूप,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिवगान, विष्णुगान, ब्रह्मगानगरी त्रिदेवको महत्त्वलाई दर्शाउँदै साम्प्रदायिक भूमिकाबाट यो पुराण तटस्थ छ।

विचारणीय कुरा के भने शिवपुराण र वायुपुराण दुवै अत्यन्त श्रेष्ठ पुराण हुन्।

यी दुवै आ-आफ्नो स्थानमा कुनै कमजोर छैनन्। कल्पभेदले र भक्तहरूको आस्था अनुसार दुवै महापुराण मानिन्छन्।

ङ) श्रीमद्भागवत वा देवी भागवत

(अ) श्रीमद्भागवत

श्रीमद्भागवतमा १२ स्कन्ध छन् । प्रथमस्कन्धमा १९, द्वितीयस्कन्धमा १०, तृतीयस्कन्धमा ३३, चतुर्थस्कन्धमा ३१, पञ्चमस्कन्धमा २६, षष्ठस्कन्धमा १९, सप्तमस्कन्धमा १५, अष्टमस्कन्धमा २४, नवमस्कन्धमा २४, दशमस्कन्धमा ९०, एकादशस्कन्धमा ३१, द्वादशस्कन्धमा १३ अध्याय छन्। जम्मा ३३५ अध्याय रहेका छन् भने १८,००० श्लोक छन्।

द्वादश स्कन्धका रूपमा विख्यात यस पुराणलाई साक्षात् श्रीकृष्णको वाङ्मयमूर्ति मानिन्छ । श्रीकृष्णको पैतालादेखि घुँडासम्मको भागलाई प्रथमस्कन्ध मानिन्छ । कम्मरसम्म द्वितीयस्कन्ध, नाभिसम्म तृतीयस्कन्ध, पेटसम्म चतुर्थस्कन्ध, हृदय पञ्चमस्कन्ध, बाहु सहित कण्ठ षष्ठस्कन्ध, मुख सप्तमस्कन्ध, आँखा अष्टमस्कन्ध, गालादेखि आँखीभूईसम्म नवमस्कन्ध, ब्रह्मरन्ध्र दशमस्कंन्ध, मन एकादशस्कन्ध र आत्मा द्वादशस्कन्ध मानिन्छ।

पादादिजानुपर्यन्तं प्रथमःस्कन्ध ईरितः।

तदूर्ध्वं कटिपर्यन्तं द्वितीयः स्कन्ध उच्यते॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तृतीयो नाभिरिरत्युक्तश्चतुर्थ उदरं मतम् ।
पञ्चमो हृदयं प्रोक्तं षष्ठः कण्ठं सबाहुकम् ।
सर्वलक्षणसंयुक्तं सप्तमो मुखमुच्यते ।
अष्टमश्चक्षुषी विष्णोः कपोलौ भृकुटीपरः ॥
दशमो ब्रह्मरन्ध्रं च मन एकादशः स्मृतः।
आत्मा तु द्वादशस्कन्धः श्रीकृष्णस्य प्रकीर्तितः ॥

कौशिकसंहिता ४।५७-६०

प्रथमस्कन्धमा - सूतशौनकसंवाद, व्यासनारदप्रश्नोत्तर, पाण्डवचरित्र, परीक्षितजन्म, दिग्विजय, कलिनिग्रहण, परीक्षितको शिकारयात्राका क्रममा समिकपुत्र श्रृङ्गिद्वारा राजा परीक्षितलाई श्राप, शुकदेवमुनिसँग परीक्षितको भेट र कथाप्रारम्भ आदि प्रसङ्ग समेटिएका छन् ।

द्वितीयस्कन्धमा - विराट् स्वरूपको वर्णन, सद्योमुक्ति र क्रममुक्तिको वर्णन, ब्रह्मनारद संवाद, ब्रह्माद्वारा अवतारस्तुति, ब्रह्माको तप, नारायणद्वारा ब्रह्मालाई चतुश्लोकी भागवतको उपदेश, पुराणको लक्षण आदि विषय वर्णित छन् ।

तृतीयस्कन्धमा - विदुरोद्धवसंवाद, विदुरमैत्रेयवार्तालाप, पुराण सम्बन्धि प्रश्नोत्तर, प्रलयमा भगवान्को स्थिति, प्राकृतवैकृतसर्गको निरुपण, ब्रह्माण्डको उत्पत्ति, कालको गति वर्णन, विष्णुको नाभिबाट ब्रह्माको उत्पत्ति, वराह अवतारद्वारा पृथिवीको उद्धार, हिरण्याक्षको बध, मनुशतरुपाको उत्पत्ति, कर्दमदेवहूतिको विवाह, कपिलावतार, कपिलद्वारा माता देवहूतिलाई सांख्ययोग आदि दिव्यज्ञानोपदेश यसमा वर्णित छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चतुर्थस्कन्धमा - अत्रि अनसूया चरित्र, सती चरित्र, दक्षयज्ञविध्वंश, ध्रुव, वेन, पृथु, प्राचीनबर्हि, पुरञ्जनोपाख्यान, दशप्रचेताको वर्णन आदि कथा यसमा वर्णित छन् ।

पञ्चमस्कन्धमा - प्रियव्रतोपाख्यान, नाभि, ऋषभदेव, भरत, जडभरतकथा, जडभरत, रहूगणसंवाद, भवाटवीवर्णन, भूगोल-खगोल-नरक आदिको वर्णन गरिएको छ ।

षष्ठस्कन्धमा - अजामिलोपाख्यान, दक्षसृष्टि, दक्षसन्तति वर्णन, वृत्रासुरबध चित्रकेतुको उपाख्यान, मरुतोत्पत्ति, पुंसवनव्रतको वर्णन आदि प्रसङ्ग यसमा वर्णित छन् ।

सप्तमस्कन्धमा - नारदयुधिष्ठिरसंवादप्रसङ्ग, प्रह्लादचरित्र, हिरण्यकशिपु संहार, प्रह्लादकृत नृसिंहस्तुति, त्रिपुरबधप्रसङ्ग, वर्णाश्रम-धर्मनिरुपण, नारदपूर्वजन्मको वर्णन आदि कथा पाइन्छन् ।

अष्टमस्कन्धमा - चौध मन्वन्तरको वर्णन, गजेन्द्रमोक्षको कथा, समुन्द्रमन्थन, मोहिनी अवतार प्रसङ्ग, अदितिको पयोव्रत अनुष्ठान, वलिवामन चरित्र, मत्स्यावतारको कथा आदि वर्णित छन् ।

नवमस्कन्धमा - सोमसूर्यवंशवर्णन, सुद्युम्नचरित्र, सुकन्याचरित्र, अम्बरीषोपाख्यान, इक्ष्वाकुवंशवर्णन, ककुत्थ-खट्वाङ्ग-मान्धाता-सौभरि-त्रिशङ्कु-हरिश्चन्द्र-सगर-भगीरथ-राम-निमि-पर्शुराम-नहुष-ययाति, दुष्यन्त, रन्तिदेव आदिको कथा र यदुवंशको वर्णन प्रचुर मात्रामा गरिएको छ ।

दशमस्कन्धमा - वसुदेव-देवकी विवाह ,श्रीकृष्णजन्म र उनका चरित्र प्रसङ्गमा पूतना-शकटासुर-तृणावर्त-वत्सासुर-बकासुर-अघासुर आदिको बध, ब्रह्मामोह भंग, ब्रह्माद्वारा श्रीकृष्ण स्तुति,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धेनुकासरुबध, कालियदमन, दावानलपान, शरद्वर्णन, वेणुगीत, वस्त्रहरणलीला, गोवर्द्धन धारण, रासलीलाको दिव्यचरित्र, गोपीगीत, रासलीला, महारास, युगलगीत, अरिष्टासुर-केशी-व्योमासुरबध, अक्रूरको वृन्दावनगमन, श्रीकृष्णवलरामको मथुरागमन, रजकबध, सुदामामाली र कुब्जामा कृपा धनुर्भङ्गादिप्रसङ्ग, मल्ल-कंसादि बध, उपनयन, उद्धवको वृन्दावनगमन, भ्रमरगीत र अक्रूरको हस्तिनापुर निरीक्षण आदि पूर्वार्धमा वर्णित छन्।

उत्तरार्धमा - जरासन्धयुद्धवर्णन, कालयवनबध, द्वारकानिर्माण, रुक्मिणीहरण, श्यमन्तकोपाख्यान, वाणसुरयुद्ध, नृगोपाख्यान, भौमासुरबध शिशुपालबध, नारदद्वारा गृहस्थाश्रम अवलोकन, सुदामा चरित्र, वेदस्तुति, महिषीगीत आदि अनेकौं चरित्रहरू वर्णित छन्।

एकादशस्कन्धमा - यदुकुलशाप, निमि-नवयोगेश्वरसंवाद, भागवत धर्मनिरुपण, श्रीकृष्ण-उद्धव संवादमा दत्तात्रयका चौबीस गुरुहरूको व्याख्या, आध्यात्मिक विद्याको वर्णन, सांख्ययोग ध्यानयोग-ज्ञानयोग-कर्मयोग-भक्तियोग आदिको वर्णन गर्दै भागवद्धर्मको चर्चागरी श्रीकृष्ण-उद्धव संवादको समापन, यदुकुलसंहार, श्रीकृष्णको स्वधामगमन आदि प्रसङ्ग यसमा पाइन्छन्।

द्वादशस्कन्ध - कलियुगीय राजाहरूको वंशवर्णन, युगधर्मवर्णन, कल्क्यावतार, प्रलयवर्णन, परीक्षित्मोक्ष वर्णन, वेदशाखाविभाजन, मार्कण्डेयमुनिचरित्र, सूर्यव्यूह-पुराणसंख्या वर्णन आदि यसमा वर्णित छन्। यसरी श्रीकृष्णका चरित्रले ओत-प्रोत रहेको भक्तिमय ग्रन्थ हो श्रीमद्भागवतमहापुराण।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(आ) देवीभागवत

देवीभागवतमा पनि द्वादशस्कन्ध छन् । द्वादशस्कन्धमा क्रमशः २०, १२, ३०, २५, ३४, ३१, ४०, २४, ५०, १३, २४, १४ अध्याय छन् । जम्मा गरी ३३२ अध्याय हुन्छन् । यसमा १८,००० श्लोक संख्या छ ।

प्रथमस्कन्धमा - शौनकादिद्वारा पुराण विषयक प्रश्न, पुराण-उपपुराणको वर्णन, हयग्रीवावतारको कथा, मधु-कैटभको उत्पत्ति, ब्रह्माद्वारा जगदम्बाको स्तुति, मधु-कैटभबध, शुकदेवको जन्म-विवाहादि कथा, बृहस्पति र ताराको प्रसङ्गमा चन्द्रद्वारा ताराहरण, देव-दानवयुद्ध, बुधको उत्पत्ति, शन्तनुको वर्णन, चित्राङ्गद र विचित्रवीर्यको कथा, धृतराष्ट्रको जन्म आदि प्रसङ्गको वर्णन गरिएको छ ।

द्वितीयस्कन्धमा - उपरिचर वृत्तान्त, वसिष्ठको गोहरण, भीष्मोत्पत्ति, भीष्मचरित्र, कर्णोत्पत्ति, पाण्डुचरित्र, परीक्षित्को जन्म, धृतराष्ट्र-विदुर आदिको मृत्यु, कृष्णपत्नीहरण, रुरुवृत्तान्त, परीक्षित्को मृत्यु, सर्पयज्ञ, कद्रू-विनीतोपाख्यान, वासुकी आदि नागद्वारा ब्रह्माको स्तुति, आस्तिकको उत्पत्ति आदि प्रसङ्ग यसमा वर्णित छन् ।

तृतीयस्कन्धमा - ब्रह्मा र नारदको संवाद, ब्रह्मा-विष्णु-महेशलाई भगवतीको दर्शन, ब्रह्मा-विष्णु-महेशको देवी स्तवन, निर्गुणत्व कथन, सत्यव्रत ऋषि-उतत्थ्य-ध्रुवसंधि-सुदर्शन-युधाजित-काशिपति आदिको कथा, भगवतीको काशीमा वास, सुदर्शनद्वारा अयोध्यामा देवीस्थापन, नवरात्रव्रत विधि, सुशील वणिकको उपाख्यान, श्रीराम-भरत-लक्ष्मण-शत्रुघ्नको उत्पत्ति, श्रीरामको वन गमनादि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसङ्ग, सीताहरण, श्रीरामद्वारा भगवतीको उपासना, रावणबध आदि अत्यन्त रोचक प्रसङ्गहरू वर्णित छन् ।

चतुर्थस्कन्धमा - कृष्ण अवतारादि विषयक प्रश्न, कश्यपद्वारा वरुणधेनु हरण, वरुण र ब्रह्माद्वारा कश्यपलाई श्राप, दितिको व्रत, इन्द्रद्वारा दितिगर्भच्छेदन, मरुत् उनन्चासको उत्पत्ति, नर-नारायणको तपस्या, उर्वशी आदि अप्सराको उत्पत्ति, प्रह्लाद प्रसङ्ग, नर-नारायणसँग प्रह्लादको युद्ध, शुक्राचार्यको तप, शुक्रजननीको बध, विष्णुलाई भृगुश्राप, शुक्राचार्यका साथ इन्द्रपुत्री जयन्तीको विवाह, प्रह्लादद्वारा भगवतीको वन्दना, श्रीकृष्णकथाको आरम्भ, जन्मदेखि कंसबध आदि चरित्रको व्याख्या गर्दै पुत्रप्राप्तिका लागि महेश्वरको आराधना आदि प्रसङ्ग यस स्कन्धमा वर्णित छन् ।

पञ्चमस्कन्धमा - रुद्रको प्राधान्यता वर्णन, देवीमहिमा, महिषासुर-रम्भ-करम्भको तपस्या, करम्भ-रम्भ-महिषासुरका साथ ब्रह्माविष्णु आदि देवताको पराजय, महिषासुरका विभिन्न सेनाहरूको बध, मन्दोदरी उपाख्यान, महिषासुरबध, शुम्भ-निशुम्भको तपस्या, देवीबाट चण्डमुण्ड-रक्तबीज-शुम्भ-निशुम्भको बध, ब्रह्मा-विष्णुको झगडा, ज्योतिर्लिङ्गको प्रादुर्भाव, सुरथ राजा र समाधि वैश्यको देवी आराधना, वरप्राप्ति आदि कथा यसमा वर्णित छन् ।

षष्ठस्कन्धमा - विश्वरुपको उत्पत्ति, विश्वरुपको मृत्यु, वृत्रासुरको कथा, नहुषको प्रसङ्ग, हरिश्चन्द्रको कथा, बशिष्ठ-निमि-और्व-लक्ष्मीको वडवारूप, तुर्वसु-कालकेतु-हैहय-विष्णुको अश्वयोनि - दमयन्ती प्रसङ्ग, नारदलाई माया दर्शन, तालध्वज राजाको कथा महामायाको महिमा आदि रोचक प्रसङ्ग यसमा छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सप्तमस्कन्धमा - दक्षप्रजापतिद्वारा प्रजासृष्टि, सूर्यवंशको वर्णन, शर्यातिराजाकी छोरी सुकन्यासँग च्यवनमुनिको विवाह, च्यवनको यज्ञ, इन्द्र च्यवन प्रसङ्ग, बलराम र रेवती विवाह, इक्ष्वाकुजन्म, विकुक्षि-ककुत्स्थ - यौवनाश्व - मान्धाता - सत्यव्रत - त्रिशङ्कु - हरिश्चन्द्र कथाको सविस्तार वर्णन, शताक्षी माहात्म्य, शाकम्भरी माहात्म्य, दुर्गादेवी माहात्म्य, भुवनेश्वरीको महिमा, सतीको जन्मकथा, दक्षशिवद्रोह, सतीको देह त्याग, देवगणद्वारा देवीस्तुति, देवीको विराट् रूप, जन्म-कर्म-ज्ञान-वेदान्तदर्शन-ह्रींकारबीजको स्वरूप, योगस्वरूप, योगासन, प्राणयाम, षट्चक्रादिको स्थान निर्णय, ब्रह्मतत्वनिरुपण, भक्ति, ज्ञान आदिको प्रसङ्ग सहित देवीपूजा निरुपण यस स्कन्धमा वर्णित विषय हुन् ।

अष्टमस्कन्धमा - नारद-नारायण संवाद, स्वायम्भुव मनुद्वारा देवीको स्तुति, वाराह उत्पत्ति, हिरण्याक्षको बध, स्वायम्भुवमनुको वंश वर्णन, जम्बु-प्लक्ष-शाल्मलि-कुश-क्रौञ्च-शाक-पुष्करादि अन्तर्गतका लोकालोक सहित भारतवर्ष आदिको चर्चा, ग्रहगति, ज्योतिश्चक्रादि वर्णन, अतलादि सप्तलोकको वर्णन, नरकादिको वर्णन, तिथि-वार-नक्षत्र-योग-करण-मासादिमा गरिने देवीको विशेष पूजाविधि र फलको वर्णन आदि विषय यस स्कन्धमा समाविष्ट छन् ।

नवमस्कन्धमा - प्रकृतितत्व निरुपण, पञ्चप्रकृति र तिनका श्रीमान्को उत्पत्ति, ब्रह्मविष्णुमहेश्वरादिको उत्पत्ति, सरस्वती-लक्ष्मी-गङ्गा-पृथ्वी-तुलसी आदिको चरित्र, शङ्खचूडका साथ तुलसीको विवाह प्रसङ्ग, शङ्खचूड र देवताको युद्ध, तुलसीको पतिव्रता धर्म भङ्ग, शङ्खचूडको बध, तुलसीपूजाविधि, सावित्री उपाख्यान, यम-सावित्री संवाद, नरक कुण्ड निरुपण, नाना कर्म विपाक फल वर्णन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्म्युपाख्यान, स्वाहोपाख्यान, स्वधोपाख्यान, दक्षिणोपाख्यान, षष्ठी-मङ्गलचण्डी-मनसादेवी-सुरभि आदिको कथा यसमा वर्णित विषय हुन् ।

दशमस्कन्धमा - स्वायम्भुवकृत देवी स्तुति, विन्ध्योपाख्यान, स्वारोचिषादि मनुहरूको उत्पत्ति, सुरथराजोपाख्यान, सावर्णिमनु-प्रसङ्गमा मधुकैटभवध, देवीचरित्रप्रसङ्गमा महिषासुरादिबध, दक्षसावर्णि-मनु कथामा भ्रामरीदेवीको चरित्र आदि कथा यस स्कन्धमा वर्णित छन् ।

एकादशस्कन्धमा - सदाचार निरुपण, शौच विधि वर्णन, रुद्राक्ष माहात्म्य, भूतशुद्धिवर्णन, भस्ममाहात्म्य, भस्मधारणमहिमा, त्रिपुण्ड्र-उर्ध्वपुण्ड्रधारणविधान, सन्ध्योपासनविधि, बृहद्रथ कथा, ब्रह्मयज्ञादि - निरुपण, गायत्रीपुरश्चरणविधान, बलिवैश्वदेवादि, विविध शान्तिविधि आदि प्रसङ्ग वर्णित छन् ।

द्वादशस्कन्धमा - गायत्रीको वर्णदिवतादि निरुपण, गायत्रीकवच, गायत्रीहृदय, गायत्रीस्तोत्र, गायत्रीसहस्रनाम, मन्त्रदीक्षा, पराशक्तिको प्रादुर्भाव, गौतमोपाख्यान, मणिद्वीपवर्णन, भुवनेश्वरी-माहात्म्य, देवीभागवतपुराणमाहात्म्य, पुराण श्रवणफल आदिको वर्णन यसमा गरिएको छ ।

च) नारदीयपुराण

नारदीयपुराणमा दुई भाग छन् - पूर्वभाग र उत्तरभाग । पूर्वभागमा चार पाद रहेका छन् भने १२५ अध्याय छन् । उत्तरभागमा ८२ अध्याय रहेका छन् । जम्मा २०७ अध्याय र २५,००० श्लोक छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्वभागमा - नारद सनत्कुमारसंवाद, गङ्गोत्पत्ति, विष्णुव्रत विधि, वर्णाश्रमाचार कथन, श्राद्ध-तिथि-प्रायश्चित्त-यममार्ग-भवाटवी-हरिभक्ति-युगधर्म-मोक्षधर्म आदिको वर्णन, वेद-वेदाङ्गको वर्णन, गणेश-विष्णु-राम-हनुमान-कार्तवीर्य-कृष्णको मन्त्र कवच आदि वर्णन, अष्टादश पुराणानुक्रमणिका, प्रतिपदादेखि पूर्णिमासम्मका तिथिको व्रत, पुराण महिमा आदि प्रसङ्ग वर्णित छन् ।

उत्तरभागमा - द्वादशी माहात्म्य, तिथि विचार, यमविलाप, मोहनी स्त्रीको उत्पत्ति, एकादशी महिमा प्रसङ्गमा रुक्माङ्गद राजा र उनका छोरा धर्माङ्गदको कथा, गङ्गा र काशीको महिमा, पुरुषोत्तममाहात्म्य, प्रयाग - कुरुक्षेत्र - हरिद्वार - बदरिकाश्रम - कामोद - कामाख्य - प्रभास - पुष्कर - गौतमाश्रम - त्र्यम्बकेश्वर - गोकर्ण - लक्ष्मण - सेतु - नर्मदा - अवन्ती - मथुरा - वृन्दावन आदि तीर्थको महिमा वर्णन, वसुको ब्रह्मा समीप गएको वृत्तान्त र मोहिनीको तीर्थ सेवन वृत्तान्त आदि प्रसङ्ग यसमा वर्णित छन् ।

छ) मार्कण्डेयपुराण

मार्कण्डेयपुराणमा १३३ अध्याय छन् । ९,००० श्लोक छन् तर अहिले ६९०० श्लोक मात्र उपलब्ध छन् ।

मार्कण्डेय जैमिनी संवाद, धर्मसंज्ञक पक्षिहरूको जन्मकथा, पक्षिहरूको पूर्वजन्म, इन्द्रद्वाराश्राप, बलरामतीर्थयात्रा वर्णन, द्रौपदीका पुत्रहरूको आख्यान, राजाहरिश्चन्द्रको कथा, आडिबकयुद्धवर्णन, कार्तवीर्योपाख्यान, सती मदालसाको अपूर्वचरित्र, मदालसाबाट अलर्कलाई अद्भुत ज्ञानोपदेश, अलर्कको कथा, द्वीप-वर्षादिको वर्णन, चतुर्दश मनुको अद्भुत कथा, अष्टम मन्वन्तरमा आद्यशक्तिको प्रथम-मध्यम-उत्तम चरित्र प्रसङ्गमा महाकाली - महालक्ष्मी -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महासरस्वतीको चरित्र वर्णन, सूर्यको उत्पत्ति र माहात्म्य, वैवस्वतवंशको वर्णन, राजर्षिवत्सप्रीतको कथा, खनित्रको कथा, अविक्षितको चरित्र, मरुत्-करन्धम-नाभाग-नरिष्यन्त-दम आदिको वर्णन ।

लोक प्रसिद्ध दुर्गासप्तशती यही पुराणको अंश हो । यसमा भगवती दुर्गाले मधु, कैटभ, महिसासुर, चण्ड, मुण्ड, रक्तबीज, शुम्भ, निशुम्भ, आदि असुरहरूको नाशगरी देवता र सज्जन सन्तहरूको रक्षा गर्नु भएको पावन प्रसङ्ग उद्धृत छ ।

ज) अग्निपुराण

अग्निपुराणमा ३८३ अध्याय छन् । नारदीयपुराण अनुसार १५००० श्लोक र मत्स्यपुराण अनुसार १३००० श्लोक छन् ।

यस पुराणका वक्ता अग्नि, श्रोता वसिष्ठ हुन् । यसमा विष्णुको वैशिष्ट्य, मत्स्य-कूर्म-वराह-नृसिंह-वामन-पर्शुराम-राम-कृष्ण आदि अवतारहरूको वर्णन, रामायण महाभारतको सामान्य चर्चा, अनेक प्रकारका मन्दिरहरूको निर्माण, गृहशिल्पकलाहरूको निरुपण, मूर्ति प्रतिष्ठा, पूजाविधान आदिको विस्तृत वर्णन, तिथि-वार-नक्षत्र-सामुद्रिक विज्ञान, स्त्रीपुरुषलक्षण, मृतसञ्जीवनीप्रयोग, सम्मोहन, उच्चाटन, मणिमाणिक्यादिको परीक्षा, औषधी प्रयोग, सर्वशास्त्र निरुपण चतुषष्टिकला आदिं विषयको सविस्तार वर्णन यसमा पाइन्छ । वेद-उपवेद-वेदाङ्ग, दार्शनिक विषयको दिग्दर्शन, पशुचिकित्सा, रत्नपरीक्षा, वास्तुविद्या, ज्योतिष-धर्मशास्त्र-राजनीति-आयुर्वेदादि शास्त्रहरूको वर्णन विशेष रूपमा गरिएको छ । काव्यको निरुपण, अलंकारशास्त्रको विवेचना, तान्त्रिक अनुष्ठानको व्याख्या , छन्दशास्त्र, व्याकरण, कौमारव्याकरण, एकाक्षरकोश, नामलिङ्गनुशासन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योगाभ्यास, यमनियमासनादि अष्टाङ्गको विवेचना, अद्वैतवेदान्तको सार, गीतासार, आदि अत्यन्त गहन विषयको चर्चा अग्निपुराणमा गरिएको छ। यसलाई सर्वविद्याकोश नै भने हुन्छ।

झ) भविष्यपुराण

भविष्यपुराणमा पाँच पर्व छन्। ब्राह्मपर्व , वैष्णवपर्व , शैवपर्व, सौरपर्व, प्रतिसर्गपर्व । यसमा जम्मा ६०५ अध्याय छन् । नारदीयपुराण अनुसार १४००० श्लोक छन् भने ब्राह्मपर्व, मध्यमपर्व, प्रतिसर्ग पर्व र उत्तरपर्व गरी चार पर्व पाइन्छन्। मध्यम पर्वमा तीन भाग छन् । प्रतिसर्ग पर्वमा पनि तीन खण्ड छन् । मत्स्यपुराण अनुसार १४५०० श्लोक छन् । यो पुराणको बारेमा केही मत-मतान्तर भने अवश्य पाइन्छ। जे होस्, यो पुराणमा के छ त ? भन्ने जिज्ञासा मात्र हो हाम्रो, त्यसै विषयमा हामी केन्द्रित हुनु राम्रो होला।

ब्राह्मपर्वमा - महर्षि सुमन्तु र शतानीकको संवाद, भविष्यपुराणको महिमा, सृष्टिवर्णन, वेदोत्पत्ति, चार वर्णको उत्पत्ति, धर्म तथा संस्कारको वर्णन, पतिव्रता महिमा, ब्रह्माजीको पूजाविधि, तिथिको महत्वका साथै तिनीहरूको व्रतविधानका क्रममा श्रीसूर्यनारायण व्रत र महिमा वर्णन, साम्बको सूर्योपासना, सूर्यप्रतिमा निर्माणविधि, श्राद्धादिको महिमा, पञ्चमहायज्ञको वर्णन, स्वप्नफल वर्णन, विभिन्न सप्तमीहरूको विस्तृत चर्चा, ब्राह्मपर्व श्रवणफल वर्णन।

मध्यमपर्व - यस पर्वमा तीन भाग पाइन्छन्।

प्रथमभाग - गृहस्थाश्रम र धर्मको महिमा, चतुर्दश लोकको वर्णन, भूगोल एवं ज्योतिश्चक्रको वर्णन, ब्राह्मणको महिमा, माता-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पिता गुरुको महिमा, पुराण श्रवणविधि, पुराण वाचकको महिमा, उद्यान, प्रासाद, वृक्षारोपण, देवप्रतिमा निर्माण ग्रहशान्ति, अग्निपूजन विधि, यज्ञपात्रको स्वरूप आदिको वर्णन यसमा गरिएको छ।

द्वितीयभागमा - यज्ञादि कर्ममा दक्षिणाको माहात्म्य, चतुर्विधमास व्यवस्था, मलमासादि वर्णन, कालविभाग, तिथि निर्णय, वर्षभरिका विशेष पर्वको वर्णन, गोत्र प्रवरको ज्ञान, वास्तुज्ञान, कुशकण्डिका विधान, अधिवासनकर्म, प्रतिष्ठा मुहूर्त, प्रतिष्ठा विधि आदिको वर्णन यसमा छ।

तृतीयभागमा - उद्यान-अश्वत्थ-जलाशय-वट-बिल्व-मण्डप-पुष्पवाटिका-तुलसी- एकाह-देवी आदिको प्रतिष्ठा विधि र दिव्य, भौम एवं अन्तरिक्षजन्य उत्पात एवं तिनको शान्ति विधिको वर्णन यसमा छ।

प्रतिसर्गपर्व - यस पर्वमा पनि तीन खण्ड छन्।

प्रथमखण्ड - सत्ययुगीय राजाहरूको वर्णन, त्रेतायुगीय राजा सूर्यवंश एवं चन्द्रवंशको वर्णन, द्वापरका चन्द्रवंशीय राजाहरूको वर्णन, म्लेच्छवंशीय राजाहरूको वर्णन, काश्यपका उपाध्याय दीक्षित आदि दस पुत्रको वर्णन, मगध-बौद्ध-चौहान-परमार-विक्रमादित्य आदि राजाहरूको वर्णन यसमा पाइन्छ।

द्वितीयखण्ड - स्वामी सेवकको भक्ति आदर्श, ब्राह्मणपुत्री महादेवीको कथा, विवाह व्यवस्था कर्मफल वर्णन, दानको महिमा, सत्यनारायण कथा, पितृशर्मा-व्याडि-पाणिनि-वररुचि-वोपदेव आदिको प्रसङ्ग, दुर्गासप्तशती अन्तर्गत आदि-मध्यम र उत्तर चरित्रको महिमा वर्णन, पतञ्जलिको चरित्र वर्णन आदि प्रसङ्ग यसमा भेटिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तृतीय खण्डमा - भरतखण्डको वर्णन, आर्यदेश र म्लेच्छदेशको मर्यादा वर्णन, कलियुगीय अनेकौं राजाहरूको कथा, राजा शालिवाहन तथा ईशामसीहको कथा, राजा भोज र महामदको कथा, देशराज र वत्सराज, पृथ्वीराज आदिको वर्णन यसमा गरिएको छ ।

उत्तरपर्वमा - ऋषिहरूसँग युधिष्ठिरको विभिन्न विषयमा जिज्ञासा, नारदलाई विष्णुमायाको दर्शन, कर्मफल वर्णन, शकटव्रत, तिलकव्रत, अशोकव्रत, कोकिलाव्रत, यमद्वितीयाव्रत, ललिता-तृतीयाव्रत, अवियोगतृतीयाव्रत, उमामहेश्वरव्रत, सौभाग्यशयनव्रत, अक्षयतृतीयाव्रत, श्रीपञ्चमीव्रत, कुमारषष्ठीव्रत, अचलासप्तमीव्रत, श्रीकृष्णजन्माष्टमीव्रत, अनन्तचतुर्दशीव्रत आदि अनेकौं व्रतहरूको बारेमा चर्चा गरिएको छ । यसैगरी महर्षि अगस्त्यको कथा, माघस्नान, ग्रहणस्नान, मरणासन्न प्राणीको कर्तव्य, दीपदान, वृषोत्सर्गको महिमा, फाल्गुन-पूर्णिमोत्सव, दमनकोत्सव, दोलोत्सव, रथयात्रोत्सव आदिको वर्णन यसमा पाइन्छ । यो पुराणलाई तिथि-पर्वको र भविष्य बारेमा गहिरो अनुसन्धान गर्ने पुराणका रूपमा मान्न सकिन्छ ।

न) ब्रह्मवैवर्तपुराण

ब्रह्मवैवर्तपुराणमा चार खण्ड छन्- ब्रह्मखण्ड, प्रकृतिखण्ड, गणपतिखण्ड, श्रीकृष्णजन्मखण्ड । अन्तिममा दुई भाग छन् - पूर्वभाग र उत्तरभाग । ब्रह्मखण्डमा ३० अध्याय, प्रकृतिखण्डमा ५७ अध्याय, गणपतिखण्डमा ४६ अध्याय, पूर्वभाग र उत्तरभागगरी १३३ अध्याय र जम्मा २६६ अध्याय छन् । श्लोक संख्या १८००० छन् । यस पुराणमा काशीरहस्य भनेर एउटा खण्ड उपलब्ध छ, जसमा २६ अध्याय छन् भने २७०० श्लोक पनि छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मखण्ड -

ब्रह्मखण्डे सर्वबीजं परं ब्रह्मनिरुपणम् ।

ध्यायन्ते योगिनः सन्तो वैष्णवा यत्परात्परम् ॥ *ब्र.वै.व.पु.ब्र.१।४५*

परब्रह्म निरुपण, सृष्टि निरुपण, श्रीकृष्णबाट नारायणादिको आविर्भाव, सावित्र्यादिको उत्पत्ति, ब्रह्माण्डको उत्पत्ति, राधाको उत्पत्ति, शिवोत्पत्ति, ब्रह्मसर्ग, नारदको गन्धर्वरूप, कर्मफल निरुपण, चिकित्साशास्त्रको वर्णन, देवर्षि नारदको विस्तृत कथा, आह्निक प्रकरण, भक्ष्याभक्ष्यको वर्णन, भगवत्स्वरूप कथन आदि विषयमा चर्चा गरिएको छ ।

प्रकृतिखण्ड - प्रकृति स्वरूपा देवीहरूको चरित्र, लक्ष्मी-सरस्वती-गङ्गाको परस्पर विवाद र श्रापा-श्रापको वर्णन, श्रीकृष्णका आदेशानुसार दुर्गा-लक्ष्मी-सावित्री-सरस्वती-राधा-तुलसी आदि देवीहरूको पावन चरित्र, जीवको कर्मविपाक, शालग्रामशिलावर्णन, विभिन्न देवीहरूको मन्त्र, स्तोत्र, कवच विद्या र प्रकृतिको लक्षण, पुण्यात्मा र पापीहरूको स्थान निर्देश, शुभाशुभ नरकादिको वर्णन, श्रीकृष्ण र राधा नामको महिमा, शिव-पार्वती सम्वाद, शिव र जीवको कथोपकथन, बुधजन्म प्रसङ्ग, सुरथराजाको देवीभक्ति, प्रकृतिपूजाको वर्णन, दुर्गास्तव र देवी कवच आदि विभिन्न प्रसङ्गहरू यसमा वर्णित छन् ।

गणपतिखण्ड - शिव-पार्वती सम्भोगलीलामा विघ्न, शिवद्वारा पार्वतीलाई पुण्यकव्रतको उपदेश, पार्वतीद्वारा व्रतानुष्ठान, श्रीकृष्णको प्रादुर्भाव, गणेशको प्रादुर्भाव, पार्वती-शनिश्चर संवाद, शनिदृष्टिले गणेशको शिर पतन, गजाननको प्रसङ्ग, गणेशको नामकरण-पूजा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कवच-स्तोत्रादि कथन, कार्तिकेयको जन्मप्रसङ्ग, श्रीसूर्यस्तव, सूर्यकवचादिको वर्णन, महालक्ष्मीको चरित्र, महालक्ष्मी कवच स्तोत्रादिको वर्णन, जमदग्नि र कार्तवीर्यको सम्वाद, कार्तवीर्य युद्धमा जमदग्निको प्राण त्याग, परशुरामको क्षत्रिय नाश गर्ने प्रतिज्ञा, भार्गवको युद्धयात्रा, शिवकवचको उल्लेख, सुचन्द्रको प्रसङ्ग, भार्गव गणेश सम्बाद, गणपतिको दन्तभङ्ग कथा, तुलसी र गणेशको श्रापा-श्रापको कथा आदि विभिन्न रोचक प्रसङ्गहरू यसमा वर्णित छन्।

श्रीकृष्णजन्मखण्ड - नारायण र नारदको संवाद प्रसङ्गमा श्रीकृष्ण-विरजा-राधाको प्रसङ्ग, श्रीदामा र राधाको श्रापा-श्राप, ब्रह्मादि देवताले गोलकवासी श्रीकृष्णको स्तवन, भूभारहरणार्थ श्रीकृष्णको श्रीकृष्णलीला, श्रीकृष्णजन्म, पूतना-शकटासुर-तृणावर्तको उद्धार, नामकरण, अन्नप्राशन, यमलार्जुन भञ्जन, राधा-कृष्ण विवाहलीला, बक-केशी-प्रलम्ब आदिको उद्धार, कालीय दमन, ब्रह्मामोह वर्णन, गोबर्द्धन धारण प्रसङ्ग, चीरहरण, रासलीलाको वर्णन, ब्रह्मा-मोहिनी प्रसङ्ग, गङ्गाको जन्म, नामाकरण आदि प्रसङ्ग, कामदेवको जन्म, पार्वतीको जन्म, शिव-पार्वती विवाह प्रसङ्ग, इन्द्र-सूर्य-बह्नि-दुर्वासा-धन्वन्तरी आदिको दर्पभङ्ग प्रसङ्ग, राधाकृष्ण वियोग, इन्द्र-अहिल्या प्रसङ्ग, श्रीकृष्णको मथुरा गमन, कंसादि दैत्यको उद्धार, श्रीकृष्णको व्रतबन्धादि संस्कार, आध्यात्मिक उपदेश, आश्रमको वर्णन, भक्ष्याभक्ष्य निरुपण, राधा उद्धव प्रसङ्ग, द्वारकाको निर्माण, बलराम र श्रीकृष्णको विवाहादि लीला, प्रद्युम्नको जन्म, स्यमन्तकोपाख्यान, उषोपाख्यान, अनेकौ दैत्यहरूको उद्धार, राधा कृष्णको पुनर्मिलन, यदुकुल संहार, नारदमोह वर्णन आदि अनन्त प्रसङ्गहरू यसमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समावेश छन् । यस खण्डको अध्ययनले श्रीकृष्णको बारेमा धेरै गहन कुरा बुझिन्छ ।

काशीरहस्य - काशी र गङ्गाको महत्व दर्शाइएको छ ।

ट) लिङ्गपुराण

लिङ्गपुराणमा दुई भाग छन्- पूर्वभाग र उत्तरभाग । पूर्वभागमा १०८ अध्याय छन् । उत्तरभागमा ५५ अध्याय छन् । जम्मा १६३ अध्याय रहेका छन् भने ११००० श्लोक छन् ।

सृष्टिवर्णन, शिवाराधनाविधि, अष्टाङ्ग साधनक्रमकथन, उपसर्गादिकथन, अष्टविध ऐश्वर्यलाभकथन, लिङ्गपूजादि कथन, विभिन्न कल्पमा विभिन्न शिवोपासना विधि, शिवको योगाचार्यावतार, लिङ्गार्चन विधि, मानसशिवपूजा विधि, सुदर्शनोपाख्यान, शैवमाहात्म्य वर्णन, दधीचिको शिवभक्ति, युगादि धर्म, नन्दीको प्रसङ्ग, जम्बुद्वीपादिको वर्णन, गङ्गोत्पत्ति, नरकादिवर्णन, ग्रहादिको वर्णन, ध्रुवचरित्र, दक्ष-वसिष्ठ-पराशर आदिको उत्पत्ति प्रसङ्ग, ययातिको कथा, श्रीकृष्णको कथा, त्रिपुरवृत्तान्त, विविध शिव लिङ्ग भेदको वर्णन, विविध शिवव्रतको वर्णन, पञ्चाक्षर विधि, अष्टसिद्धको वर्णन, प्रणव माहात्म्य, वाराणसी माहात्म्य, अन्धकासुर-हिरण्याक्ष-हिरण्यकशिपु-जालन्धर आदिको उद्धार, विष्णुलाई सुदर्शनचक्रको प्राप्ति, दक्षयज्ञविध्वंश, पार्वती तपस्या, मदन भस्म प्रसङ्ग, शिव-पार्वती विवाह, गणेशोत्पत्ति प्रसङ्ग, उपमन्युको प्रसङ्ग, श्रीकृष्णद्वारा शैवदीक्षा ग्रहण आदि प्रसङ्ग वर्णित छन् ।

उपरिभागमा मार्कण्डेय-अम्बरीष संवादमा कौशिक वृत्तान्त, विष्णु माहात्म्य, नारदलाई संगीतको प्राप्ति, अम्बरीष चरित्र, पशुपति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नामको निरुक्ति, अष्टमूर्ति कथन, शिवपूजाविधि, सौर स्नानादि विधि, दानादि प्रसङ्गमा तुलादान, हिरण्यगर्भ-तिल-पर्वतदान, सुवर्ण-मेदिनी-गणेश-होमधेनु-लक्ष्मी-कन्यादानादिको विधिको वर्णन, सूर्यादि देवतास्थापन विधि, वज्रवाहनिका विद्या, मृत्युञ्जय विधि आदिको वर्णन यसमा पाइन्छ । प्रचलित लिङ्गपुराणमा अवलोकन गर्दा यो पुराण ईशान कल्पमा लेखिएको भन्ने पाइन्छ ।

ईशानकल्पवृत्तान्तमधिकृत्य महात्मना ।
ब्रह्मणा कल्पितं पूर्वं पुराणं लैङ्गमुत्तमम् ॥ *लिङ्ग पु. २।१*

ठ) वाराहपुराण

वाराहपुराणमा पूर्वभाग र उत्तरभाग गरी दुईभाग छन् । दुबै भागमा गरी २१८ अध्याय छन् । यसमा २४,००० श्लोक छन् ।

पृथिवीकृत परमेश्वरस्तुति, सृष्टि वर्णन, अश्वशिराको उपाख्यान, रैभ्य उपाख्यान,गदाधर स्तोत्र, धर्मव्याधाको उपाख्यान, गौरमुखको उपाख्यान, पितृको महत्व, पितृगीता, अग्निको उत्पत्ति, तिथि माहात्म्य, अश्विनीकुमारको उत्पत्ति प्रसङ्ग, गौरी प्रादुर्भावको कथा, दक्षयज्ञको वर्णन, पार्वती जन्म प्रसङ्ग, शिव-पार्वती विवाह, गणेशजन्म प्रसङ्ग, नागोत्पत्ति, कार्तिकेयको उत्पत्ति प्रसङ्ग, अन्धकासुरबधको कथा, मातृगणको उत्पत्ति, कात्यायनीको उत्पत्ति, कुबेरोत्पत्ति, धर्मोत्पत्ति, रुद्रोत्पत्ति, अमावस्यामा पितृको महत्व, प्रतिपदादेखि पूर्णिमा र अमावस्यादि तिथिका माध्यमले विभिन्न कथाका प्रसङ्गहरूको वर्णन, विभिन्न मासका विभिन्न एकादशी र द्वादशीहरूमा गरिने व्रतको विधान,शुभव्रत-धन्यव्रत-कान्तिव्रत-सौभागयव्रत-शौर्यव्रत-सार्वभौमव्रत आदिं विभिन्न व्रतहरूको महिमा, प्रायश्चित्त विधान, गौतम-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाण्डिल्य-मारीच आदिको सम्वाद, जम्बूद्वीपादिको वर्णन, भगवती देवीको महिषासुरादि हनन प्रसङ्ग, कापालिकव्रत, चैत्रासुर कथा, पृथिवी सनत्कुमार संवाद, तिल-जल-धेनु-गुड-शर्करा-मधु-दधि-क्षीर-लवणदि विभिन्न दानको फल वर्णन, विष्णु आराधनाको फल, माया स्वरूप कथन, दीक्षाविधि, प्रायश्चित्त विधि, सौकरक्षेत्रको माहात्म्य, बदरीकाश्रम-मथुरा-रुरु-द्वारावती-मथुरा-चक्रतीर्थगोकर्ण-आदि विभिन्न धार्मिक क्षेत्रको माहात्म्य, श्राद्धको उत्पत्ति, यमसभा, शुभाशुभफल वर्णन पतिव्रतोपाख्यान, यमनारद सम्वाद, जलेश्वरमाहात्म्य, शृङ्गेश्वरमाहात्म्य, फलश्रुतिवर्णन आदि महत्वपूर्ण प्रसङ्गहरू वराहपुराणमा पाइन्छन् ।

ड) स्कन्दपुराण

स्कन्दपुराणमा सात खण्ड छन्; माहेश्वरखण्ड, वैष्णवखण्ड, ब्रह्मखण्ड, काशीखण्ड, अवन्तीखण्ड, नागरखण्ड र प्रभासखण्ड ।

माहेश्वरखण्डमा १७४, वैष्णवखण्डमा १५६, ब्रह्मखण्डमा ८७, काशीखण्डमा १००, अवन्तीखण्डमा ३८७, नागरखण्ड २७९, प्रभासखण्डमा ४२१ अध्याय छन् । जम्मा १६७१ अध्याय छन् । नारदपुराण अनुसार ८१,००० श्लोक छन् । मत्स्यपुराण अनुसार ८१,१०२ श्लोक छन् ।

माहेश्वरखण्ड - दक्षयज्ञकथा, शिवलिङ्गार्चन विधि, समुद्रमन्थन, शिव-पार्वती विवाह प्रसङ्ग, कुमारोत्पत्ति, पशुपति-चण्डिका-पञ्चतीर्थ-धर्मवर्म-इन्द्रद्युम्न-नाडीजंघ-महीप्रादुर्भाव-दमन-कुमार-तारकासुर-वर्करेश आदिको कथा, नानातीर्थ, पाण्डवको कथा, अरुणाचलमाहात्म्य, गौरीतपोवृत्तान्त, महिषासुर बधवृत्तान्त, शोणाचलमा शिववासस्थान आदि प्रसङ्ग यसमा वर्णित छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैष्णवखण्ड - भूमि-वाराह उपाख्यान, कमलाको कथा, सुवर्णमुखरीकथा, भरद्वाजकथा, पुरुषोत्तममाहात्म्य, मार्कण्डेय अम्बरीष संवाद, इन्द्रद्युम्न-विद्यापति-जैमिनी-नारद-नरसिंह आदिको कथा, ब्रह्मलोकगति-रथयात्राविधि-दक्षिणमूर्ति-गुण्डिचा-दोलोत्सव-मोक्षसाधन-दशावतार-पापनाशन-कपालमोचन आदि तीर्थको महिमा, कार्तिकमासीयदिनकृत्य, पञ्चभीष्मादि व्रताख्यान, तुलसीदलार्चन फल, नैवेद्यमाहात्म्य, जागरणपुण्य, मत्स्योत्सव, नाममाहात्म्य, मथुरामाहात्म्य, द्वादशवनमाहात्म्य, श्रीमद्भागवतमाहात्म्य, व्रजशाण्डिल्यमाहात्म्य, कामाख्यान, श्रुतदेवचरित्र, व्याधोपाख्यान, अक्षयतृतीयादिकथा, चन्द्रहरि र धर्महरिको वर्णन, स्वर्णवृष्टिकाको कथा, सीताकुण्डादिको कथा, गयाकूप माहात्म्य, मासादि तीर्थको वर्णन आदि विभिन्न विषयहरू यसमा समाविष्ट छन् ।

ब्रह्मखण्डमा पूर्वभाग र उत्तरभाग छन् ।

पूर्वभागमा सेतुमाहात्म्य, गालवको तपश्चर्या, राक्षसाख्यान, चक्र-वेताल-मङ्गल-ब्रह्मकुण्ड-हनुमत्कुण्ड-अगस्त्यतीर्थ-रामतीर्थ-लक्ष्मीतीर्थ-शंखादितीर्थ-धनुष्कोट्यादितीर्थ-क्षीरकुण्डादितीर्थ-गायत्र्यादि तीर्थको महिमा, रामनाथमहिमा, यात्राविधान, ऋषिवंशनिरुपण, अप्सरातीर्थ, इन्द्रेश्वरादि माहात्म्य, द्वारकादिनिरुपण, लोहासुरको आख्यान, श्रीरामचरित्र, स्मृतिधर्मनिरुपण, वैष्णवधर्म कथन, सर्वधर्मनिरुपण, दानप्रशंसा, व्रतमहिमा, शालग्रामनिरुपण, लिङ्ग पतन प्रसङ्ग, पार्वती जन्म प्रसङ्ग, दक्षयज्ञसमाप्ति, द्वादशाक्षर निरुपण, जन्मयोगको आख्यान आदि अद्भुत प्रसङ्ग यसमा वर्णित छन् ।

उत्तरभागमा शिवमहिमा, पञ्चाक्षरमहिमा, गोकर्णमहिमा, शिवरात्रीमहिमा, प्रदोषव्रतकीर्तन, समाचारव्रत, सीमन्तिनीकथा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भद्रायूत्पत्ति कथन, सदाचारनिरुपण, भद्रायुको विवाह वर्णन, भस्ममहिमा, शबरोपाख्यान, उमामहेश्वरव्रत, रुद्राक्षमाहात्म्य, रुद्राध्याय आदि प्रसङ्गहरू यसमा वर्णित छन् ।

काशीखण्ड - विन्ध्य र नारदको संवाद, सत्यलोक प्रभाव, अगस्त्य वासस्थानमा देवताको आगमन, पतिव्रता चरित्र, शिवशर्माको कथा, अग्निको-वरुणको उत्पत्ति, गन्धवती, अलकापुरी र ईश्वरको समुत्पत्ति, चन्द्र-बुध-भौम-बृहस्पति-सूर्य-सप्तर्षि-ध्रुव आदि लोकहरूको वर्णन, तपोलोक र सत्यलोकको वर्णन, मणिकर्णिकाको उत्पत्ति, गङ्गाको प्रभाव र सहस्रनाम, वाराणसीको प्रशंसा, भैरवाविर्भाव, दण्डपाणि र ज्ञानवापीको उद्भव, कलावतीको आख्यान, सदाचारनिरुपण, स्त्रीलक्षण, कृत्याकृत्यनिर्देश, अविमुक्तेश्वरवर्णन, दिवोदासकथा, काशीवर्णन, लोलार्क र शाल्वार्कको कथा, द्रुपदार्क-तार्क्ष्याख्य-अरुणार्कको उदय, दशाश्वमेध-पिशाचमोचन आदिको महिमा, मायागणपतिको प्रादुर्भाव, पञ्चनदोत्पत्ति, वैष्णव तीर्थाख्यान, दुर्गासुरको पराक्रम, दुर्गाको विजय कथा, व्याघ्रेश्वरोत्पत्ति, ओंकार माहात्म्य, केदारोपाख्यान, वीरेश्वर आदिको कथा यसमा वर्णित छन् ।

अवन्तीखण्ड - महाकालाख्यान, ब्रह्मशीर्षच्छेदन, देवदीक्षा, शिवस्तोत्र, कपालमोचनाख्यान, कलकलेश-अप्सरा-मर्कटेश्वर-स्वर्गद्वार-चतुःसिन्धु-दशाश्वमेध-बाल्मीकेश्वर-लड्डुकेश-सोमेश-केदारेश्वर-रामेश-केशार्क आदि तीर्थको महिमा, अन्धकस्तुति, हिरण्याक्षबध, विष्णुसहस्रनाम, कालभैरवतीर्थ, नागपञ्चमी महिमा, रेवामाहात्म्य, नर्मदानाम, कावेरीसंगम महिमा, कालरात्रिकथा, दारु-अग्नि-रवि-नर्मदेश आदि तीर्थको महिमा, दीर्घतपाको आख्यान, ऋष्यशृङ्ग-चित्रसेन-काशिराज-देवशिला-शवरी-व्याधा आदिको कथा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्करिणी-आदित्येश्वर-शक्र-करोटिक-कुमारेश-अगस्त्येश-च्यवनेश-लोकेश-धनेश-मङ्गलेश-नारदेश-नन्दिकेश-रामेश्वर-सोमेश-कपिलेश-नागेश-मन्मथेश्वर-कामह-भाण्डीर-चक्र-त्रिलोचन-आदिवाराह-योजनेश-मंगलेश-श्वेतवाराह-सर्प-गोप-नाग-शाम्ब-माण्डव्य-भूतेश-गौतम-भृगुकच्छ-कनखलेश-जालेश-शूलेश-ऋणमोक्ष-रावणेश-प्रेत तीर्थ आदि अनेकौं तीर्थको महिमा यस खण्डमा वर्णित छन् ।

नागरखण्ड - लिङ्गोत्पत्ति, हरिश्चन्द्रकथा, विश्वामित्रमाहात्म्य, त्रिशंकुको स्वर्गगमन, हाटकेश्वरमाहात्म्य, वृत्रासुरवध, शंख-अचलेश्वर-गयशीर्ष-बालशाख्य-मृगाह्वय-विष्णुपाद-गोकर्ण-नागसर आदि तीर्थको महिमा, अगस्त्यकथा-जमदग्निकथा-सतीदेवीको कथा, अम्बावृद्ध-ब्रह्मकुण्ड-अजापालेश्वरी-शनैश्चर-रामेश-लक्ष्मणेश-कुशेश-सत्यसन्धेश्वर-कर्णोत्पल-अटेश्वर-याज्ञवल्क्य-मिष्टान्नेश्वर मकरेशआदि तीर्थको महिमा, नागरोत्पत्ति, भार्गव-विश्वामित्र-सारस्वत-पैप्पलादको कथा, ब्रह्माको यज्ञ कथा, सावित्र्याख्यान, प्रभासक्षेत्र-पौष्कर-नैमिष-वाराणसी-द्वारका-अवन्ती-वृन्दावन-अद्वैतारण्यगङ्गा-नर्मदा-सरस्वती-शंखतीर्थ बालमण्डनतीर्थ आदिको वर्णन, श्राद्धकल्प, शिवरात्री महिमा, तुलापुरुषदान, पृथ्वीदान, युगमानादि कीर्तनएकादशरुद्रकीर्तन, दानमाहात्म्य, द्वादशादित्य कीर्तन आदि विभिन्न प्रसङ्ग यसमा वर्णित छन् ।

प्रभासखण्ड - यो सातौं खण्ड हो । यसमा सोमेश-विश्वेश-अग्नितीर्थ-कपर्दीश-केदारेश-भीम-भैरव-अंगारकेश्वर-पञ्चरुद्र-मङ्गला-ललिता-लक्ष्मीश-अर्घ्येश-कामेश्वर-गौरीश-वरुणेश-गणेश्वर-कुमारेश-साकल्य-शकुन-उतंक-गौतम-भूतेशादि, लिङ्ग-चन्द्रधराख्यान, शाम्बादित्यकथा, कण्टक शोधनी कथा, महिषघ्नी कथा, बालब्रह्मको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कथा, नरकेश-सम्वर्तेश-निधीश्वर-बलभद्रेश्वर आदिको कथा, गङ्गा-गणपति-जाम्बवती नदीको कथा, पाण्डुकूपको कथा, शतमेध-लक्षमेध-कोटिमेध-दुर्वासा आदिको कथा, नगरार्क-कृष्ण-संकर्षण-समुद्र-कुमारी-मोक्षपाल-ब्रह्मेश आदिको कथा, पिंगला-संगमेश-घटेश-त्रिलोकेश-त्रिपुरेश-अर्केश-मालेश्वर-कर्कटेश्वर-सुपर्णेश-श्रृंगेश-अचलेश्वर-ऋषीकेश्वर-कामेश्वर आदि विभिन्न तीर्थको महिमा, मार्कण्डेयोत्पत्ति, श्रीदेवमाताको उत्पत्ति, उमामहेश्वरको महिमा, गंगाधर र मिश्रकको कथा, द्वारकामाहात्म्य, चन्द्रशर्माको कथा, एकादशीव्रत, महाद्वादशी आख्यान, दुर्वासाको उपाख्यान, गोमतीको उत्पत्ति, गोमती महिमा, गोपीहरूको द्वारकागमन, ब्रह्मतीर्थादि कीर्तन, कृष्णपूजादि कीर्तन, त्रिविक्रम मूर्तिको उपाख्यान, दुर्वासा र कृष्णको कथा, कुशदैत्यवध, गोमती र द्वारकाको महिमा, यसरी अत्यन्त ज्ञानवर्धक अनेकौं कथाहरू, अनेकौं तीर्थको महिमा यस खण्डमा वर्णित छन् । सबैभन्दा धेरै श्लोकसंख्या भएको यस पुराणको अवलोकनले विभिन्न तीर्थस्थलको राम्रो जानकारी हुनुका साथै विभिन्न कथाको पनि ज्ञान हुन्छ । यस पुराणलाई प्रधानतः संहिता र खण्डगरी दुई भागमा बाढिएको पनि पाइन्छ । संहिता ६ र खण्ड ७ सात मानिन्छन् ।

<u>६ संहिताको नाम :</u>

१. सनत्कुमार संहिता　२. सूतसंहिता　३. शंकरसंहिता
४. वैष्णवसंहिता　५. ब्राह्मसंहिता　६. सौरसंहिता ।

<u>सात खण्डको नाम :</u>

१. माहेश्वरखण्ड　२. वैष्णवखण्ड　३. ब्रह्मखण्ड
४. काशीखण्ड　५. रेवाखण्ड　६. तापीखण्ड　७. प्रभासखण्ड

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ढ) वामनपुराण

वामनपुराणमा दुई भाग छन्; पूर्वभाग र उत्तरभाग। यस भित्र चार संहिता छन्:- माहेश्वरीसंहिता, भागवतीसंहिता, सौरीसंहिता, गाणेश्वरी संहिता। यसमा जम्मा ९५ अध्याय र १०,००० श्लोक छन्। यसको उत्तरभाग उपलब्ध छैन।

देवर्षि नारद र महर्षि पुलस्त्यको संवादका क्रममा वामनपुराणको उपक्रम, शिव-सतीदेवी विवाह प्रसङ्ग, ब्रह्मशीर्षच्छेदन, कपालमोचनाख्यान, शरद्वर्णन, दक्षयज्ञविध्वंश, सतीदेहत्याग, हिमालय र मेनाबाट पार्वतीको प्रादुर्भाव, पार्वतीको तपस्या, वटुभेष शिवसँग वार्तालाप, शिव-पार्वती विवाह, गणेशोत्पत्ति, कार्तिकेयको अद्भुत चरित्र, दैत्यराज प्रह्लादको नैमिष तीर्थयात्रा वर्णन, बदरिकाश्रममा नरनारायणसँग प्रह्लादको युद्ध, कुरुक्षेत्र अन्तर्गतका विभिन्न तीर्थस्थलको महिमा वर्णन, सुकेशीको कथा, गौरी उपाख्यान, कौशिकी उपाख्यान, जम्बूद्वीप आदिको चर्चा, भुवनकोशमा वन-पर्वत-नद-नदी-जनपद आदिको उल्लेख, कात्यायनीको प्रादुर्भाव, महिषासुर आदि दैत्यको वध, अन्धकको कथा, साध्योपाख्यान, जाबालि चरित्र, शुक्राचार्यद्वारा संञ्जीवनीको प्रयोग, देव-दानवयुद्ध, अन्धकलाई गणत्वको प्राप्ति, देवगणको जन्मकथा, बलि चरित्र, लक्ष्मी चरित्र, त्रिविक्रम चरित्र, धुन्धु चरित्र, प्रेतोपाख्यान, नक्षत्रपुरुषोपाख्यान, श्रीदाम चरित्र, ब्रह्मकृत स्तुति, प्रह्लाद-बलि संवाद आदि कथा वर्णित छन्। विशेषगरी माहेश्वरी संहितामा श्रीकृष्ण र उनका भक्तको कथा छ। भागवती संहितामा जगन्माताका विभिन्न अवतार लीला वर्णित छन्। सौरी संहितामा पापनाशक श्रीसूर्यको महिमा र चरित्र वर्णित छ। गाणेश्वरी संहितामा विघ्ननाशक भगवान्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गणपतिका विभिन्न लीलाहरू वर्णित छन् । महर्षि पुलस्त्यले नारदलाई सुनाएको पुराण वामनपुराण हो, जसको श्रवणले अज्ञानता नष्ट भई मानव मुक्त हुन्छ ।

ण) कूर्मपुराण

कूर्मपुराणमा चारसंहिता छन्:- ब्राह्मीसंहिता, भागवतीसंहिता, सौरीसंहिता, वैष्णवीसंहिता । अहिले केबल ब्राह्मीसंहिता मात्र उपलब्ध छ, जसमा दुई भाग पाइन्छ - पूर्वार्द्ध र उत्तरार्द्ध , अर्थात् पूर्वभाग र उपरिभाग । नारदपुराण अनुसार लक्ष्मी नामक कल्पमा यो पुराणको उत्पत्ति भएको मानिन्छ ।

श्रृणु वत्स ! मरीचेऽद्य पुराणं कूर्मसंज्ञितम् ।

लक्ष्मीकल्पानुचरितं यत्र कूर्मवपुर्हरिः ॥ *ना.पु.१०६।१*

पूर्वार्द्धमा ५३ अध्याय र उत्तरार्द्धमा ४६ अध्याय छन् । जम्मा ९९ अध्याय र ६,००० श्लोक छन् । कूर्मपुराणमा नारदीय पुराण अनुसार १७,००० र मत्स्यपुराण अनुसार १८,००० श्लोक छन् ।

पूर्वभागमा - इन्द्रद्युम्नकथा प्रसङ्ग, वर्णाश्रमकथन, प्राकृतसर्ग, कालकथन, भूमण्डल उत्पत्ति, तमोमय सर्गादिकथन, मैथुनीसृष्टि, पद्मोद्भवप्रादुर्भाव, रुद्रसर्ग, देव्यवतार, सहस्रनामस्तव, हिमालयलाई देवगणको उपदेश, भृग्वादि र स्वायम्भुवादि सर्ग वर्णन, दक्षयज्ञध्वंश, दाक्षायणीवंश वर्णन, हिरण्यकशिपुवध, अन्धकपराजय, वामन अवतारलीला, ऋषिवंश वर्णन, सूर्यवंशमा इक्ष्वाकु आदि राजाहरूको वर्णन, पुरुरवा-जयध्वज-क्रोष्टुवंशको कथन, श्रीराम र श्रीकृष्णावतारको वर्णन, श्रीकृष्णको शिवाराधना, लिङ्गमाहात्म्य, सत्य-त्रेता-द्वापर-कलिको स्वरूप, वाराणसी माहात्म्यमा-व्यास-जैमिनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संवाद, मध्यमेश्वर-प्रयाग-यमुना आदिको महिमा, भुवनकोश-द्वादशादित्य-सूर्यको ग्रहयोनि, भूर्लोक-महर्लोक आदि लोकालोक र जम्बू-प्लक्षादि द्वीपको वर्णन, मन्वन्तर वर्णन, व्यासकीर्तन, महादेवका अवतारको वर्णन आदि विषय यसमा सन्निविष्ट छन् ।

उपरिभागमा - ईश्वरीगीता, अव्यक्तादिज्ञानयोगको वर्णन, देवदेवको ताण्डवकालीन स्वरूप वर्णन, ईश्वरको प्रधान स्वरूपको वर्णन, गुह्यतम ज्ञान वर्णन, लिङ्गब्रह्मज्ञानयोग-अष्टाङ्गयोग ब्रह्मचारी धर्म-अध्ययनादि प्रकार, आचाराध्याय-भक्ष्याभक्ष्यनिर्णय, श्राद्ध प्रकरण, आशौच प्रकरण, अग्निहोत्रादि विधि, आश्रमको नियम, कपालमोचनको माहात्म्य, प्रायश्चित्तादि कथन, विविधतीर्थ माहात्म्य, प्रलयादि वर्णन आदि गहन विषयहरू यसमा वर्णित छन् ।

त) मत्स्यपुराण

मत्स्यपुराणमा २९० अध्याय छन् । १४,००० श्लोक छन् तर मत्स्यपुराण अनुसार १५,००० श्लोक छन् ।

यसमा मनु-विष्णु संवाद, सृष्टि वर्णन, कश्यपवंश वर्णन, मदनद्वादशीव्रतोपाख्यान, मन्वन्तरको वर्णन, वैश्यचरित्र, सोम-सूर्यवंशानुकीर्तन, पितृवंश वर्णन प्रसङ्गमा अष्टोत्तरशतगौरीनाम वर्णन, श्राद्ध र यस भित्रका गहन विषयको निरुपण, ययाति-देवयानी-शर्मीष्ठा -कच-शुक्राचार्य आदिको सविस्तार वर्णन, यदुवंशको वर्णन, कार्तवीर्यको कथा, वृष्णिवंशको कथा, तुर्वसु-पुरु-अग्नि आदिको कथा, आदित्यशयनव्रत-कृष्णाष्टमी-अक्षयतृतीया-फलसप्तमी आदि विभिन्न व्रतको चर्चा, गुडधेनु-लवणाचल-सुवर्णाचल-तिलाचल-घृताचल-रत्नाचल-रौप्याचल आदिको महत्व, ग्रहहरूको ज्ञान, होमविधि, स्तोत्र शान्ति विधान, प्रयागादि विभिन्न पुण्यतीर्थको महिमा, पुरुरवाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कथा, जम्बूद्वीपादिको वर्णन, खगोल-भूगोल-ग्रहमण्डल आदिको वर्णन, त्रिपुरको विस्तृत कथा, युगादि कथन, देव-दानवयुद्ध प्रसङ्ग,पार्वतीको तपस्या, शिव-पार्वती विवाह प्रसङ्ग, गौरी नामको प्राप्ति कथा, कार्तिकेयको चरित्र, हिरण्यकशिपु र नृसिंहको कथा, ब्रह्मसृष्टिको वर्णन, कालनेमिवध, अन्धकपराजय, काशीको महिमा, ऋषिवंशवर्णन, सावित्री उपाख्यान, यम-सावित्री संवाद, राजधर्मको उपदेश, दानप्रशंसा, दण्डप्रशंसा, शान्ति प्रकरणको विस्तृत वर्णन, स्वप्नाध्याय, मङ्गलाध्याय, वामनप्रादुर्भाव, वराहावतारप्रसङ्ग, अमृतमन्थनप्रसङ्ग, वास्तुविद्याकथन, प्रतिमालक्षण, कुण्डादिप्रमाण, तुलापुरुष-हिरण्यगर्भ-ब्रह्माण्ड-कल्पवृक्ष-गोसहस्र-सुवर्ण-कामधेनु-हिरण्याश्व-हस्ति-रथ-पञ्चलाङ्गल-हेमपृथ्वी-सप्तसागर-रत्नधेनु-महाभूत घटदान आदि विभिन्न दानको महत्व र विधि गरी अनेकौं ज्ञानवर्धक प्रसङ्गहरूको चर्चा यस पुराणमा गरिएको छ ।

थ) गरुडपुराण

गरुडपुराणमा दुई खण्ड छन्:- पूर्वखण्ड र उत्तरखण्ड । पूर्वखण्डमा २४० अध्याय छन् । उत्तरखण्डमा ७८ अध्याय छन् । पूर्वखण्ड र उत्तरखण्डगरी ३१८ अध्याय छन् । उत्तरखण्डलाई प्रेतकल्प पनि भनिन्छ । नारदीयपुराण अनुसार १९,००० र मत्स्यपुराण अनुसार १८,००० श्लोक छन् । यस पुराणलाई गरुडकल्पमा विष्णुले गरुडलाई भनेको मानिन्छ ।

यदा च गारुडे कल्पे विश्वाण्डाद् गरुडोद्भवम् ।
अधिकृत्याब्रवीद्विष्णुः गारुडं तदिहोच्यते ॥ *मत्स्यपु. ५३।५२*

यसमा गरुडपुराणोत्पत्ति कथा, सृष्टिकथन, सूर्यपूजा, विष्णुपूजा, दीक्षाविधि, लक्ष्मीपूजा, विष्णुपञ्जर कथन, विष्णुसहस्रनाम,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मृत्यञ्जयपूजाविधि, गारुडविद्या, शिवोक्त सर्पमन्त्र, पञ्चवक्त्रपूजाविधि, शिवपूजाकथन, गणपत्यादिको पूजा विधि, पादुकापूजन, विषहरण, पञ्चतत्त्वार्चन, हयग्रीवपूजा विधि, गायत्रीमाहात्म्य, दुर्गापूजनविधि, नानाविद्याकथन, मूर्त्यमूर्तिध्यान, शालग्रामलक्षण, वास्तुनिर्णय, प्रासादलक्षण, देवप्रतिष्ठाकथन, आह्निकनिर्णय, दानधर्मकथन, अष्टनिधिकथन, भारतवर्षविवरण, चन्द्रसूर्यादि प्रमाण, स्त्रीहरूको शुभाशुभलक्षण, सामुद्रिकलक्षण, रत्नपरीक्षाकथन, विभिन्न तीर्थमा स्नानको फल, चतुर्दशमनुको प्रसङ्ग, रुच्युपाख्यान, हरिध्यान वर्णन, गृहस्थाश्रमका धर्म नीति नियम आदिको वर्णन, श्राद्धविधि वर्णन, विनायकशान्ति, ग्रहशान्ति, वानप्रस्थाश्रम विवरण, पापचिह्नकथन, प्रायश्चित्त कथन, आशौचादि निर्णय, पाराशर उपदेश, नीतिशास्त्रको विस्तृत चर्चा, व्रतकथन आरम्भ, अनङ्ग-अखण्ड-अगस्त्य-रम्भा-चातुर्मास्य-मासोपवास, भीष्मपञ्चक-शिवरात्रि-विष्णु-प्रतिपदादिकथन, षष्ठी-सप्तमी-अष्टमी-नवमी-दशमी-एकादशी-द्वादशी-त्रयोदशी आदि तिथिमा गरिने विभिन्न व्रतको वर्णन, चन्द्रवंश र जन्मेजयवंशको कथन, विष्णुका विभिन्न अवतारको कथा, पतिव्रताको माहात्म्य, रामायण कथन, हरिवंशकथन, भारतकथन, आयुर्वेद प्रसङ्गमा सर्वरोगनिदान-ज्वर-रक्तपित्त-कास-श्वास-हिक्का-यक्ष्म-अरोचक-हृदयरोग-मदात्यादिरोग-अर्श-अतिसार-मूत्राघात-प्रमेह-उदर-पाण्डुशोथ-कुष्ठरोग-कृमि-वातव्याधि-वातरक्त-नाडीव्रण-स्त्रीरोग-नेत्ररोग-वशीकरण-दन्तेश्वरीकरण-स्त्रीवशीकरण-कटिशूल-योनिव्यथा-पशु चिकित्सा-पाण्डुरोगादि विभिन्न रोगहरूको आयुर्वेद उपचार विधि विस्तृत रूपमा वर्णित छ । विष्णु विद्या, विष्णुकवच, गारुडविद्या, वायुपूजा, अश्वचिकित्सा, व्याकरण नियम, छन्दशास्त्रको विस्तृत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्याख्या, स्नानविधि, तर्पणविधि, वैश्वदेवविधि, सन्ध्याविधि, श्राद्धादि विधि, युगधर्म कथन, सपिण्डीकरणविधि, प्रलयादि कथन, अष्टाङ्गयोग कथन, विष्णुभक्ति कथन, नारायणको महिमा, नारायणको विभिन्न स्तवन, ब्रह्मज्ञान, आत्मज्ञान, गीतासार आदि विषय यसमा वर्णित छन् ।

उत्तरखण्ड प्रेतकल्पमा-नारायण-गरुड संवादबाट प्रारम्भ, और्ध्वदैहिक विधि कथन, नरकरूपवर्णन,गर्भावस्था-दशदानादि कथन-नरदाहविधि-आशौच लक्षण, कालनिरुपण, वृषोत्सर्ग कथन, बभ्रुवाहन -प्रेतसंवाद-मनुष्यतत्वकथा-प्रेतत्व नाशककर्म कथन, आतुर र म्रियमाणले गर्ने कर्म, यममार्ग निरुपण, प्रेतलक्षण, प्रेतगणको रूपनिरुपण, मनुष्यको आयु निर्णय, बालकको पिण्डदानादि कथन, सपिण्डीकरणविधि, और्ध्वदैहिककृत्य कथन, दानविधि, दानमाहात्म्य, जीवको उत्पत्ति, विस्तार पूर्वक यमलोकको वर्णन, युगधर्मको वर्णन, कार्तिक्यादिमा वृषोत्सर्ग विधान, प्रायश्चित्त कथन, वार्षिक श्राद्ध कथन, पापभेदले चिह्नभेद, जन्मभेद आदिको कथन, मृतकका निमित्त अनुताप, त्यसको मुक्तिको उपाय, अन्त्यमा गरुडपुराण पाठको फल कथन, आदि विभिन्न विषयहरूको वर्णन यसमा पाइन्छ ।

द) ब्रह्माण्डपुराण

ब्रह्माण्डपुराणमा चारपाद छन्:- प्रक्रियापाद, अनुषङ्गपाद, उपोद्घातपाद र उपसंहारपाद । यसमा दुई पाद पूर्वभाग, तृतीयपाद मध्यमभाग, चतुर्थपादलाई उत्तरभाग मानिन्छ । सबै भागमा गरी जम्मा १६१ अध्याय छन् । यो पुराणमा नारदीयपुराण अनुसार १२,००० र मत्स्यपुराण अनुसार १२,२०० श्लोक छन् ।

यस पुराणलाई भविष्यकल्पमा आधारित मानिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भविष्याणां च कल्पानां श्रूयते यत्र विस्तरः ।

तद् ब्रह्माण्डपुराणं च ब्रह्मणा यदुदाहृतम् ॥ मत्स्यपु.५३।५५

यस पुराणमा अनुक्रमणिका, द्वादश वार्षिकयज्ञ निरुपण, सृष्टिवर्णन, देवासुरोत्पत्ति कथन, योगधर्म कथन, शौचाचार कथन, अरिष्टलक्षण, ओंकार प्राप्तिलक्षण, कल्पनिरुपण, माहेश्वरावतार, ब्रह्मोत्पत्ति, कुमारोत्पत्ति, विष्णुकृत शिवस्तुति, स्वरोत्पत्ति, रुद्रोत्पत्ति, लोकपाल र बालखिल्यादि र सप्तर्षिहरूको उत्पत्ति, अग्निवंश वर्णन, दक्षप्रसङ्ग, ज्वर कथन, देववंश कथन, प्रणव निर्णय, युगनिर्णय, भरतवंश वर्णन, जम्बूद्वीपादि वर्णन, पर्वतावास वर्णन, कैलाशवर्णन, गङ्गावतरण वर्णन, ग्रह-नक्षत्रादि वर्णन, लिङ्गोत्पत्ति कथन, पितृवर्णन, पर्वनिर्णय, युगनिरुपण, यज्ञवर्णन, युगादि वर्णन, धर्माधर्म वर्णन, वेदविभागादि वर्णन, शाकल्यवृत्तान्त, मन्वन्तर कथन, पृथुवंशादि कथन, स्वायम्भुवादि सर्ग वर्णन, वैवस्वतसर्ग वर्णन, प्रजापति वंशानुकीर्तन, काश्यपीयसर्ग, ऋषिवंशानुकीर्तन, श्राद्धकल्प अन्तर्गत विभिन्न श्राद्धका विधि नियमहरूको वर्णन, वरुणवंश-इक्ष्वाकुवंश-मिथिलावंश-भार्गव-कार्तवीर्य-ज्यामघ-वृष्णिवंश- आदिको कथा, श्रीकृष्णको कथा, इलास्तव, भविष्यकथा, गन्धर्वलक्षण, गीतालंकार, सोमजन्म विवरण, विष्णुवंश विवरण, चतुर्दश मन्वादिको वर्णन, नरकवर्णन, मनोमय पुराख्यान, प्राकृतिक लय वर्णन, शिवपुरादि वर्णन, गुण अनुसार जन्तुको गति वर्णन आदि विभिन्न विषयहरूको वर्णन यो पुराणका विभिन्न पादहरूमा वर्णित छन् ।

यसरी अष्टादश पुराणमा वर्णित विषयहरूको संक्षिप्त रूपमा सामान्य जानकारी लिन सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुन पुराणमा कति श्लोक छन् भन्ने विषयमा श्रीमद्भागवतमा यसरी वर्णन गरिएको पाइन्छ -

ब्राह्मं दशसहस्राणि पाद्मं पञ्चोनषष्टि च ।
श्रीवैष्णवं त्रयोविंशच्चतुर्विंशति शैवकम् ॥
दशाष्टौ श्रीभागवतं नारदं पञ्चविंशतिः ।
मार्कण्डेयं नव वाह्नं च दशपञ्च चतुःशतम् ॥
चतुर्दश भविष्यं स्यात्तथा पञ्चशतानि च ।
दशाष्टौ ब्रह्मवैवर्तं लिङ्गमेकादशैव तु ॥
चतुर्विंशति वाराहमेकाशीतिसहस्रकम् ।
स्कान्दं शतं तथा चैकं वामनं दश कीर्तितम् ॥
कौर्मं सप्तदशाख्यातं मात्स्यं तत्तु चतुर्दश ।
एकोनविंशत्सौपर्णं ब्रह्माण्डं द्वादशैव तु ॥

श्रीमद्भा.म.पु.१२।१३।४-८

अर्थात् ब्रह्मपुराणमा दशहजार, पद्मपुराणमा पचपन्न हजार, विष्णुपुराणमा तेईस हजार, शिवपुराणमा चौबीस हजार, श्रीमद्भागवतमा अठारह हजार, नारदपुराणमा पच्चीस हजार, मार्कण्डेयपुराणमा नौ हजार, अग्निपुराणमा पन्ध्र हजार चार सय, भविष्यपुराणमा चौध हजार पाँच सय, ब्रह्मवैवर्तमा अठार हजार, लिङ्गपुराणमा एघार हजार, वाराहपुराणमा चौबीस हजार, स्कन्दपुराणमा एकाशी हजार एकसय, वामनपुराणमा दश हजार, कूर्मपुराणमा सत्रहजार, मत्स्यपुराणमा चौध हजार, गरुडपुराणमा उन्नाइस हजार, ब्रह्माण्डपुराणमा बाह्र हजार श्लोक छन् । यसरी अष्टादश महापुराणमा जम्मा चार लाख श्लोक रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. उप-पुराणहरूको नाम

आद्यं सनत्कुमारोक्तं नारसिंहमथापरम् ।
तृतीयं स्कान्दमुद्दिष्टं कुमारेण च भाषितम् ॥
चतुर्थं शिवधर्माख्यं साक्षान्नन्दीशभाषितम् ।
दुर्वाससोक्तमाश्चर्यं नारदीयमतः परम् ॥
कपिलं वामनं चाथ कालिकाह्वयमेव च ।
माहेश्वरं तथा शाम्बं सौरं सर्वार्थसंचयम् ॥
पराशरोक्तमपरं मारीचं भास्कराह्वयम् ॥ कूर्मपु. पू. १।१७-२०

अर्थात् १. आदिपुराणम् २. नरसिंहपुराणम् ३. स्कन्दपुराणम्
४. शिवधर्मपुराणम् ५. दुर्वासःपुराणम् ६. नारदीयपुराणम्
७. कपिलपुराणम् ८. वामनपुराणम् ९. औशनसपुराणम्
१०. ब्रह्मण्डपुराणम् ११. वरुणपुराणम् १२. कालिकापुराणम्
१३. माहेश्वरपुराणम् १४. शाम्बपुराणम् १५. सौरपुराणम्
१६. पाराशरपुराणम् १७. मारीचपुराणम् १८. भास्करपुराणम्

उपपुराणको नाम देवीभागवत (३।१३।१६) स्कन्दपुराणको रेवाखण्ड (१।४८-५२) मत्स्यपुराण (५३।५७-६२) र गरुडपुराण (२१५।१७-२०) मा पाइन्छ । यी विभिन्न पुराणहरूमा पाइने उपपुराणको नाममा भने केही भिन्नता पाइन्छ । संख्यामा भने एकरुपता नै छ, अष्टादश ।

१०. औपपुराणहरूको नाम

आद्यं सनत्कुमारं च नारदीयं वृहच्च यत् ।
आदित्यं भानवं प्रोक्तं नन्दिकेश्वरमेव च ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कौर्मं भागवतं ज्ञेयं वसिष्ठं भार्गवं तथा ।

मुद्गलं कल्किदेव्यौ च महाभागवतं ततः ॥

बृहद्धर्मं परानन्दं वह्निं पशुपतिं तथा ।

हरिवंशं ततो ज्ञेयमिदमौपपुराणकम् ॥ *बृहद्विवेक ३*

अर्थात्,

१.सनत्कुमारपुराणम् २. वृहन्नारदीयपुराणम् ३. आदित्यपुराणम्

४. सूर्यपुराणम् ५.नन्दिकेश्वरपुराणम् ६.कौर्मपुराणम्

७. भागवतपुराणम् ८. वसिष्ठपुराणम् ९. भार्गवपुराणम्

१०.मुद्गलपुराणम् ११.कल्किपुराणम् १२.देवीपुराणम्

१३.महाभागवतपुराणम् १४.बृहद्धर्मपुराणम् १५.परानन्दपुराणम्

१६.वह्निपुराणम् १७.पशुपतिपुराणम् १८.हरिवंशपुराणम्

कल्पभेद र आ-आफ्नो महत्व दर्शाउने हिसाबमा पनि महापुराण, उपपुराण र औपपुराणको नाम जुदेको, दोहोरिएको या एकरुपता नदेखिएको होला, जे होस्, हामीले खोज्ने त्यस भित्रको ज्ञान हो, तसर्थ नाममा भ्रमित नहुनु उचित होला ।

११. शुकदेवको उत्पत्ति र विवाह प्रसङ्ग

वेदव्यासले पुत्र प्राप्तिका लागि लामो समयसम्म शिवको आराधना गरे । भगवान् शिवले सज्जन सत्पुत्र प्राप्त होस् भनी वरदान दिनु भयो । एकदिन व्यास अरणि मन्थन गरिरहेका थिए । संयोगले घृताची अप्सरा त्यही आइपुगीन् । व्यास अप्सराका रूपमा मोहित भए । लज्जित अप्सरा शुकी रूपमा घुम्न थालिन् । व्यासले अरणि मन्थन रोकेनन् । अचानक काम वासनाले व्याप्त भएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यासको वीर्य त्यहीं अरणिमा झर्‍यो । व्यासले मन्थन झन् कडा पारे । त्यस अरणिबाट एक अत्यन्त तेजस्वी बालकको जन्म भयो । शुकीरूप घृताची अप्सरालाई देखी वीर्यपात भएका कारण व्यासले बालकको नाम शुकदेव राखे ।

स लब्ध्वा परमं देवाद् वरं सत्यवतीसुतः ।
अरणी सहिते गृह्य ममन्थानि चिकीर्षया ॥
अथ रूपं परं राजन् बिभ्रतीं स्वेन तेजसा ।
घृताचीं नामाप्सरसमपश्यद् भगवानृषिः ॥
ऋषिरप्सरसं दृष्ट्वा सहसा काममोहितः ।
अभवद् भगवान् व्यासो वने तस्मिन् युधिष्ठिरः ॥
सा च दृष्ट्वा तदा व्यासं कामसंविग्नमासम् ।
शुकी भूत्वा महाराज घृताची समुपागमत् ॥
अरण्यामेव सहसा तस्य शुक्रमवापतत् ।
सोऽविंशकेन मनसा तथैव द्विजसत्तमः ॥
अरणी ममन्थ ब्रह्मर्षि स्तस्यां जज्ञे शुको नृप ।
शुक्रे निर्मथ्यमाने स शुको जज्ञे महातपा ॥

म.भा.शा.३२४।१,२,३,४,८,९

तत्काल शुकदेव युवा भए । व्यासले समस्त ज्ञान प्रदान गरे, भागवत पनि पढाए । छोरो शुकदेवको विवाह गराउन निकै मेहनत गरे तर सफल भएनन् । अन्त्यमा राजर्षि जनकसँग संगत गर्न शुकदेवलाई व्यासले पठाए । राजर्षि जनकको सदुपदेश र ब्रह्मज्ञान देखेर प्रभावित शुकदेवले पिताको आज्ञा शिरोधार्य गरी पितृकी पीवरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नामक कन्याका साथमा विवाह गरेर कृष्ण, गौरप्रभ, भूरिदेव र श्रुतदेव नामका चार पुत्र र कीर्ति नामक एक कन्या उत्पन्न गरे। पुत्रीको विवाह अणुहाय नामक ऋषिसँग भएको थियो। गृहस्थाश्रमबाट विरक्तिएका शुकदेव नारदका उपदेशले कैलाश शिखरमा गइ योगमार्गको अनुसरणबाट मुक्त भए। पुत्रशोकमा चिन्तित व्यासलाई महादेवले तिम्रो चाहना बमोजिम छायाँका रूपमा पुत्र शुकदेवलाई देख्नेछौ भनी वरदान दिनुभयो।

पितृणां सुभगा कन्या पीवरी नाम सुन्दरी
शुकश्चकार पत्नीं तां योगमार्ग स्थितोऽपि हि ॥
स तस्यां जनयामास पुत्रांश्चतुर एव हि।
कृष्णं गौरप्रभं चैव भूरिं देवश्रुतं तथा ॥
कन्यां कीर्तिं समुत्पाद्य व्यासपुत्रः प्रतापवान्।
ददौ विभ्राजपुत्राय त्वणुहाय महात्मने ॥
नारदस्य प्रसादेन जातं सद्यो विमुक्तिदम्।
कैलासशिखरे रम्ये त्यक्त्वा सङ्गं पितुः शुकः ॥
ध्यानमास्थाय विपुलं स्थितः सङ्गपराङ्मुखः।
उत्पपात गिरेः श्रृङ्गात् सिद्धिं च परमां गतः ॥

देवीभा.प्र.१।४०,४१,४२,४६,४७

कूर्मपुराणले व्यासको तपबाट प्रसन्न भएर साक्षात् शिवनै शुकदेव रूपमा धरातलमा आउनुभएको मान्दछ। शुकदेवका पुत्र भने पाँच भाइ रहेको उल्लेख गर्दछ।

आरुह्य देवदेवेशमीशानं त्रिपुरान्तकम्।
लेभे त्वप्रतिमं पुत्रं कृष्णद्वैपायनं प्रभुम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वैपायनाच्छुको जज्ञे भगवानेव शंकरः।
अंशांशेनावतीर्योर्व्यां स्वं प्राप परमं पदम् ॥
शुकस्याप्यभवन् पुत्राः पञ्चात्यन्ततपस्विनः ।
भूरिश्रवाःप्रभुःशम्भुःकृष्णो गौरश्च पञ्चमः ।
कन्या कीर्तिमती चैव योगमाता धृतव्रता ॥

कूर्मपुराण १८ अ.।२४-२६

श्रीमद्भागवतमहापुराणले पनि शुकदेव स्वामीकी छोरीको उल्लेख गरेको छ ।

स कृत्व्यां शुककन्यायां ब्रह्मदत्तमजीजनत् ।
स योगी गविभार्यायां विष्वक्सेनमधात् सुतम् ॥

श्रीमद्भा.म.पु.न. २१।२५

योगीजन शुकदेवलाई अविवाहित र पूर्ण योगीका रूपमा मान्दछन् । जे होस् समाजलाई भक्तिमार्गमा अभिप्रेरितगर्न र परीक्षित् जस्ता अनन्त जिज्ञासुको जिज्ञासा मेट्न शुकदेव स्वामी सफल हुनु भएको मानिन्छ ।

मत्स्यपुराण अवलोकन गर्दा पितृहरूकी पिवरी नामक कन्याले लामो समयसम्म नारायणको आराधना गरेपछि उनको तपबाट खुशी नारायणले व्यासपुत्र योगी शुकदेवसँग तिम्रो विवाह हुनेछ भनी वरदान दिनुभएको पाइन्छ ।

उवाच देवो भविता व्यासपुत्रो यदा शुकः ।
भविता तस्य भार्या त्वं योगाच्चार्यस्य सुव्रते ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भविष्यति च ते कन्या कृत्वी नाम योगिनी ।
पाञ्चालाधिपतेर्देया मानुष्यस्य त्वया तदा ॥
जननी ब्रह्मदत्तस्य योगसिद्धा च गौःस्मृताः ।
कृष्णोगौरः प्रभुः शम्भुर्भविष्यति च ते सुताः॥
महात्मानो महाभागा गमिष्यन्ति परम्पदम् ।
तानुत्पाद्यपुनर्योगात्सवरा मोक्षमेष्यसि ॥ *मत्स्यपु.५।८-११*

१२. विष्णु र शिव मूलतः एकै हुन् - पुराणका प्रामाणिक वाक्यहरू -

हरिरूपधरं लिङ्गं लिङ्गरूपधरो हरिः ।
ईषदप्यन्तरं नास्ति भेदकृच्चानयोः कुधीः ॥
अनादिनिधने देवे हरिशंकरसंज्ञिते ।
अज्ञानसागरे मग्ना भेदं कुर्वन्ति पापिनः ॥
रुद्रो वै विष्णुरूपेण पालयत्यखिलं जगत् ।
ब्रह्मरूपेण सृजति प्रान्ते ह्येतत्रयं हरः ॥
हरिशंकरयोर्मध्ये ब्रह्मणश्चापि यो नरः ।
भेदं करोति सोऽभ्येति नरकं भृशदारुणम् ॥
हरं हरिं विधातारं यः पश्यत्येकरूपिणम्
स याति परमानन्दं शास्त्राणामेष निश्चयः ॥

नारदीयपु.पू.६।४४-४९

शिव एव हरिः साक्षाद्धरिरेव शिवःस्वयम् ।
द्वयोरन्तरदृग्याति नरकान्कोटिशः खलः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्माद्विष्णुं शिवं वापि समं बुद्ध्या समर्चय।
भेदकृद्दुःखमाप्नोति इह लोके परत्र च ॥ नारदीयपु.पू.१५।५८-५९

अहं ब्रह्मा च शर्वश्च जगतः कारणं परम् ।
आत्मेश्वर उपद्रष्टा स्वयं दृगविशेषणः ॥
आत्ममायां समाविश्य सोऽहं गुणमयीं द्विज ।
सृजन् रक्षन् हरन् विश्वं दध्रे संज्ञां क्रियोचिताम् ॥
तस्मिन् ब्रह्मण्यद्वितीये केवले परमात्मनि ।
ब्रह्मरुद्रौ च भूतानि भेदेनाज्ञोऽनुपश्यति ॥
यथा पुमान्न स्वाङ्गेषु शिरः पाण्यादिषु क्वचित् ।
पारक्यबुद्धिं कुरुते एवं भूतेषु मत्परः ॥
त्रयाणामेकभावानां यो न पश्यति वै भिदाम् ।
सर्वभूतात्मनां ब्रह्मन् स शान्तिमधिगच्छति ॥

श्रीमद्भा.महापु.च.७५०-५४

बाणासुरसँग श्रीकृष्णको युद्ध प्रसङ्गमा श्रीकृष्ण र शिवको अभिन्नता प्रतिपादन भएको पाइन्छ ।

त्वया यदयभयं दत्तं तद्दत्तमभयं मया ।
मत्तोऽविभिन्नमात्मानं द्रष्टुमर्हसि शंकर ॥
योऽहं स त्वं जगच्चेदं सदेवासुरमानुषम् ।
अविद्यामोहितात्मानः पुरुषा भिन्नदर्शिनः ॥

ब्रह्मपुराण २०६।४७-४८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदानुवर्तिनो रुद्रं देवं नारायणं तथा ।

एकीभावेन पश्यन्ति मुक्तिभाजो भवन्ति ते ॥

यो विष्णुः स स्वयं रुद्रो यो रुद्रः स जनार्दनः ।

इति मत्वा यजेद् देवं स याति परमां गतिम् ॥

स आत्मा सर्वभूतानां स बीजं परमा गतिः ।

स्तूयते वैदिकैर्मन्त्रैर्देवदेवो महेश्वरः ॥

कूर्मपु. ब्राह्मीसं. १४।८७,८८,८२

शिवमहत्व वर्णन गर्दै श्रीकृष्ण भन्नुहुन्छ -

परात् परतरं यान्ति नारायण परायणाः ।

न ते तत्र गमिष्यन्ति ये द्विषन्ति महेश्वरम् ॥

ध्यानं होमं तपस्तप्तं ज्ञानं यज्ञादिको विधिः ।

तेषां विनश्यति क्षिप्रं ये निन्दन्ति पिनाकिनम् ॥

यो मां समाश्रये नित्यमेकान्तं भावमाश्रितः ।

विनिन्द्य देवमीशानं स याति नरकायुतम् ॥ *कूर्मपु. २६।१३-१५*

शिव-विष्णुको एकत्व विषयमा हरिवंशपुराणको वचन पनि मननीय छ ।

यो विष्णुः स तु वै रुद्रो यो रुद्रः स पितामहः ।

एका मूर्तिस्त्रयो देवा रुद्रविष्णुपितामहाः ॥

रुद्रस्य परमो विष्णुर्विष्णोश्च परमः शिवः ।

एक एव द्विधाभूतो लोके चरति नित्यशः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न विना शंकरं विष्णुर्न विना केशवं शिवः ।

तस्मादेकत्वमायातौ रुद्रोपेन्द्रौ तु तौ पुरा ॥

हरिवंशपु.वि.१२५।३१,४१,४२

वामनपुराणमा एउटा रोचक प्रसङ्ग पाइन्छ । एक समय देवताले विष्णुसँग शिवको पूजा गर्न पाए हुन्थ्यो भनी अनुरोध गरे । शिव मभित्रै हुनुहुन्छ भन्दा विश्वास गरेनन् , विष्णुले आफ्नो शरीरमा शिवको दर्शन गराउनु भयो ।

अथोवाच सुरान्विष्णुरेष तिष्ठति शंकरः।

मद्देहे किं न पश्यध्वं योगश्चायं प्रतिष्ठितः ॥

ततोऽव्ययात्मा स हरिः स्वहृत्पंकजशायिनम् ।

दर्शयामास देवानां मुरारिर्लिङ्गमैश्वरम् ॥ *वामनपु.६२।२१,२३*

यस्तै सतीको वियोगमा शिवलाई नारायणले सम्झाउँदै भन्नु भएको छ ।

अहं त्वञ्चापि भगवन्नावयोर्नित्यविग्रहः ।

आवयोरंशभूता ये प्राकृता नष्टविग्रहाः ॥ *ब्र.वै.पु.कृ.४३।६४*

शिव-विष्णुको एकत्व पुष्टि गर्दै मार्कण्डेयपुराण भन्दछ-

रजो ब्रह्मा तमो रुद्रो विष्णुः सत्वंजगत्पतिः ।

एत एव त्रयो देवा एत एव त्रयो गुणाः ॥

अन्योन्य मिथुना ह्येते अन्योन्याश्रयिणस्तथा ।

क्षणं वियोगो न ह्येषां न त्यजन्ति परस्परम् ॥

मार्कण्डेयपु.४६।२०-२१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विष्णुपुराण भन्दछ-

तमोद्रेकी च कल्पान्ते रुद्ररूपी जनार्दनः ।
मैत्रेयाखिल भूतानि भक्षयत्यतिदारुणः ॥ विष्णुपु.प्र. २।६२

शिव-विष्णुको एकत्व प्रतिपादन गर्दै स्कन्दमहापुराण-

यथा शिवस्तथा विष्णुर्यथा विष्णुस्तथा शिवः ।
अन्तरं शिवविष्णोश्च मनागपि न विद्यते ॥

स्कन्दम.पु.का.ख.पू. २३।४१

यही कुराको समर्थन पद्मपुराणमा पनि भेटिन्छ ।

सृष्टिस्थित्यन्तकरणाद् ब्रह्मविष्णुशिवात्मकः ।
स संज्ञां याति भगवानेक एव जनार्दनः ॥ पद्मपु.सृ. २।११४

एको विष्णुस्त्रिधा भूत्वा सृजत्यत्ति च पाति च ।
तस्माद् भेदो न कर्तव्यस्त्रिषु लोकेषु सत्तमैः॥ पद्मपु.क्रि.सा. २।६

शैवं च वैष्णवं लोकमेकरूपं नरोत्तम ।
द्वयोश्चाप्यन्तरं नास्ति एकरूपं महात्मनोः ॥

शिवाय विष्णुरूपाय विष्णवे शिवरूपिणे ।
शिवस्य हृदये विष्णु र्विष्णोश्च हृदये शिवः ॥

एकमूर्तिस्त्रयो देवाः ब्रह्मविष्णुमहेश्वराः ।
त्रयाणामन्तरं नास्ति गुणभेदाः प्रकीर्तिताः ॥ पद्मपु.भू. ७१।१८-२०

शिव र विष्णुमा भेदभाव गर्ने नरकको भागी हुने कुरा नारदपुराण उल्लेख गर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरोरवज्ञां साधूनां निन्दां भेदं हरौ हरेः ।

वेदनिन्दां हरेर्नाम बलात् पापसमीहनम् ॥ *नारदपु ८२।२२*

शिव एव हरि साक्षात् हरिरेव शिवः स्वयम् ।

द्वयोरन्तरदृग् याति नरकान् कोटिशः खलः ॥

तस्मात् विष्णुं शिवं वापि समबुद्ध्या समर्चयेत् ।

भेदकृद् दुःखमाप्नोति इहलोके परत्र च ॥ नारदपु.२७

यस विषयमा भविष्यपुराण भन्दछ -

यो ब्रह्मा स हरिः प्रोक्तो यो हरिः स महेश्वरः ॥

भ.पु. उ.प.२०५

वराहपुराण भने विष्णु-शिव, लक्ष्मी-गौरीमा भेदभाव गर्नेलाई सर्वधर्म बहिस्कृत् मान्दछ -

सस्त्रीकञ्च हरिं पूज्य रुद्रं वा चोमया सह ।

या श्रीः सा गिरिजा प्रोक्ता यो हरिः स त्रिलोचनः ॥

एवं सर्वेषु शास्त्रेषु पुराणेषु च गद्यते ।

एतस्मादन्यथा यस्तु ब्रूते शास्त्रं पृथक्तया ॥

रुद्रो जनानां मर्त्यानां काव्यं शास्त्रं न तद् भवेत् ।

विष्णु रुद्रकृतं ब्रूयाच्छ्रीगौरीति निगद्यते ॥

एतयोरन्तरं ब्रूयात् सोऽधमेत्युच्यते जनैः ।

तं नास्तिकं विजानीयात् सर्वधर्मबहिस्कृतम् ॥ *वराहपुराण ५८।३-६*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीकृष्ण राधासँग भन्नुहुन्छ, “वृषभरूपमा म नै शिवलाई वहन गर्दछु । शिव समान प्रिय मेरो कोही छैन । म सदा शिवका हृदयमा बस्दछु ।”

ततोऽ वृषरूपेण वहामि तेन तं प्रियम् ।

मम प्रियतमो नास्ति त्रैलोक्येषु शिवात्परः ॥

न संवसामि गोलोके वैकुण्ठे तव वक्षसि।

सदा शिवस्य हृदये निबद्ध प्रेमपाशतः॥ ब्र.वै.पु.कृ.६३।५७,११०

यस्ता अनगिन्ति प्रमाणहरू प्रायः सबै पुराणमा पाइन्छन् । चाहे जुन सुकै धर्मप्रति आस्था होस्, जुन सुकै सम्प्रदायको होस् , शिव र विष्णुमा भेद भाव गर्छ भने त्यो सर्वधर्मबहिस्कृत नै हो ।

वैष्णवानां यथा शम्भुः ।

यो श्रीमद्भागवतमहापुराणको वाक्य हो । वैष्णवमा श्रेष्ठ भगवान् शिव नै हुन् । शिवको अनादरले कसरी आफूलाई वैष्णव भन्न सकिएला ?

ब्रह्मा, विष्णु र महेश तीन तत्व; सत्व, रज र तम हुन् । यी तीन तत्व तीनै ओटामा नभएको होइन । कार्य विभाजनार्थ एउटै मूर्ति तीन रूपमा प्रकट भएको मात्र हो, तसर्थ कुनै ठूलो वा सानो भन्ने छैन । आ-आफ्नो आस्था अनुसार एउटालाई इष्टदेव मान्ने मात्र हो । हिन्दूधर्मानुयायीले मुख्यरूपमा पाञ्चायन देवता पुज्दछन् ।

गणेशो भास्करो देवी शिवो विष्णुश्च पञ्चमः ॥

यी पञ्चदेवता कुनै साना र कुनै ठूला होइनन् । सबैको आ-आफ्नो ठाउँमा विशेष महत्व छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३. माहाभारत युद्ध सकिएको कतिदिन सम्म भीष्म जीवित रहे ?

पञ्चाशतं षट् च कुरुप्रवीर, शेषं दिनानां तव जीवितस्य ।

ततः शुभैः कर्मफलोदयैस्तं, समेष्यसे भीष्म विमुच्य देहम् ॥

महाभा.राज.५११४

अर्थात् महाभारतको युद्ध पश्चात् ५६ दिनसम्म शरशैयामा रहेका भीष्मले छप्पन्नौं दिनका दिन श्रीकृष्णको वन्दना गर्दै प्राण त्यागे ।

१४. परशुरामले समस्त भूमण्डल जिती यो भूमि कसलाई दिए ?

त्रिःसप्तकृत्वः पृथिवीं कृत्वा निःक्षत्रियां प्रभुः ।

दक्षिणामश्वमेधान्ते कश्यपायाददत् ततः ॥ *महाभा.राज.४९।६३*

अर्थात् २१ पटक सम्म पृथिवी घुमेर समस्त क्षत्रियहरूको वधगरी, त्यसबाट उत्पन्न पाप पखाल्न परशुरामले अश्वमेध यज्ञ गरे । त्यस यज्ञमा दक्षिणा स्वरूप समस्त पृथिवी कश्यप ऋषिलाई दानमा दिए । केही काल पश्चात् राज्यशासन ब्राह्मण भन्दा क्षत्रियले गर्नु उत्तम सम्झी कश्यपले दैव संयोगले बाँचेका मूलक नामक राजालाई उपहारका रूपमा दिए ।

१५. दक्षयज्ञका विषयमा दृष्टि लाउँदा

प्रत्येक कल्पमा दक्षले शिवलाई नबोलाइ यज्ञ गर्छन् , भगवान् शिवले पनि कहिले सतीदेवी, कहिले पार्वतीको प्रसन्नताका लागि अथवा दक्षलाई मार्ग निर्देश गर्न यज्ञ विध्वंश गर्नुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दक्ष दक्ष न कर्तव्यो मन्युर्विघ्नमिमं प्रति ।

अहं यज्ञहरस्तुभ्यं दृष्टमेतत् पुरातनम् ॥ *महाभा. शा. २८४।१८५*

१६. देवकर्म भन्दा पितृकर्म विशेष

देवकार्यादपि मुने पितृकार्यं विशिष्यते ।

देवानां च पितृणां च पिता ह्येकोऽहमादितः ॥ *महाभा. शा. ३३९।५८*

देवकर्म भन्दा पितृकर्म विशेष हुन्छ । दुवै कर्मका परम पुरुष नारायण नै हुन् ।

१७. श्रीरामको अवतार कहिले ?

सन्ध्यांशे समनुप्राप्ते त्रेताया द्वापरस्य च ।

अहं दाशरथी रामो भविष्यामि जगत्पतिः ॥ *महाभा. शा. ३३९।८५*

अर्थात् श्रीराम आफै भन्नुहुन्छ - "त्रेता र द्वापरको सन्ध्यांशमा म दशरथ पुत्र राम भई जगत्को मालिक हुनेछु ।"

१८. समुद्र मन्थन पश्चात् देवासुर संग्राम कतिदिन चल्यो ?

अमृतस्य समुत्पत्तौ देवानामसुरैः सह ।

षष्ठिवर्ष सहस्राणि देवासुरमवर्तत ॥ *महाभा. अनुशा. १३।७*

अर्थात् समुन्द्र मन्थन पश्चात् साठी हजार वर्षसम्म देवता र दानवका बीचमा युद्ध चल्यो ।

१९. हरेक पुराणका मूल श्रोता शौनक कसका पुत्र थिए ?

प्रमद्वरायां तु रुरोः पुत्रः समुदपद्यत ।

शुनको नाम विप्रर्षि र्यस्य पुत्रोऽथ शौनकः ॥ *महाभा. अनु. ३०।६५*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् रुरु र प्रमद्वराबाट शुनक भए । शुनकका पुत्र शौनक भए ।

२०. शिवको वाहन साँढे किन ?

ब्रह्माले सुरभि नामक गाई प्रकट गर्नुभयो । सुरभिमा अद्भुत शक्ति थियो । उनी अनेकौं रूपमा प्रकट भईन् । एकदिन सुरभिको वाच्छाले दूध चुसिरहँदा मुखबाट निस्किएको फिज शिवका शिरमा परेछ । आफ्नो शिरमा केही झरे जस्तो लागी शिवले ध्यान दृष्टिले हेर्दा जूठो दूध भन्ने थाह भयो । अचानक शिवका आँखा रातारात भए । क्रोधले सीमा नाघ्यो । शिवको दृष्टि पर्ना साथ गाईहरूको रङ्ग नै वदलियो । कुनै कैली, कुनै राती, कुनै टाटे-पाटे यसरी गाईहरू विभिन्न रूपका भए । गाईहरूको कोलाहल सुनी ब्रह्मा शिवलाई सम्झाउन आउनु भयो । दण्ड स्वरूप वाच्छोलाई शिवको वाहन वनाइयो । शिवको क्रोध शान्त भयो । धर्मको शक्ति वाच्छामा प्रदान गरिएकाले वाच्छोलाई धर्मको रूप पनि मानिन्छ । अर्थात् गोरु या साढे धर्मको रूप हो । यसको तात्पर्य जूठो, सुँघेको वा अपवित्र कुरा भगवान्लाई अर्पण गर्नु हुँदैन भन्ने बुझ्नु पर्छ । यो कथा महाभारतको शान्तिपर्व अन्तर्गत दानधर्मपर्वको १४१ अध्यायमा छ ।

२१. कुन प्रसङ्गमा शिव चतुर्मुखी हुनुभयो ?

सृष्टि गरिरहेका ब्रह्माले एउटी अत्यन्त सुन्दरी नारीको रचना गर्नुभयो । अलि-अलि गरेर साह्रै परिश्रम पूर्वक रचिएकी ती सुन्दरीको नाम तिलोत्तमा राखियो । तिलोत्तमाका सौन्दर्यको कही तुलना थिएन । हल्लखल्ल भैसकेको थियो । शिवले पनि यो कुरा सुनेपछि एक पटक तिलोत्तमालाई नहेरी न छोड्ने संकल्प गर्नुभयो । एकदिन संयोग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिल्यो । तिलोत्तमा शिवलाई देखी लाज मानेर यता-उता छलिने प्रयास गरिन् । उनी जता गएपनि शिवले उनको सौन्दर्य हेर्ने प्रयास गर्दा चार मुख प्रकट भए । त्यस दिन देखि भगवान् शिव चतुर्मुख हुनुभयो । यो कथा महाभारत दानधर्मपर्वको १४१ अध्यायमा छ ।

२२. देवता ऋषि-मुनिहरूले सन्तान उत्पन्न कसरी गर्थे ?

सन्ति देवनिकायाश्च संकल्पाज्जनयन्ति ये ।
वाचा दृष्ट्या तथा स्पर्शात् संघर्षेणेति पञ्चधा ॥

महाभा.पुत्रद.३०।२२

अर्थात् संकल्पले, वाणीले, दृष्टिले, स्पर्शद्वारा, र समागम (मैथुन) द्वारा यी पाँच प्रकारले देवता-ऋषि-मुनिहरू सन्तान उत्पन्न गर्दथे ।

त्यो समय देवधर्मद्वारा गरिएका कर्मले मनुष्यधर्म दूषित हुँदैनथ्यो ।

मनुष्यधर्मो दैवेन धर्मेण हि न दुष्यति ।
इति कुन्ति विजानीहि व्येतु ते मानसो ज्वरः ॥ *महाभा.पुत्र.३०।२३*

बलवान् या समर्थवान् व्यक्तिलाई कुनै कुराको दोष लाग्दैन ।

सर्वं वलवतां पथ्यं सर्वं वलवतां शुचिः ।
सर्व. बलवतां धर्मःसर्वं बलवतां स्वकम् ॥ *महाभारत पु.प.३०।२४*

२३. महाभारत युद्ध पश्चात् कति दिन पछि धृतराष्ट्र स्वर्ग गए ?

एवं वर्षाण्यतीतानि धृतराष्ट्रस्य धीमतः ।
वनवासे तथा त्रीणि नगरे दश पञ्च च ॥ *महाभा.आश्रम.३९।२५*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् महाभारत युद्ध पश्चात् पन्ध्रवर्ष नगरमा, तीनवर्ष तपस्यामा वसी गान्धारी सहित धृतराष्ट्र स्वर्ग गए ।

२४. महाभारतयुद्धको कति वर्ष पछि यदुवंशको विनाश भयो ?

षट्त्रिंशेऽथ ततो वर्षे वृष्णीनामनयो महान् ।

अन्योन्यं मुसलैस्ते तु निजघ्नुः कालचोदिताः ॥ *महाभा. मौ. १/१३*

अर्थात् महाभारतयुद्धको छत्तीसवर्ष पछि परस्पर लडी मुसलबाट उत्पन्न एरक नामक घाँसको प्रयोगले यदुवंशीको विनाश भयो ।

२५. कृष्ण-बलराम सहित समस्त यदुवंशीको दाहसंस्कार कसले गर्‍यो ?

ततः शरीरे रामस्य वासुदेवस्य चोभयोः।

अन्विष्य दाहयामास पुरुषैराप्तकारिभिः ।

स तेषां विधिवत् कृत्वा प्रेतकार्याणि पाण्डव ः।

सप्तमे दिवसे प्रायाद् रथमारुह्य सत्वरः ॥ *महाभा. मौ. ७/३२-३३*

अर्थात् अर्जुनले आफ्नो नेतृत्वमा कृष्ण-बलराम सहित समस्त यदुवंशीको दाहसंस्कार गरी सातौं दिन बाकी रहेका बाल-वृद्ध र नारीहरूलाई लिएर हस्तिनापुर गए । केही समय पश्चात् हस्तिनापुरको राज्य परीक्षित्लाई र इन्द्रप्रस्थको राज्य श्रीकृष्णका नाति वज्रलाई दिई पाँच पाण्डव महाप्रयाणमा गए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२६. श्रीकृष्णका १६ हजार १०० पत्नीहरू अहिरहरूद्वारा किन अपहृत भए ?

कुनै समय ठूलो संख्यामा रहेका अप्सराहरू विहार गर्न निस्किएका थिए । अचानक उनीहरूको दृष्टि अष्टावक्र ऋषिमा पर्‍यो । रूप र यौवनले उन्मत्त अप्सराहरूले अष्टावक्रको खिल्ली उडाए । आफ्नो स्वरूप देखेर खिल्ली गरेका हुन् भन्ने थाहा पाएका ऋषिले हातमा कमण्डलुको जल लिएर त्यहाँ उपस्थित सबैलाई वेश्या हुने श्राप दिए । आफूहरूबाट ठूलो भूल भएको स्वीकारी शरण परेको देखी ऋषिले श्रीकृष्णका पत्नी हुने सौभाग्य मिल्नेछ, भन्ने वरदान पनि दिए । यस कारण श्रीकृष्णका पत्नी भए पनि कृष्ण परंधाम जाना साथ उनीहरूको अपहरण भयो । अर्जुनले पनि जोगाउन सकेनन् ।

यसको सारांश कसैको उपहास गर्नु हुँदैन भन्ने हो ।

स्त्रियश्च ताः पुरा शप्ताः प्रहास कुपितेन वै ।

अष्टावक्रेण मुनिना तदर्थं त्वद्‌बलक्षयः ॥ *महाभा. मौ. ८।२८*

२७. धृतराष्ट्रलाई युद्धको प्रत्यक्ष प्रसारण गर्ने संजयलाई त्यो दिव्यदृष्टि कहाँबाट प्राप्त भयो ?

जब महाभारतयुद्ध हुने निश्चित भयो, वेदव्यास धृतराष्ट्र समीप पुगी सोध्नु भयो, "राजन् तिमी के चाहन्छौ ?" राजाले युद्धको हुबहु घटना सुन्न पाए हुन्थ्यो भनी अनुरोध गरे । व्यासले तिमीलाई दिव्यदृष्टि दिन्छु भन्दा, प्रभो ! म आफ्ना पुत्रहरू लडेको हेर्न सक्दिन, वरु संजयलाई त्यो दिव्यदृष्टि प्रदान गरिदिनु म उनका मुखबाट सुन्छु भनी अनुरोध गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजन्! यी संजयले तपाईलाई युद्धको सबै समाचार भन्ने छन्। संग्राम भूमिमा भएको सबै घटना संजयलाई छर्लङ्ग हुनेछ। दिव्यदृष्टि प्राप्त भएपछि रातमा या दिनमा युद्धसँग सम्बन्धित जे जस्तो घटना हुनेछन्, सबै यिनले देख्नेछन्। युद्धमा उपस्थित वीरहरूका मनमा भएको पनि यिनले थाह पाउने छन् र हजुरलाई सुनाउने छन्। गवल्गणपुत्र यी संजयलाई कुनै अस्त्र-शस्त्रले केही गर्ने छैनन्। यिनलाई थकावट पनि लाग्दैन। युद्ध पश्चात् पनि संजय जीवित रहने छन्। यस्तो अलौकिक वरदान स्वयं वेदव्यासले आफ्नो तपोबलबाट संजयलाई प्रदान गर्नु भएको थियो।

एतस्मिन् नेच्छति द्रष्टुं संग्रामं श्रोतुमिच्छति।
वराणमीश्वरो व्यासः संजयाय वरं ददौ॥
एष ते संजयो राजन् युद्धमेतत् वदिष्यति।
एतस्य सर्वसंग्रामे न परोक्षं भविष्यति॥
चक्षुषा संजयो राजन् दिव्येनैव समन्वितः।
कथयिष्यति ते युद्धं सर्वज्ञश्च भविष्यति॥
प्रकाशं वाप्रकाशं वा दिवा वा यदि वा निशि।
मनसा चिन्तितमपि सर्वं वेत्स्यति संजयः॥
नैनं शस्त्राणि छेत्स्यन्ति नैनं वाधिष्यते श्रमः।
गावल्गणिरयं जीवन् युद्धादस्माद विमोक्ष्यते॥ *महाभा.भी.प. २।८-१२*

२८. धृतराष्ट्रका सय भाइ छोराहरूको नाम

१. दुर्योधन २. युयुत्सु ३. दुश्शासन ४. दुस्सह ५. दुश्शल ६. जलसन्ध ७. सम ८. सह ९. विन्द १०. अनुविन्द ११. दुर्धर्ष १२.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुबाहु १३. दुष्प्रधर्षण १४. दुर्मर्षण १५. दुर्मुख १६. दुष्कर्ण १७. कर्ण १८. विविंशति १९. विकर्ण २०. शल २१. सत्व २२. सुलोचन २३. चित्र २४. उपचित्र २५. चित्राक्ष २६. चारुचित्रशरासन २७. दुर्मद २८. दुर्विगाह २९. विवित्सु ३०. विकटानन ३१. ऊर्णनाभ ३२. सुनाभ ३३. नन्द ३४. उपनन्द ३५. चित्रबाण ३६. चित्रवर्मा ३७. सुवर्मा ३८. दुर्विरोचन ३९. अयोबाहु ४०. चित्राङ्ग ४१. चित्रकुण्डल ४२. भीमवेग ४३. भीमबल ४४. बलाकी ४५. बलवर्धन ४६. उग्रायुध ४७. सुषेण ४८. कुण्डोदर ४९. महोदर ५०. चित्रायुध ५१. निषङ्गी ५२. पाशी ५३. वृन्दारक ५४. दृढवर्मा ५५. दृढक्षत्र ५६. सोमकीर्ति ५७. अनूदर ५८. दृढसन्ध ५९. जरासन्ध ६०. सत्यसन्ध ६१. सदःसुवाक् ६२. उग्रश्रवा ६३. उग्रसेन ६४. सेनानी ६५. दुष्पराजय ६६. अपराजित ६७. पण्डितक ६८. विशालाक्ष ६९. दुराधर ७०. दृढहस्त ७१. सुहस्त ७२. वातवेग ७३. सुवर्चा ७४. आदित्यकेतु ७५. बह्वाशी ७६. नागदत्त ७७. अग्रयायी ७८. कवची ७९. क्रथन ८०. दण्डी ८१. दण्डधार ८२. धनुर्ग्रह ८३. उग्र ८४. भीमरथ ८५. वीरबाहु ८६. अलोलुप ८७. अभय ८८. रौद्रकर्मा ८९. दृढरथाश्रय ९०. अनाधृष्य ९१. कुण्डभेदी ९२. विरावी ९३. प्रमथ ९४. प्रमाथी ९५. दीर्घरोमा ९६. दीर्घबाहु ९७. महाबाहु ९८. कनकध्वज ९९. कुण्डाशी १००. विरजा। *महाभारत आदिप.११६ अ.२-१४*

धृतराष्ट्रका यी सय भाइ छोरा र एउटी दुःशला नामकी छोरी थिइन्।

२९. शुक्राचार्य नाम कसरी रह्यो ?

एक समय अन्धकासुरको साम्राज्य थियो। देवता प्राण बचाउन भागाभाग गरिरहेका देखिन्थे। अन्त्यमा ब्रह्मा, विष्णु हुँदै भगवान्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिवका शरणमा पुगे । देवासुर संग्राम भयानक भयो । शिवका क्रोधले धेरै दैत्यहरूको विनाश भयो । दानवका गुरु शुक्राचार्यले मृतसञ्जीवनी विद्याको प्रयोग गरी मारिएका सबै दैत्यलाई बचाए । आजित भएका भोलेनाथले यथार्थ बुझेर शुक्राचार्यलाई नै निलिदिनुभयो । शिवका पेटभित्र पुगेका शुक्राचार्यले शिवसँग क्षमा माग्दै शिवको स्तुति शुरु गरे । दानवमा कोकोहोलो मच्चियो । आफ्ना गुरुलाई शिवले निलेपछि दानवहरू निराश भए । अन्धकलाई दण्ड दिने काम भयो । सयवर्षसम्म शिवका पेटमा शुक्राचार्य घुमिरहे । आशुतोष शिवलाई माया लाग्यो । लिङ्गमार्गबाट निस्कने आज्ञा पाएका शुक्राचार्य शिवका लिङ्गबाट बाहिर निस्किए । बाहिर आएका शुक्रले स्तुति गरी शरण परे । प्रसन्न पार्वतीले तिमी मेरा पुत्र भयौ भनी आशिर्वाद पनि दिईन् । शुक्र (वीर्य) निस्कने मार्गबाट निस्किएका हुनाले उनको नाम शुक्र रहेको हो । यो भन्दा अगाडि उनको नाम काव्य थियो । यो घटना पश्चात् शुक्राचार्य नामले प्रसिद्ध भए । उनले शिवको कठोर आराधना गरी मृतसञ्जीवनी अर्थात् मरेकालाई बचाउने विद्या सिकेका थिए ।

काव्ये निगीर्णे गिरिजेश्वरेण दैत्या जयाशारहिता बभूवुः ।
हस्तैर्विमुक्ता इव वारणेन्द्राः श्रृंगैर्विहीना इव गोवृषाश्च ॥
ततः कोलाहलो जातो प्रमथासुरसैन्ययोः ।
तेन शव्देन महता शुक्रःशम्भूदरे स्थितः ॥
स वर्षाणां शतं कुक्षौ भवस्य परितो भ्रमन् ।
न तस्य ददृशे रन्ध्रं शुचे रन्ध्रं खलो यथा ॥
शाम्भवेनाथ योगेन शुक्ररूपेण भार्गवः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इमं मन्त्रवरं जप्त्वा शम्भोर्जठर पञ्जरात् ॥

निष्क्रान्तो लिङ्गमार्गेण प्रणनाम ततः शिवम् ।

गौर्या गृहीतः पुत्रार्थं तदविघ्नेश्वरीकृतः ॥

शुक्रवन्निःसृतो यस्माल्लिङ्गान्मे भृगुनन्दन ।

कर्मणा तेन शुक्रस्त्वं मम पुत्रोऽसि गम्यताम् ॥

शिवपु. रु. यु. ४८।२, ३६, ३९, ४०, ४१, ४३

शुक्रनाम प्रसङ्ग वामनपुराणमा पनि उल्लेख पाइन्छ ।

अन्धकासुरसँगको युद्धमा मारिएका दैत्यहरूलाई जीवित गरिरहेका भृगुपुत्र काव्यबाट आजित शिवले भृगुपुत्रलाई योजनाबद्ध रूपमा समातेर निलिदिनुभयो । असहाय उनी बाहिर निस्कन नपाउँदा प्राण जान्छ कि भन्ने डरले शिवको स्तुतिमा संलग्न भए । शिवाज्ञाले उनी भगवान् शिवका लिङ्गमार्गबाट बाहिर आए । शिवले उनलाई पुत्र रूपमा स्वीकार गर्नुभयो । शुक्र भनेको वीर्य हो, वीर्य निस्कने ठाउँबाट निस्किएका हुनाले उनी शिवाज्ञाले शुक्र नामले प्रसिद्ध भए ।

नमोऽस्तु ते शंकर शर्व शम्भो सहस्रनेत्राङ्घ्रिभुजङ्गभूषण ।

दृष्ट्वैव सर्वान् भुवनांस्तवोदरे श्रान्तो भवन्तं शरणं प्रपन्नः ॥

इत्येव मुक्ते वचने महात्मा, शम्भुर्वचःप्राह ततो विहस्य ।

निर्गच्छ पुत्रोऽसि ममाधुना त्वं शिश्नेन भो भार्गव वंशचन्द्र ॥

नाम्ना तु शुक्रेति चराचरस्त्वां स्तोष्यन्ति नैवात्र विचारमन्यत् ।

इत्येवमुक्त्वा भगवान् मुमोच शिश्नेन शुक्रं स च निर्जगाम ॥

वा. पुं ६९।४१-४३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुक्र नामकरण प्रसङ्ग महाभारत र अन्य पुराणमा पनि पाइन्छ। सबैमा प्रायः मिल्दो जुल्दो प्रसङ्ग छ।

३०. भीष्मपितामहले इच्छामृत्युको वरदान को बाट पाएका थिए ? उनको नाम भीष्म किन ?

शन्तनु र गङ्गाबाट उत्पन्न आठ पुत्र मध्ये बाँचेका सुपुत्रको नाम देवव्रत थियो। गङ्गाले छोडेर गएपछि शन्तनु एकोहोरिन थालेका थिए। एकदिन शन्तनुको भेट सत्यवतीसँग भयो। परस्परमा प्रेम बस्यो। घरमा छोरो छ, भन्ने डरले शन्तनुले खुलेर कुरा गर्न सकेका थिएनन्। देवव्रतले पिताको पीडा बुझ्ने प्रयास गरे। एकदिन उनी सत्यवतीको घरमा गई दाशरथसँग पिताकालागि छोरी मागे। आफ्नी छोरीबाट जन्मेका सन्तान राजा हुने भए मात्र छोरी दिने प्रस्ताव दाशरथले राखे। देवव्रतले शर्त स्वीकारे तर पनि दाशरथको चित्त बुझेन। अन्ततः देवव्रतले कठोर प्रतिज्ञा गर्दै भने - "म आजीवन ब्रह्मचर्य पालन गर्छु, मेरा पितालाई छोरी दिनु होस्। दाशरथले सत्यवतीको विवाह शन्तनुसित गरिदिए। कठोर प्रतिज्ञाका कारण उनको नाम भीष्म रहन गयो। पिताका निमित्त उनी आजीवन ब्रह्मचर्यमा रहे। दया र लाजले शिर झुकेका शन्तनुले आफ्नो पुत्र देवव्रतलाई इच्छामृत्यको वरदान दिए। शन्तनुमा अद्भुत शक्ति पनि थियो। जस्तो सुकै रोग व्याधि लागे पनि उनले हात राखिदिए भने ठीक हुन्थ्यो, त्यही भएर उनको नाम शन्तनु रहेको थियो। यो कथा महाभारतमा विस्तृत रूपमा पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न ते प्रभविता मृत्युर्यावज्जीवितुमिच्छसि ।

त्वत्तोऽभ्यनुज्ञां सम्प्राप्य मृत्युः प्रभविता पुनः ॥ *शिवपु. उ. सं. ४०।२७*

३१. नैमिषारण्य नाम कसरी रह्यो ?

समस्त ऋषिगण यज्ञ-यज्ञादिका लागि पवित्र स्थानको खोजिमा थिए । उपयुक्त स्थान न पाएका उनीहरू पितामह ब्रह्माका समीप पुगे । यज्ञादि कार्यार्थ उपयुक्त स्थान नपाएको गुनासो पोखे । ब्रह्माले एक ज्योतिर्मय चक्र प्रकटगरी यसका झिल्का जुन ठाउँमा झर्लान्, त्यो स्थान पवित्र सम्झी आफ्नो काम गर भनी आदेश दिनुभयो । ऋषि-महर्षि सन्त-महन्तहरू चक्रका पछि लागे । एउटा निर्जन वनमा त्यो चक्रबाट अनन्त झिल्काहरू झरे । वनमा आगो लाग्यो । निमिष भनेको झिल्का हो । झिल्काले डढाएर पवित्र बनाएको वनलाई नैमिषारण्य भनिएको हो । यसै स्थानमा ऋषि-मुनिहरूले अनन्त यज्ञ-यज्ञादि सम्पन्न गरेका प्रसङ्ग पाइन्छन् ।

एतन्मनोमयं चक्रं मया सृष्टं विसृज्यते ।

यत्रास्य शीर्यते नेमिः स देशस्तपसः शुभः ॥

इत्युक्त्वा सूर्यसंकाशं चक्रं दृष्ट्वा मनोमयम् ।

प्रणिपत्य महादेवं विससर्ज पितामहः ॥

तेऽपि हृष्टतरा विप्राः प्रणम्य जगतां प्रभुम् ।

प्रययुस्तस्य चक्रस्य यत्र नेमिरशीर्यत ॥

चक्रं तदपि संक्षिप्तं श्लक्ष्णं चारुशिलातले ।

विमलस्वादुपानीये निपपात वने क्वचित् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तद्वनं तेन विख्यातं नैमिषं मुनिपूजितम् ।

अनेकयक्षगन्धर्व विद्याधरसमाकुलम् ॥ *शिवपु. वा. स. ३।५३-५७*

कूर्मपुराणमा पनि यसैसँग मिल्दो जुल्दो प्रसङ्ग पाइन्छ ।

उक्त्वा मनोमयं चक्रं स सृष्ट्वा तानुवाच ह ।

क्षिप्तमेतन्मया चक्रमनुव्रजत मा चिरम् ॥

यत्रास्य नेमिः शीर्येत स देशः पुरुषर्षभाः ।

ततो मुमोच तच्चक्रं ते तत्समनुव्रजन् ॥

तस्य वै व्रजतः क्षिप्रं यत्र नेमिरशीर्यत ।

नैमिषं तत्स्मृतं नाम्ना पुण्यं सर्वत्र पूजितम् ॥ *कूर्मपु. उ. ४१।७-९*

नैमिषारण्य क्षेत्रको उत्पत्तिमा प्रायः ब्रह्माबाट चक्र छोडिएको र चक्रले डढाई पवित्र बनाएको स्थानलाई शौनकादि ऋषिहरूले उपयुक्त सम्झी उपयोग गरेको देखिन्छ । विभिन्न पुराणमा यस क्षेत्रको व्याख्या गरिएको छ ।

३२. देवर्षि नारदलाई संगीतको शिक्षा कसले दियो ?

संगीत भन्नासाथ गन्धर्वलाई सम्झिन्छ । त्यो समय कौशिक ब्राह्मण र हरिमित्र नामक ब्राह्मण पनि संगीतका माध्यमले हरिको गान गर्दथे । संगीतमा तुम्बुरुको स्थान झनै उच्च थियो । नारद उनी भन्दा श्रेष्ठ संगीतज्ञ हुन चाहन्थे ।

एक समय नारदका मनमा संगीतज्ञ हुने इच्छा जागृत भयो । त्यो समय गानबन्धु उलूक पनि चर्चित संगीतज्ञ थिए । उनी मानसोत्तर पर्वतमा बस्तथे । नारद त्यहीं गए । दिव्य हजार वर्ष गान विद्या सिके । गुरुदक्षिणाका रूपमा अर्को जन्ममा हरिवाहन गरुड हुने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वरदान उलूकलाई दिए । तुम्बुरुको संगीत भने पछि सबैले आदर गर्थे । नारदलाई तुम्बुरु भन्दा जान्ने हुनु थियो । दिव्य हजार वर्ष उल्लुसँग संगीत सिक्दा पनि तुम्बुरु बराबर हुन सकेनन्, किन कि उनका मनमा अभिमान थियो । नारदले लामो समयसम्म नारायणको आराधना गरे । श्रीकृष्ण रूपमा धराधाममा आएका अवसरमा गान विद्या सिकाउने प्रण नारायणले गर्नु भयो । श्रीकृष्णको जन्म भएको खबर सुनी मौका हेरेर नारद संगीत सिक्न भनी आए । श्रीकृष्णले १ वर्षसम्म जाम्बवतीसंग, १ वर्ष सत्यभामासँग र ३ वर्ष रुक्मिणीसँग संगीत सिक्न पठाइ अनि मात्र आफूसँग सिक्न बोलाउनु भयो । नारदले श्रीकृष्णको आज्ञानुसार तीनै ओटी देवीहरूसँग सिके । नारदका वीणाको तारमा स्वरांगनाहरू स्थित रहन थाले । उनको अभिमान पनि गल्दै गयो । तत्पश्चात् स्वयं श्रीकृष्णले नारदलाई सर्वश्रेष्ठ गानविद्या को शिक्षा प्रदान गर्नुभयो । अब नारद तुम्बुरु भन्दा योग्य भए । यसरी नारदको संगीत साधना पूर्ण भयो । लिङ्गपुराण उत्तरभाग ४ अध्यायमा यो कथा पाइन्छ ।

३३. लक्ष्मी कसकी छोरीका रूपमा अवतरित थिइन् ?

देवौ धाता विधातारौ भृगोः ख्यातिरसूयत ।
श्रियञ्च देवदेवस्य पत्नी नारायणस्यया ॥ *मार्कण्डेयपु.५२।१६*

अर्थात् भृगु पत्नी ख्यातिबाट धाता, विधाता दुई पुत्र र एक पुत्री लक्ष्मीले जन्म लिइन् । लक्ष्मी नारायणकी अर्धाङ्गिनी भइन् । यो एउटा कल्पको वर्णन हो । अर्को कल्पमा समुद्रकी छोरी भई लक्ष्मी प्रादुर्भाव भएर नारायणकी प्रिया भइन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवीदेवता विभिन्न कल्पमा समय परिवेश र परिस्थिति अनुसार जगत्‌को कल्याणार्थ विभिन्न रूपमा अवतरित हुन्छन् ।

३४. गणेश किन लम्बोदर र गजबक्त्र हुनु भयो ?

गणपतिको रूप अत्यन्त मनमोहक थियो । करोडौं कामदेव समान उनको स्वरूपले माता पार्वती गणेशकै वरिपरि रहन्थिन् । कुनै दिन त पार्वती गणेशलाई एकोहोरो हेरि रहन्थिन् । आफूले बोलाउँदा पनि नसुनेकी पार्वतीलाई वेला-बेलामा कहाँ गइन् भनी शिवले खोज्नु पर्थ्यो । दिक्क भएका शिवले एकदिन गणेशलाई श्राप दिए । गजबक्त्र र लम्बोदर भएस्, असुहाउँदो रूप होस् । शिवका श्रापका कारण केही समय पश्चात् गणेशको शिर काटियो र उनलाई बचाउन हात्तीको शिर जोडियो । पेट पनि अप्रत्यासित रूपले बढ्यो । अब पार्वतीले शिवलाई समय दिन थालिन् । यो एउटा रोचक प्रसङ्ग वराहपुराणमा पाइन्छ ।

तं दृष्ट्वा परमं रूपं कुमारस्य महात्मनः ।
उमाऽनिमेष नेत्राभ्यां तमपश्यत भामिनी ॥
तं दृष्ट्वा कुपितो देवः स्त्रीभावञ्चञ्चलं तथा ।
मत्वा कुमार रूपन्तु शोभनं मोहनं दृशाम् ॥
ततः शशाप तन्देवो गणेशम्परमेश्वरः ।
कुमार गजबक्त्रस्त्वं प्रलम्ब जठरस्तथा ॥
भविष्यसि तथा सर्पैरूपवीतगतिर्ध्रुवम् ॥ *वराहपु. २३।१६-१८*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३५. कुन देवताको तिथि कुन मानिन्छ ? प्रतिपदादि तिथिको चर्चा

१. प्रतिपदा - देव, यक्ष, गन्धर्व भन्दा अगाडि अग्निको उत्पत्ति भएको थियो । अग्निको उत्पत्ति भएको दिन प्रतिपदा परेको हुनाले अग्निको तिथि प्रतिपदा मानिन्छ ।

ब्रह्मोवाच-

देवानामथ यक्षाणां गन्धर्वाणाञ्च सत्तम ।

आदौ प्रतिपदा येन त्वमुत्पन्नोसि पावक ॥

त्वत्पदात्प्रातिपदिकं सम्भविष्यन्ति देवताः।

अतस्ते प्रतिपन्नाम तिथिरेषा भविष्यति ॥ *वराहपु.१९।३-४*

२. द्वितीया - अश्विनीकुमाहरूले गरेको कठोर व्रत पश्चात् ब्रह्माले उनीहरूलाई स्वर्गका वैद्य हुने वरदान दिनुभयो । अश्विनीकुमारको जन्म र उनीहरूको तपस्या फलिभूत भएको दिन द्वितीया तिथि हो । तसर्थ उनीहरूको उत्तम तिथि द्वितीया मानिन्छ ।

एतत्सर्वं द्वितीयायामश्विभ्यां ब्रह्मणा पुरा

दत्तं यस्मादतस्तेषां तिथीनामुत्तमा तिथिः ॥ *वराहपु.१९।३५*

३. तृतीया - गौरीको जन्म र विवाह तृतीयाका दिन भएको थियो, तसर्थ यो तिथि गौरीको तिथि मानिन्छ । सकेसम्म यो दिन नुन नखानु भन्ने उल्लेख पाइन्छ ।

गौर्या उत्पत्तिरेषा वै कथिता परमर्षिणा ।

विवाहश्च यथा वृत्तस्तत्सर्वं कथितन्तव ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एतत्सर्वन्तु गौर्या वै सम्पन्नन्तु तृतीयया ।

तस्यान्तिथौ तृतीयायां लवणन्तु विवर्जयेत् ॥

वराहपु. २२।५१-५२

४. चतुर्थी - गणेशको जन्म, गणनायक पदमा अभिषेक र उनले गरेका उत्कृष्ट कर्महरू चतुर्थीमा भएका कारण यो तिथि गणेशको तिथि मानिन्छ । यो दिन गणेशको उपासनाले समस्त चाहना पूर्ण हुने विश्वास गरिन्छ ।

एतच्चतुर्थ्यां सम्पन्नं गणाध्यक्षस्य पार्थिवः ।

यतस्ततोऽयं महती तिथीनां परमा तिथिः ॥ *वराहपु. २३।३६*

५. पञ्चमी - सृष्टिको क्रममा सर्पहरूको सृष्टि ब्रह्माले गर्नुभयो । ब्रह्मा सृष्टिमा व्यस्त रहँदा सर्पहरूले आफ्नो क्रूर स्वभावका कारण सारा मानवहरूको संहार गरेछन् । ब्रह्माले थाह पाएर तत्काल सर्पहरूलाई श्राप दिनुभयो । स्वायम्भुव मन्वन्तरमा आफ्नै आमाबाट श्राप पाएर मर्नु परोस् । उनीहरू शरण परे, स्तुति गरे । खुसी भएका ब्रह्माले जन्मेजयले आयोजना गरेको यज्ञमा आस्तिकबाट तिमीहरूको रक्षा होस् र तिमीहरूको जन्मदिन, श्राप पाएको दिन, तथा तिमीहरूले मेरो स्तुति गरेको दिन संयोगले पञ्चमी परेको रहेछ, तसर्थ पञ्चमी तिथि तिमीहरूको तिथि हुनेछ । पञ्चमीका दिन तिमीहरूको पूजा-अर्चना गर्ने मानवका समस्त कष्ट दूर हुन् । विशेष दिन श्रावणशुक्ल पञ्चमी हुनेछ । जुन तिथि नागपञ्चमी नामले प्रख्यात हुनेछ । यस दिन नागको पूजा गर्नेलाई तिमीहरूको भय नहोस्, भनी वरदान दिनुभयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यतो मत्प्रभवान्नित्यं क्षयं नयत मानुषान् ।

भवान्तरे अथान्यस्मिन्मातुः शापात्सुदारुणात् ॥

भविता तिक्षयो घोरो नूनं स्वायम्भुवेऽन्तरे ॥ वराहपु. २४।१७

एतत् सर्वञ्च पञ्चम्यां तेषाञ्जातं महात्मनाम् ।

अतः प्रियं तिथिर्धन्या सर्वपापहरा शुभा ॥ वराहपु. २४।३६

भविष्यपुराण ब्राह्मपर्व अनुसार ब्रह्माले नागहरूलाई यायावर कुलमा उत्पन्न भएका जरत्कारुसंग नागकी बहिनी अर्थात् तिमीहरूकी बहिनीको विवाहगरी त्यसबाट उत्पन्न आस्तिक नामक पुत्रबाट सर्पयज्ञको रक्षा हुनेछ भनी वरदान दिएको दिन र आस्तिकले सर्पयज्ञ बन्द गराई सर्पहरूको रक्षा गरेको दिन संयोगले पञ्चमी थियो । आफ्नो प्राणरक्षा भएको दिन हुनाले सर्पहरू त्यो दिनलाई विशेष मान्छन् । यस दिन जो सुकैले यिनीहरूको उपासना गरे पनि प्रसन्न भई तिनीहरूको कल्याण गर्छन् । पञ्चमी उनीहरूको प्रिय दिन हो ।

पञ्चम्यां तत्र भविता ब्रह्मा प्रोवाच लेलिहान् ।

तस्मादियं महाबाहो पञ्चमी दयिता सदा ॥ भ.पु. ब्रा.प. ३२।३२

६. षष्ठी - शिवपुत्र कुमारको जन्म र अभिषेक तिथि षष्ठी परेको हुनाले यो तिथि कुमारको मानिन्छ ।

स्वयं स्कन्दो महादेव सर्वपापप्रणाशनः ।

तस्य षष्ठीं तिथिं प्रादादभिषेके पितामहः ॥ वराहपु. २५।४९

७. सप्तमी - द्वादशादित्यको उत्पत्ति भएको दिन हो सप्तमी । मूर्तिमान् रूपमा श्रीसूर्य प्रकट भएको दिन हुनाले सप्तमी तिथि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्यको मानिन्छ । यसदिन श्रीसूर्यको उपासना गर्नाले समस्त रोग-ब्याधिबाट मनुष्य मुक्त हुन्छन् । सप्तमी तिथि र आइतबार सूर्यको प्रमुख दिन हो ।

सप्तम्यां खलु सूर्येण मूर्तित्वं कृतवान् भुवि ।

एतां यः पुरुषो भक्त्या उपास्ते सूर्यमर्चयेत् ॥

भास्करश्चैव तस्यासौ फलमिष्टं प्रयच्छति ॥ *वराहपु. २६।१६,१७*

सूर्यको उपासना कल्याण चाहने मानवले सदा सर्वदा गर्नु पर्दछ । विशेष पूजा षष्ठी तिथिमा पनि गरिन्छ । जस्तै सूर्यषष्ठी (छठपर्व) ।

८. अष्टमी - अन्धकासुर दैत्यको उत्पातबाट देवताको रक्षार्थ स्वयं देवादिदेव महादेव युद्ध भूमिमा हुनुहुन्थ्यो । अचानक नील नामक दैत्य हातीको स्वरूपमा आई तहस नहस गर्न थाल्यो । नन्दिबाट यथार्थ बुझेका वीरभद्रले सिंहरूप धारणगरी गजरूपी दैत्य मारेर छाला काढी शिवलाई समर्पण गरे । शिवले गजचर्म धारण गरेका कारण गजचर्मधारी नाम प्राप्त गर्नुभयो । लक्ष्य अन्धकासुर थियो । जति पटक मारे पनि अन्धकासुरको अन्त्य भएन । उसको शरीरबाट भूमिमा रगतका थोपा झर्न साथ अर्को अन्धकासुर प्रकट हुन्थ्यो । क्रोधित देवताबाट तत् तत् नामका अष्टमातृकाहरू प्रकट भए ।

ब्रह्माबाट ब्राह्मी, कुमारबाट कौमारी, विष्णुबाट वैष्णवी, वराहबाट वाराही, यमराजबाट यमी, योगेश्वरबाट योगेश्वरी, महेश्वरबाट माहेश्वरी, महेन्द्रबाट माहेन्द्री; यसरी अष्टमातृका प्रकट भई समस्त रक्त भूमिमा झर्न नदिई पान गरे । तत्पश्चात् शिवले अन्धकासुरलाई दण्ड दिनु भयो । अष्टमीका दिन अष्टमातृका प्रकट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएको हुनाले अष्टमी तिथि अष्टमातृकाहरूको तिथि मानिन्छ । अष्टमीका दिन जगज्जननी माताको पूजा-आराधना गर्नाले समस्त कष्ट हट्दछन् ।

तासाञ्च ब्रह्मणा दत्ता अष्टमी तिथिरुत्तमा ।

एताः सम्पूजयेद् भक्त्या बिल्वाहारो नरः सदा ॥

तस्य ताः परितुष्टाः स्युः क्षेमारोग्यं ददन्ति च ॥ *वराह पु. २७।४३*

९. नवमी - बेत्रासुर नामक दैत्यको उत्पातले त्रसित देवताले ब्रह्मा-विष्णु-महेश समीप गई पुकारा गरे । त्रिदेवको शक्ति एकै स्थानमा एकत्रित भई देवीका रूपमा प्रकट भयो । उनको नाम दुर्गा थियो । भगवती दुर्गाले दुष्ट बेत्रासुरको अन्त्य गरी भक्तहरूको रक्षा गर्नुभयो । दुर्गा भवानी प्रकट भएको दिन नवमी तिथि थियो । त्यो दिनदेखि नवमी तिथि दुर्गा भवानीको तिथि मानिन्छ । यस पवित्र दिन भगवतीको आराधना गर्नाले मनोवाञ्छा पूर्ण हुन्छन् । यिनै देवीले महिषासुरको पनि अन्त्य गरेकी हुन् ।

नवम्याञ्च सदा पूज्या इयं देवी समाधिना ।

वरदा सर्वलोकानां भविष्यति न संशयः ॥ *वराह पु. २८।४०*

१०. दशमी - नारायणका कानबाट दश दिशाका रूपमा दश तेजस्वी कन्या प्रकट भए । पूर्वा, दक्षिणा, पश्चिमा, उत्तरा, ऊर्ध्वा, अधरा, आग्नेयी, नैर्ऋति, वायव्यी, र ईशानी । यिनीहरूको उत्पत्ति भएको दिन दशमी तिथि थियो । दशमी तिथि यी दश दिशाका देवीहरूको मानिन्छ । यिनीहरूको विवाह क्रमशः इन्द्र, अग्नि, यम, निऋति, वरुण, वायु, कुबेर, शंकर, ब्रह्मा र शेषनागसँग भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं दत्वा पुनर्ब्रह्मा तिथिं प्रादाद्दिशान्तथा ।

दशमी च तिथिस्तासामतीव दयिताभवत् ॥ वराह पु २९।१४

११. एकादशी - ब्रह्माले वायुको सृष्टि गर्नुभयो । वायु शान्त भएपछि अचानक धूलोको वर्षा भयो । ब्रह्माले तिमी शान्त भई शरीरधारी भई देखा पर भनी वायुलाई भने । वायुबाट कुबेरको उत्पत्ति भयो । कुबेर पनि अमूर्त वायु नै हुन् । देवताहरूको सम्पत्ति संरक्षण गर्ने कार्यमा कुबेरलाई नियुक्त गरियो । वायु र कुबेरको उत्पत्ति भएको तिथि एकादशी हो । ब्रह्माले एकादशी तिथि कुबेर र वायुलाई दिए । एकादशी तिथिका दिन वायु र कुबेरको पूजा-अर्चनाले सुख शान्ति प्राप्त हुन्छ । एकादशीलाई हरिवासर पनि भनिन्छ । हरिको दिन पनि एकादशी हो । यो दिन अन्नको भोजन निषेध मानिन्छ । एकादशीमा व्रत बस्नाले र हरिको पूजा आराधनाले इहलोक र परलोक दुबै सुध्रन्छ ।

ब्रह्मणःसृष्टिकामस्य मुखाद्वायुविनिर्ययौ ।

प्रचण्डशर्करावर्षी तं ब्रह्मा प्रत्यषेधयत् ॥

मूर्तो भवस्व शान्तश्च तेनोक्तो मूर्तिमान् भवत् ।

सर्वेषामेव देवानां यद्वित्तं फलमेव च ॥

तत्सर्वं पाहि येनोक्तं तस्माद्धनपतिर्भवान् ।

तस्य ब्रह्मा ददौ तुष्टिस्थितिमेकादशीं प्रभुः ॥ वराह पु.३०।३-६

१२. द्वादशी - वायु नै भगवान् विष्णुको शंख रूपमा रहेका छन् । विष्णुको प्रिय तिथिका रूपमा द्वादशी तिथि ब्रह्माले विष्णुलाई प्रदान गर्नुभयो । श्रीवत्स, शंख, कौस्तुभमणि, गरुड, लक्ष्मी, र द्वादशी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिथि भगवान् विष्णुका प्रिय हुन् । द्वादशी तिथिका दिन विष्णुको पूजा आराधनाले सदा सर्वदा सुख शान्ति प्राप्त हुन्छ ।

श्रीवत्सकौस्तुभौ चेमौ चन्द्रादित्यच्छलेन ह ।

मारुतस्ते गतिर्वीर गरुत्मान् स च कीर्तितः ॥

त्रैलोक्यमानिनी देवी लक्ष्मीस्तेऽस्तु सदाश्रये ।

द्वादशी च तिथिस्तेऽस्तु कामरूपी च जायते ॥*वराह पु.३१। १६,१७*

१३. त्रयोदशी - चन्द्रमाले गरेको गुरुपत्नी हरणको अधर्मले, धर्म वनमा गई लामो समयसम्म तप गरे । त्यस वनको नाम धर्मारण्य रहन गयो । ब्रह्माले गुरुपत्नी तारा गुरु बृहस्पतिलाई जिम्मा लगाए । धर्मलाई प्रजापालनार्थ नियुक्त गरे । प्रजापालनार्थ धर्मलाई नियुक्त गरेको दिन त्रयोदशी तिथि रहेछ । ब्रह्माले त्यो त्रयोदशी तिथि धर्मलाई नै प्रदान गर्नुभयो । त्यस दिन धर्मको उपासना र पायसयुक्त पितृकर्म गर्दा पूर्ण फल प्राप्त हुन्छ ।

असुरा अपि तद्वच्च ततो ब्रह्मा उवाच तम् ।

अद्य प्रभृति ते धर्म तिथिरस्तु त्रयोदशी ॥

धर्मोत्पत्तिं य इमां श्रावयीत तदा श्राद्धेन तर्पयीत पितृंश्च ।

त्रयोदश्यां पायसेन स्वशक्त्या स स्वर्गगामी तु सुरानुपेयात् ॥

व. पु. ३२।२८,३२

१४. चतुर्दशी - ब्रह्माले पवित्र चतुर्दशी तिथि भगवान् भोलेनाथका लागि समर्पण गर्नु भयो । चतुर्दशी तिथि शिवको प्रिय तिथि बन्यो । यस दिन शिवको पूजा आराधना र स्तोत्रादि पाठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नाले समस्त मनोकामना पूर्ण हुन्छन् । बारमध्ये सोमबार, महिनामा श्रावण शिवको प्रिय मानिन्छ ।

चतुर्दशी ते देवेश तिथिरस्तु न संशयः ।

तस्यान्तिथौ भवन्तं ये यजन्ति श्रद्धयान्विताः ॥ व. पु. ३३/२९

१५. पूर्णिमा - चन्द्रमाको विवाह दक्षप्रजापतिका सत्ताइस ओटी छोरीहरूसँग भएको थियो । जेठी श्रीमती रोहिणीमा चन्द्रमाको विषेश अनुराग थियो । अन्य पत्नीहरूले चन्द्रमासँग आफूहरूलाई पनि पत्नीको दर्जा दिन अनुरोध गरे । केही सीप नचले पछि माइत गई आफ्ना पितासँग गुनासो गरे । दक्षले क्षीण हुँदै जाने श्राप दिए । त्यस दिन देखि चन्द्रमा क्षीण हुँदै गए । चन्द्रमा नष्ट भएको देखि हाहाकार भयो । उनी शिव शरणमा गए । आशुतोषले पन्ध्र दिन तिम्रो शक्ति घट्ने र पन्ध्र दिन बढ्नेछ भनी वरदान दिनुभयो । अमावस्याको भोलिपल्ट देखि बढ्ने र पूर्णिमाको भोलिपल्ट देखि घट्ने क्रम अहिले पनि छ । ब्रह्माले पूर्णिमा तिथि चन्द्रमालाई प्रदान गर्नुभयो । त्यस दिन उनी पूर्ण रूपमा रमाउन थाले । यसरी पूर्णिमा तिथि चन्द्रमाको प्रिय तिथि भयो । यस पूर्णिमाका दिन चन्द्रमाको उपासना गरी पूर्णचन्द्रलाई अर्घ्य प्रदान गर्नाले समस्त मनोकामना पूर्ण हुन्छन् । द्वितीया तिथिको अमृता नामक कलालाई अर्धचन्द्राकारका रूपमा स्वयं शिवले आफ्नो शिरमा धारण गर्नुभयो । शिवको अर्को एउटा शशिशेखर भन्ने नाम प्रसिद्ध भयो ।

तदात्मिका भवन्त्यापो विश्वमूर्तिरसौ स्मृतः ।

तस्य ब्रह्मा ददो प्रीतः पौर्णमासीन्तिथिं प्रभुः ॥ वराह पु ३५/१४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१६. अमावस्या - ब्रह्माले अमावस्या तिथि पितृहरूलाई प्रदान गर्नुभयो । यो तिथि पितृहरूको हो । यस दिन पितृहरूलाई श्राद्ध-तर्पण आदि गरी सन्तुष्ट तुल्याएमा उनीहरूले सदा सर्वदा आफ्ना सन्ततिलाई सुख समृद्धि प्रदान गर्दछन् । यस दिन तिल मिसिएको कुशोदक पितृले मन पराउँछन् । यो तिथि श्राद्धादिका लागि उपयुक्त मानिन्छ ।

अमावस्यादिनं वोऽस्तु तस्यां कुशतिलोदकैः ।

तर्पिता मानुषैस्तृप्तिं परागच्छत नान्यथा ॥

तिला देया तथैतस्यामुपोस्य पितृभक्तितः ।

परमं तस्य सन्तुष्टा वरं यच्छत मा चिरम् ॥ *व. पु. ३४।८-९*

३६. कण्डु ऋषि र प्रम्लोचा अप्सरा कति वर्ष साथमा बसे ?

कण्डु ऋषिको तप भङ्ग गर्न आएकी प्रम्लोचामा आसक्त भएका ऋषिको जब मोह हट्यो, प्रम्लोचालाई सोधे - "कतिवर्ष भएछ, हामी पति-पत्नीका रूपमा बसेको ?" प्रम्लोचाले उत्तर दिइन् । "हे ऋषिवर ! अहिलेसम्म नौ सय सात वर्ष, छ महिना, तीन दिन व्यतीत भएछ । हामीलाई केही वर्ष जस्तो लागदथ्यो ।" यिनैबाट जन्मिएकी कन्या वार्क्षी हुन्, जसको विवाह दसप्रचेतासँग भएको थियो ।

सप्तोत्तराव्यंतीतानि नववर्षशतानि ते ।

मासाश्च षट् तथैवान्यत्समतीतं दिनत्रयम् ॥ *विष्णपु.प्र.१५।३२*

३७. भाद्रशुक्ल चतुर्थीमा चन्द्रदर्शन किन गर्नु हुदैंन ? के कारणले चन्द्र समुद्रबाट प्रकट भए ?

ब्रह्मपुत्र चन्द्रमा वनस्पतिका राजा बनाइएका थिए । शक्तिशाली, सुन्दर र मनमोहक रूपका धनी उनले दिग्विजय पश्चात् राजसूय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यज्ञ बृहस्पति गुरुको नेतृत्वमा पूर्ण गरे । उनमा अभिमानले बास गर्‍यो । भाद्रशुक्ल चतुर्थीका दिन गुरुपत्नी ताराको अपहरण गरी वलात् भोग गरे । यस घटनामा देवता र दानवको विशाल युद्ध नै भयो । दैत्यगुरु शुक्राचार्यले चन्द्रमालाई साथ दिए । अन्ततो गत्वा ब्रह्माले चन्द्रमालाई सम्झाई गुरुपत्नी फिर्ता गराए । एक वर्ष व्यतीत भैसकेछ । चन्द्रमाबाट एकपुत्र भए, जसको नाम बुध राखियो । यस कुकर्मले लज्जित चन्द्रमा शिवका शरणमा गए । शिवले चन्द्रलाई दुई भाग गरी एक भाग आफ्ना शिरमा राखी अर्को भाग ब्रह्मालाई दिनुभयो । जघन्य अपराध गरेका चन्द्रमाले मुख देखाउन नसकी समुद्रमा गई प्राण त्याग गरे । समयानन्तर समुद्रमन्थन प्रसङ्गमा चन्द्रमा समुद्रबाट प्रकट भए । गुरुपत्नी हरण गरेको दिन भाद्रशुक्ल चतुर्थी भएका कारण त्यस दिन कसैले चन्द्रदर्शन गरे, निर्दोष भए पनि कलङ्कित हुने अर्थात् दोषको भागी हुनुपर्नेछ, तसर्थ त्यस दिन चन्द्रदर्शन नगर्नु भनिएको हो ।

योगेन चन्द्रं योगीन्द्रो द्विखण्डं तं चकार सः ।
ररक्षार्थं ललाटे च सोऽप्यर्धं ब्रह्मणः पुरः ॥
एवमेव महादेवो बभूव चन्द्रशेखरः ।
मृगाङ्को लज्जितस्तत्र कलङ्की देवसंसदि ॥
लज्जया च स्वयोगेन देहत्यागं चकार सः ।
तच्छरीरञ्च क्षीरोदे ब्रह्मणा च समर्पितम् ॥
यस्माद्भाद्रचतुर्थ्यान्तु गुरुपत्नीक्षतिः कृता ।
तस्मात्तस्मिन् दिने वत्स पापद्रष्टयो युगे युगे ॥

ब्र.वै.पु.कृ. ८१।४७,४८,४९,५४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीकृष्णले पनि भूलवश भाद्रशुक्ल चतुर्थीका दिन चन्द्र दर्शन गर्नाले स्यमन्तकमणि चोरेको अभियोग लागेको थियो ।

३८. परशुरामका पिता ऋषि जमदग्नि क्षत्रियका हातबाट किन मर्नु पर्‍यो ?

एकदिनको कुरा हो, जमदग्नि र रेणुका उद्यानमा घुम्दै गर्दा निर्जन अबस्था देखी आफूलाई समाल्न नसकी भोग-विलासमा तल्लीन भए । मध्यदिन थियो । श्रीसूर्यनारायणले जमदग्नि जस्ता ऋषिको त्यो अबस्था देखी मन वशमा राख, यो समय भोगविलासको होइन भनी सम्झाउनु भयो । जमदग्निलाई आफ्नो कार्यमा विघ्न भएको महसूस भयो । उनले केही नसोची सूर्यनारायणलाई उल्टै राहुग्रस्त हुने श्राप दिए ।

अद्य मे निर्जने स्थाने रसभङ्गस्त्वया कृतः ।

मम शापात्पापदृश्यो राहुग्रस्तो भविष्यसि ॥ ब्र.वै.पु.कृ. ७९।३०

निर्दोष आफूलाई श्राप दिएको सुनी सूर्यले पनि तिमीलाई तपको अभिमान रहेछ, क्षत्रियसँग पराजित भइ क्षत्रियकै हातबाट (अस्त्रले) तिम्रो मृत्यु होस् भनी श्राप दिए ।

पराभूतः क्षत्रियेण भविष्यसि द्विजेश्वर ।

मरणं क्षत्रियास्त्रेण भवतश्च भविष्यति ॥ ब्र.वै.पु.कृ. ७९।४०

यो परस्पर श्रापाश्रापले दुवैलाई दुःखित बनायो । यसै कारण यदाकदा सूर्यलाई अमावस्याका दिन राहुले ग्रसित पार्दछ अर्थात् ग्रहण लाग्दछ । सूर्यका श्रापले जमदग्नि सहस्रार्जुनका हातबाट मर्नु पर्दछ । दुवैले आपसी श्रापको फल भोग्नु परेको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३९. बृहस्पतिकी पत्नी ताराको हरण किन भयो ?

बृहस्पतिका भाइको नाम उतथ्य थियो । उतथ्यकी पत्नीको नाम ममता थियो । एकदिन ममता उद्यानमा फूल टिप्न जाँदा बृहस्पतिसँग भेट भयो । बृहस्पतिले ममतालाई अत्यन्त सुन्दरी देखी कामवशीभूत भएर घृणित कर्म गरे, जसबाट जन्मिएका पुत्र भरद्वाज ऋषि हुन् ।

बृहस्पतिर्मुनिवरो मोहितः शिवमायया ।

भ्रातृपत्न्या वशी रेमे भरद्वाजस्ततोऽभवत् ॥ *शि.पु. उ.सं. ४।३८*

यो घटना आफ्नी पत्नीबाट सुनेका उतथ्यलाई रिस उठ्नु स्वभाविक थियो । उनले दाजु बृहस्पतिलाई श्राप दिंदै भने - "तपाईकी पत्नीलाई पनि परपुरुषले भोग गरोस् ।" यसै कारण तारा चन्द्रमाबाट भोगिइन् । यसबाट बुझिन्छ जस्तो गर्छौं, त्यस्तै फल भोग्नु पर्छ ; अर्थात् जैसा कर्म करेगा, वैसा फल देगा भगवान् ॥

उतथ्यपत्नीं दृष्ट्वा स पुरा रेमे स्वकामतः ।

तत्पतेः शापतोऽस्यैव परग्रस्ता प्रियासती ॥ *ब्र.वै.पु.कृ.८१।३०*

४०. श्रीराम र हनुमानको जन्म एउटै पायसबाट कसरी ?

आनन्दरामायणमा एउटा रोचक प्रसङ्ग पाइन्छ । राजा दशरथका तीन पत्नी थिए; कौशल्या, सुमित्रा र कैकेयी । यज्ञ समापन पश्चात् प्राप्त पायस दशरथले पत्नीहरूलाई दिए । सबैले खान जसै हात उठाए, कैकेयीका हातमा एउटा गिद्धले झम्टियो र उनका हातमा रहेको पायसको केही अंश लिएर उड्यो । के भो के भो भन्दा भन्दै गिद्ध टाडिई सकेको थियो । त्यो गिद्धले पायस मुखले च्यापी अन्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पर्वतमा तपस्यारत अन्जनाले आलस्यवशात् हाई गरेका समयमा मुखमा झारिदियो, जसबाट शिवको एघारौं अवतारका रूपमा शिवांश हनुमान्‌को जन्म भएको थियो । वायुको सहयोगले मुखमा परेको हुनाले वायुपुत्र या पवनपुत्र भनिएको हो । अन्जनाका श्रीमान्‌को नाम केसरी थियो, तसर्थ केसरीनन्दन पनि भनिन्छ । त्यो गिद्धका रूपमा सुवर्चला नामक अप्सरा थिइन् । ब्रह्मलोकमा नाचगान भइरहेका अबस्थामा सुवर्चलाको नृत्यभङ्ग भई हाँसो भयो, त्यो देखी ब्रह्माले गिद्ध भएस् भनी श्राप दिनुभयो । सुंवर्चलाले भूलवश त्रुटी भएको निवेदन गरेपछि दयावश त्रेतायुगमा कैकेयीका हातबाट पायस खोसी अन्जन पर्वतमा तपस्यारत अन्जनीका मुखमा पारिदिए पछि तिमी श्रापबाट मुक्त हुनेछ्यौ भनी सान्त्वना दिनुभयो । यो घटना पछि उनी मुक्त भईन् । यो कथालाई आधार मान्दा श्रीराम र हनुमान् एउटै यज्ञपायसबाट उत्पन्न दाजु भाइ रहेको पुष्टि हुन्छ ।

अहरत्पायसं हस्ताद्‌गृध्री शापविमोचकम् ।
सुवर्चलाऽप्सरोमुख्या नृत्यभङ्गात्स्वयम्भुवा ॥
शप्ता जाता तु सा गृध्री तया वेधा सुतोषितः ।
तस्यै तुष्टो विधिः प्राह कैकेयीपायसं यदा ॥
प्रक्षिपस्यन्जनगिरौ तदा ते भविता गतिः।
अप्सरा त्वं पूर्ववच्च भविष्यसि न संशयः ॥

आनन्दरामायण,सारकाण्ड १सर्ग१०४-१०६

४१. मेघनाद मार्नका लागि लक्ष्मणको कठोरव्रत

मेघनादले वर मागेको थियो - "जो १४ वर्षसम्म फलफूल- जल नखाई नसुती, ब्रह्मचर्यमा रहेको हुन्छ, उसले मात्र मलाई युद्धमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पराजित गर्नेछ । अर्थात् उसका हातबाट मात्र मेरो बध होस् ।" यो कुरा थाहा पाएका लक्ष्मणले १४ वर्षसम्म कठोर नियमको पालना गरेका थिए । यसरी नियममा रहेका कारण रावणपुत्र मेघनादलाई लक्ष्मणले पराजित गर्न सकेका हुन् ।

लक्ष्मणस्तद् गृहीत्वा च नैव भुङ्क्ते फलं जलम् ।

मेघनादवधार्थञ्च सीतोद्धारणकारणात् ॥

निद्रां न याति नो भुङ्क्ते वर्षाणाञ्च चतुर्दश ।

य एवं पुरुषो योगी तद्‌वध्यो रावणात्मजः ॥

ब्र. वै. पु. कृ. ११६।७-८

४२. श्रीकृष्णद्वारा पुत्रप्राप्तिका लागि कसको आराधना गरियो ?

संप्राप्ते षोडशे मासि संतुष्टः परमेश्वरः ।

पार्वत्या सहितः शम्भु ददौ कृष्णाय दर्शनम् ॥ *शि. पु. उमा. ३।१२*

साम्बो नाम महावीर्यः पुत्रस्ते भविता वली ॥ *शिवपु. उमासं. ३।२८*

अर्थात् श्रीकृष्णले पुत्रप्राप्तिका लागि १६ महिनासम्म गर्नु भएको तपस्याका कारण सन्तुष्ट शिव-पार्वतीले दर्शन दिदै पुत्र हुने वरदान दिनुभयो । फल स्वरूप जाम्बवतीबाट साम्बको जन्म भयो, जो अत्यन्त राम्रा थिए ।

४३. बाल्यकालमा विछोड भएपछि राधा र श्रीकृष्णको भेट कहिले ?

श्रीदामाबाट सय वर्ष श्रीकृष्णका साथमा विछोड होस् भनी श्राप पाएकी राधा सूर्यग्रहण स्नानका लागि सिद्धाश्रम अर्थात् समन्तपञ्चक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्षेत्र जाँदा श्रीकृष्णसित भेट भएको प्रमाण पाइन्छ, त्यो दिनसम्म सयवर्ष व्यतीत भैसकेको थियो । फेरि एक पटक रुक्मिणी, जाम्बवती, सत्यभामा आदि पत्नीहरूको अनुरोधमा राधा सहित उपस्थित गराई वैशाख पूर्णिमाका दिन रासलीलाको आयोजना गरिएको प्रसङ्ग गर्गाचार्यले लेख्नुभएको छ ।

माधवे पूर्णिमायां तु पुण्येसिद्धाश्रमे शुभे ।

प्रदोषकाले चन्द्राभेरासारम्भो बभूव ह ॥ *गर्गसं.द्वा.१८।१३*

रासलीला पश्चात् कुशल मङ्गल सोधेर स-सम्मान राधालाई द्वारकामा ल्याई विशेष भवन निर्माण गरी राख्नुभएको प्रसङ्ग गर्गसंहितामा छ ।

एवं सिद्धाश्रमे रासं कृत्वा श्रीराधिकेश्वरः ।

नीत्वा गोपीगणान्सर्वान्राधया सहितो हरिः ॥

सभार्यो भगवान्साक्षाद्वारकां प्रविवेश ह ।

कारयामास राधायै मन्दिराणिपराणि च ॥ *गर्गसं.द्वा.१८।४२-४३*

४४. रुक्मिणी, जाम्बवती आदि कृष्णपत्नीका साथमा राधाको भेट कहिले भयो ?

सूर्यग्रहणका समयमा सबैतिरबाट स्नानार्थ ठूलो भीड जम्मा भएको थियो । समन्तपञ्चक क्षेत्रमा उपस्थित सबै आ-आफ्ना तालमा रमाइ रहेका थिए । त्यसै क्रममा राधा पनि त्यहाँ आएको हल्ला चल्यो । रुक्मिणी आदि कृष्णपत्नीमा रूपको अभिमान थियो । उनीहरूले श्रीकृष्णकी प्रेमिकाका रूपमा मात्र राधाको नाम सुनेका थिए । कस्ति रहिछ हेरौं न भन्ने चासो लिई उनीहरू राधा बसेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थानमा गए । जब राधाको दर्शन भयो, अभिमान पूर्वक उनीहरू वार्तालापमा जुटे । राधाको सौन्दर्यले आफूहरूलाई निस्तेज भएको देखी मूर्च्छित भए । जब मूर्च्छाबाट ब्यूँझिए श्रीकृष्णप्रति राधाको प्रेम देखेर उनीहरूको अभिमान सदाका लागि चूर्ण भयो । कृष्णपत्नीहरू राधा र श्रीकृष्णको प्रसंशा गर्दै कृष्ण भएका स्थानमा फर्किएका प्रसंङ्ग गर्गाचार्यले उद्धृत गर्नु भएको छ ।

दूरात्तां राधिकां प्रेक्ष्य कृष्णपत्न्यः सहस्रशः ।
जग्मुर्मूर्च्छां महाराजतद्रूपेणाति मोहिताः ॥
तत्तेजसाहतरूचः सूर्यात्तारागणा यथा ।
गतरूपाभिमानास्ता ऊचुः सर्वाः परस्परम् ॥ *गर्गसं.द्वा.१७४१-४२*

४५. श्रीकृष्णजन्म प्रसङ्गमा योगमायाको जन्म कहिले ?

भाद्रकृष्ण अष्टमी मध्यराति श्रीकृष्णको जन्म भयो । श्रीकृष्ण जन्मको केही समय पश्चात् अष्टमी तिथि सकियो र नवमी तिथि प्रारम्भ भयो । नवमी तिथिमा योगमायाको जन्म भयो । त्यसैले देवीको तिथि नवमी मानिन्छ । यस प्रसङ्गलाई स्वयं विष्णुले योगमायालाई भन्नु भएको थियो ।

प्रावृट्काले च नभसि कृष्णाष्टम्यामहं निशि ।
उत्पत्स्यामि नवम्यां तु प्रसूतिं त्वमवाप्स्यसि ॥ *विष्णुपु.प.अं.११७८*

४६. रासलीला कति समयसम्म चल्यो ?

गोपीनीलाई केही क्षण जस्तो लागे पनि श्रीकृष्णले त्यो रातलाई छ महिना अवधि बराबरको बनाउनु भएको थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं षाण्मासिकीरात्रिः कृताकृष्णेन मैथिल ।

गोपीनां रासलीलायां व्यतीताक्षणवत् सुखैः ॥ *गर्गसं. वृ. २६।३४*

४७. सुदामा कति रात द्वारका बसे ?

सुदामा एक रात मात्र द्वारका बसे । उज्यालो भएपछि उनी श्रीकृष्णसंग अनुमति लिएर घर फर्किए ।

उषित्वा रजनीमेकां भुक्त्वा पीत्वा सुखं गतः ।

श्वभूते स्वगृहान्गन्तुं कृष्णं नत्वा मनोदधे ॥ *गर्गसं. द्वा. १७।५७*

श्रीमद्भागवतमहापुराणमा पनि सुदामा द्वारकामा एकरातमात्र बस्नुभएको प्रसङ्ग उद्धृत छ ।

ब्राह्मणस्तां तु रजनीमुषित्वाच्युतमन्दिरे ।

भुक्त्वा पीत्वा सुखं मेने आत्मानं स्वर्गतं यथा ॥

श्वभूते विश्वभावेन स्वसुखेनाभिवन्दितः ॥

जगाम स्वालयं तात पथ्यनुव्रज्य नन्दितः ॥

श्रीमद्भा. म. द. ८१।१२-१३

४८. युधिष्ठिर, भीमसेन र अर्जुनको जन्म कहिले -कहिले ?

<u>युधिष्ठिर</u>

ऐन्द्रे चन्द्रसमायुक्ते मुहूर्तेऽभिजितेऽष्टमे ।

दिवामध्यगते सूर्ये तिथौपूर्णेऽति पूजिते ॥ *महाभा. आ. १२३।६*

अर्थात् चन्द्रमा ज्येष्ठा नक्षत्रमा, सूर्य तुलामा, शुक्लपक्षको पूर्णा नामक पञ्चमी तिथि, अभिजित नामक मुहूर्तमा युधिष्ठिरको जन्म भएको थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भीमसेन

मघे चन्द्रसमायुक्ते सिंहे चाभ्युदिते गुरौ ।

दिवा मध्यगते सूर्ये तिथौ पुण्ये त्रयोदशे ॥

मैत्रे मुहूर्ते सा कुन्ती सुषुभे भीममच्युतम् ॥ *महाभा.आ.१२२।१९*

अर्थात् चन्द्रमा मघा नक्षत्रमा, बृहस्पति सिंह लग्नमा, मध्याह्न समय, त्रयोदशी तिथि, मैत्र मुहूर्तमा कुन्तीले भीमसेनलाई जन्म दिइन् ।

अर्जुन

उत्तराभ्यां तु पूर्वाभ्यां फल्गुनीभ्यां ततो दिवा ।

जातस्तु फाल्गुने मासि तेनासौ फाल्गुनःस्मृतः ॥

महाभा.आ.१२२। ३५-३६

अर्थात् फाल्गुन महिना पूर्वाफाल्गुनी र उत्तराफाल्गुनी नक्षत्रको सन्धिकालमा मध्य दिउँसो अर्जुनको जन्म भयो । फाल्गुन मास र फाल्गुनी नक्षत्रमा जन्म भएका कारण अर्जुनको नाम फाल्गुन पनि मानिन्छ ।

४९. पाँचपाण्डवको जन्म कति कति समयको अन्तरमा भएको थियो ?

अनुसंवत्सरं जाता अपि ते कुरुसत्तमाः।

पाण्डुपुत्रा व्यराजन्त पञ्च संवत्सरा इव ॥ *महाभा. आ.१२३।२२*

प्रतिवर्ष एक-एक गरेर उत्पन्न भएका थिए । देवस्वरूप हुनाले पाँच संवत्सर समान सुशोभित देखिन्थे । पाँचै भाइको नामकरण शतशृङ्ग पर्वतका निवासी ऋषिगणले गराएका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५०. श्रीरामको वनगमन कुन दिन भएको थियो ?

रावणस्य वधार्थाय यात्रां चक्रे रघूद्वहः ।

दशम्यां शुक्लपक्षस्य इषस्य मुनिसत्तम ॥ *देवीपु. ३९*

अर्थात् आश्विन शुक्ल दशमीका दिन रावण वधको उद्देश्य लिएर श्रीरामसीता र भाइ लक्ष्मणका साथमा वनवासार्थ निस्कनु भएको थियो ।

५१. लंका पुगेका हनुमान्लाई सीता भेट्न कतिदिन लाग्यो ?

लंका पुगेका हनुमान्ले सात रातसम्म खोजे पछि मात्र माता सीताको पत्ता लगाए ।

अथर्क्षाधिपतेर्वाक्याद्धनुमान्भीमविक्रमः ।

उल्लङ्घ्य सागरं घोरं शतयोजनविस्तृतम् ॥

सायं प्रविश्य लङ्कायां रात्रौ च व्यचरत्पुरीम् ।

अन्वेषयञ्जनकजां सप्तरात्राणि मारुतिः ॥ *देवीपु. ३९।१३-१४*

५२. विभीषण कसका अंश थिए ?

विभीषण धर्मराजका अंश थिए ।

धर्मः स्वयं तु संजातो लंकायां हि विभीषणः ॥ देवीपु. ३७।१४

५३. श्रीराम रावण बधार्थ वानरी सेना सहित किस्किन्धाबाट कहिले प्रस्थान गर्नुभयो ?

ततः स राघवश्चापि समस्तैर्वानरैर्वृतः ।

दशम्यां शुक्लपक्षस्य श्रावणे मासि निर्ययौ ॥ *देवीपु. ३९।३८*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५४. सेतुबन्धन कति समयमा ?

रचयामास जलधौ सेतुं मयसुतो नलः।

आरभ्य पौर्णमास्यां तु श्रावण्यां मुनिसत्तम ।

यामद्वयेन वै सेतुं सागरे वानरर्षभः ।

बबन्ध मुनिशार्दूल सर्वलोक सुदुष्करम् ॥ *देवीपु. ४०।६-७*

अर्थात् श्रावण महिना पूर्णिमा तिथि दुई याममा (प्रहरमा) मयपुत्र नलको नेतृत्वमा सेतुको निर्माण भयो । पुराणमा पुल निर्माणको समयमा भिन्नता पाइन्छ ।

५५. कामदेव किन भस्म भए ?

ब्रह्माले कामदेवको सृष्टि गरी शक्ति सम्पन्न भई जीवधारीमा एकछत्र राज्य गर्ने वरदान पनि दिनुभयो । कामदेवले ब्रह्माले दिनुभएको वरदानको शक्ति जाच्ने विचार गरी ब्रह्माका मनमा प्रवेश गरे । ब्रह्मा कामवशीभूत भई आफ्नी पुत्री सरस्वतीमा मोहित भए । अपयश पश्चात् ब्रह्मा झस्किए । लज्जा र क्रोधका कारण उनले कामदेवलाई शिवका क्रोधाग्निमा भस्म हुने श्राप दिए । ब्रह्माका श्रापका कारण शिवको तपस्या भङ्ग गर्न गएका कामदेव शिवका तृतीय नेत्रज्वालामा परी भस्म भए ।

यस्मान्ममापि भवता मनःसंक्षोभितं शरैः ।

तस्मात्वद्देहमचिराद्रुद्रो भस्मीकरिष्यति ॥ *मत्स्यपु. ४।१२*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५६. सूत जातिको उत्पत्ति र जीवन यापन कसरी ?

ऋषिहरूको श्रापले राजा वेनको मृत्यु पश्चात्, राजा नभएको देश असुरक्षित हुन्छ, भन्ने ठानेर एकत्रित ऋषि-मुनिले सुरक्षित राखिएको वेनको पार्थिव शरीर मन्थन गर्दा उत्पन्न जाति हुन्; सूत जाति । स्वयं नारायण नै सूतको रूपमा प्रकट हुनु भएको हो । यसै कारण यस वंशलाई पौराणिक वंश मानिन्छ । उनीहरूले पुराण भनेर जीविका चलाउँथे । भनिन्छ - सूताः पौराणिकाः प्रोक्ताः ॥ ईश्वरका कृपाले यो वंशका सबै पौराणिक मानिन्छन् ।

वेनपुत्रस्य वितते पुरा पैतामहे मखे ।
सूतः पौराणिको जज्ञेमायारूपः स्वयं हरिः ॥
प्रवक्ता सर्वशास्त्राणां धर्मज्ञोगुणवत्सलः ।
तं मां वित्त मुनिश्रेष्ठः पूर्वोद्भूतं सनातनम् ॥
अस्मिन् मन्वन्तरे व्यासः कृष्णद्वैपायनःस्वयम् ।
श्रावयामास मां प्रीत्या पुराणं पुरुषो हरिः ॥
मदन्वये तु ये सूताःसम्भूताः वेदवर्जिताः ।
तेषां पुराणं वक्तृत्वंवृत्तिरासीदजाज्ञया ॥ *कूर्मपु.उ.१३।१२-१५*

५७. वेदव्यासलाई काशीमा किन प्रवेश नगर्नु भनिएको हो ?

वेदव्यास काशीमा आनन्दले बस्नु भएको थियो । एकदिन भिक्षार्थ काशी घुम्दा कसैले पनि भिक्षा दिएनन् । त्यसदिन शिव पार्वतीको विवाहको दिन थियो । सबै उल्लासमय वातावरणमा रमाइरहेका थिए । भिक्षा न पाएका झोकमा काशी बासी सबैलाई श्राप दिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तयार भएका व्यासलाई देखी माता पार्वतीले भिक्षा दिदै आज उप्रान्त काशी नबस्नू, यहाँका बासिन्दा हाम्रा भक्त हुन् । यिनीहरूलाई श्राप दिने तपाईको अधिकार छैन, तत्काल काशी छोड्नुहोस्, अन्यथा म तपाईलाई श्राप दिन्छु भनिन् । क्षमा याचना गरी अष्टमी र चतुर्दशीमा काशी आउने अधिकार बक्सियोस् भनी वेदव्यास शरण परे ।

दयावश माता पार्वतीले पन्ध्रदिनमा दुई दिन, अष्टमी र चतुर्दशी काशीमा प्रवेश गर्ने अनुमति दिनुभयो ।

यसै कारण गङ्गापारी बेग्लै नगरको निर्माण गरी वेदव्यास बस्न थाल्नुभयो । यस नगरलाई व्यास नगर भनिन्छ । हाल देखिने गङ्गापारीको नगर नै व्यास नगर हो । शिव-पार्वतीको दर्शनार्थ अष्टमी र चतुर्दशीका दिन अहिले पनि वेदव्यास काशी आउनुहुन्छ भन्ने मान्यता रहिआएको छ ।

उवाच च महादेवी क्रोधनस्त्वं भवान् यतः।

इह क्षेत्रे नवस्तव्यं कृतघ्नोऽसित्वया सदा ॥

चतुर्दश्यामथाष्टम्यां प्रवेशं देहि शांकरि

एवमास्त्वित्यनुज्ञाय देवी चान्तरधीयत ॥ *कूर्मपु. उ. ३३।२९,३१*

५८. भगवान् भोलेनाथ नाचेको प्रसङ्ग

मङ्कणक नामक मुनि सप्तसारस्वत क्षेत्रमा कठोर तपस्या गरिरहेका थिए । भाव विस्वल हुँदै बेला-बेलामा उनी नाच्न थालेको देखी भक्त कल्याणार्थ स्वयं आशुतोष नृत्य गर्दै प्रकट हुनु भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हजारौं शीर, हजारौं नेत्र, हजारौं पाउ विकराल स्वरूप धारणगरी नृत्य गर्नु भयो ।

इत्याभाष्य मुनिश्रेष्ठं स रुद्रः किल विश्वदृक् ।
आस्थाय परमं भावं ननर्त जगतो हरः ॥
सहस्रशीर्षा भुत्वा हि सहस्राक्षः सहस्रपात् ।
दंष्टाकरालवदनो ज्वालामाली भयंकरः ॥ *कूर्मपु. उ. ३४।५२-५३*

५९. सीता कसरी रावणकी छोरी भइन् ?

अद्‌भुतरामायण अनुसार गृत्समद नामक ऋषिका सय भाइ पुत्र थिए । ऋषिलाई छोरीको चाहना थियो, सय भाइ छोरा हुँदा पनि छोरी भएनन् । अन्ततः लक्ष्मी समान पुत्री प्राप्तिका लागि उनले एउटा कलशमा अभिमन्त्रित गरी यज्ञ प्रारम्भ गरे । यसै बीचमा दैवसंयोग राक्षसराज रावण त्यहाँ आइपुग्यो । रावणले वलात् अभिमन्त्रित कलशमा ऋषिहरूकै रगत संकलन गर्न थाल्यो ।

इत्युक्त्वा स शराग्रेण क्षताच्छोणितमञ्जतः ।
बलादाकृष्य तेषां वै कलशेस्थापयत्प्रभुः ॥ *अ. रा. अ. १८*

राजधानी लंका गई रक्त संकलित कलश पूजा कोठामा राखी पत्नी मन्दोदरीलाई भन्यो- "यसमा विष छ, नचलाउनू, मरिन्छ भन्दै रावण आफ्नो काममा लाग्यो ।"

रावणपत्नी मन्दोदरीले दिन प्रतिदिन आफ्नो श्रीमान्‌लाई परस्त्रीमा आसक्त देखी दिक्दार भएर मर्नका लागि सोही पूजा कोठामा राखिएको कलशमा भएको पदार्थ पान गरिन् । श्रीमान्‌ले मरिन्छ भनेको हुनाले उनले मर्नका लागि लुकेर पान गरेकी थिइन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अचम्म भयो, उनी गर्भवती भइन् । श्रीमान्सँग सहवास नगरी गर्भ रहेकामा उनी दिन प्रतिदिन दुःखित रहन थालिन् । केही समय पश्चात् तीर्थयात्रा गर्न जान्छु, भनी यथार्थ लुकाई हिडिन् ।

किं वक्तव्यंमया साध्व्या गर्भिण्या भर्तृसंसदि ।

चिन्तया दग्धगात्रीव तीर्थसेवन छद्मना ॥ *अ.रा.अ.स.३३*

समय पुरा भएपछि एउटी बालिकालाई जन्म दिइन् । बाकसमा राखी माटामा गाडी उनी राजधानी फर्किइन् । संयोगवस अकाल परेर ऋषिहरूका सल्लाहले राजा जनक आफै हलो जोत्दै थिए । अचानक हलो अड्कियो, जहाँबाट माता सीताको उत्पत्ति भयो । यही कारण माता सीतालाई मन्दोदरी पुत्री अर्थात् रावणकी छोरी पनि मानिन्छ ।

रावणले ब्रह्मासँग वरदान माग्दा म अमर हुँ भनी माग्यो । अमर हुँदैनौ, अर्को वरदान माग भने पछि, त्यसो भए छोरीका कारणले मात्र मृत्यु होस् भनेर मागेको थियो । किन कि छोरीले पितालाई ज्यादा माया गर्दछन् । पक्कै पनि छोरीले पिताको मृत्युको कामना नगर्लिन् भन्ने रावणले सोचेको थियो ।

आत्मनो दुहिता मोहदात्त्यर्थं प्रार्थिता भवेत् ।

तदा मृत्युर्मम भवेत् यदि कन्या न कांक्षति ॥ *अद्भुतरा.अ.१२*

६०. सहस्रवदन रावणको मृत्यु कसका हातबाट र किन ?

श्रीराम लंकाधिपति राक्षसराज रावण नाश गरी आएपछि अयोध्यामा हर्षोल्लास छाएको थियो । सबैतिर रामचन्द्रको जय जयकार मात्र सुनिन्थ्यो । रामलाई राजसिंहासनमा राखिएको थियो । ब्रह्मा-विष्णु-महेश सहित इन्द्रादि देवताको पनि उपस्थिति थियो । सबैले रामको मात्र गुणगान गाइरहेको देखी रावण मार्न आफ्नो पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिका थियो, तर कसैका मुखबाट आफ्नो नाम उच्चारण नभएको देखी सीताले सभाका बीचमा भनिन् "जाबो दश टाउके रावण मार्दा यस्तो उत्सव छ, केही गरी हजारमुखी रावण मारेका भए के हुन्थ्यो होला ?" यो कुराले ठूलो ठाउँ पायो । हल्ल-खल्ल भयो । यथार्थ बुझ्दै जाँदा सुमाली पुत्री कैकसीले विश्रवा मुनिबाट दुईटा रावणलाई जन्म दिएकी, पहिलो हजारमुखी र दोस्रो दशमुखी । हजारमुखी पुष्कर द्वीपमा बस्तथ्यो भने दोस्रो दशानन लंकाधिपति थियो ।

सुमाली राक्षसश्रेष्ठो कैकसी नाम तत्सुता ।
मुनेर्विश्रवसः पत्नी सा सुत रावणद्वयम् ॥
एकः सहस्रवदनो द्वितीयो दशवक्त्रकः ।
जन्मकाले सुरैरुक्तमाकाशे रावणद्वयम् ॥
कनिष्ठो दशकण्ठोऽयं शितिकण्ठप्रसादतः ।
लंकामधिवसत्येष धनदेन विनिर्मिताम् ॥
श्रेष्ठः सहस्रवदनो रावणो लोकरावणः ।
स्वाभाविकबलेनासौ पुष्करद्वीपमाश्रितः ॥ *अ.रा.१७ सर्ग४१-४४*

लंकाधिपति दशाननलाई रामले वानरी सेनाको सहयोगले मारिसक्नु भएको थियो । एकत्रित भएका सबै हजारमुखी रावणसँग युद्धका लागि पुष्कर द्वीपतर्फ लागे । अद्भुत पराक्रमी सहस्राननसँग घनघोर युद्ध भयो । अतुल पराक्रमी रावणका साथमा युद्धमा होमिएका श्रीराम सहित सबैको होस उडिसकेको थियो । ब्रह्मा-विष्णु-महेशसहित श्रीराम पनि मूर्च्छित रहेको अवस्थामा पवनपुत्र हनुमान्लाई मात्र चेतना थियो । हनुमान् माता सीतालाई जानकारी गराउन अयोध्या दौडनुभयो । आफ्ना श्रीमान् मूर्च्छित हुनुहुन्छ भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खबरले हरेक नारीलाई पीडाबोध हुनु स्वभाविक हो । माता सीता तत्काल पुष्कर द्वीप पुग्नुभयो । आफूलाई हजारौं स्वरूपमा विभक्त गरी माता सीताले रावणसँग भयानक युद्ध गर्नुभयो । कालीको विकराल रूपमा रक्तपान गर्दै पृथिवी कम्पायमान गराउनु भयो । केही समय पश्चात् शिवलाई होस आएछ, माता सीताको भयानक रूप देखी आर्तनाद गरिरहेकी पृथिवीलाई सान्त्वना दिन तत्काल कालीको पाउ आफ्नो छातीमा पर्ने गरी सुत्नुभयो । आफ्नो पाउले कसैलाई कुल्चिए जस्तो लागी, नजर घुमाउँदा आशुतोषलाई आफ्नो पाउ मुनी देखेर पछुतो मान्दै रक्तरञ्जित जिब्रो बाहिर निकाल्नु भएको थियो । त्यसै प्रसङ्गमा आधारित कालीले शिवलाई कुल्चेको तस्वीरहरू अहिले पनि हामी यत्रतत्र पाउँछौं । हेर्दा हेर्दै माता सीताले खड्ग प्रहार गरी सहस्रानन रावणका शिरहरू काटिदिनु भयो । अर्थात् हजारौं सेना सहित रावणको अन्त्य भयो ।

शिरांसि रावणस्याशु निमेषान्तरमात्रतः ।

खड्गेन तस्य चिच्छेद सहस्राणीह लीलया ॥ आ.रा. २३ सर्ग १३

जानक्याः पादविन्यासे शवरूपधरो हरः ।

आत्मानं स्तम्भयामास धरणी धृतिहेतवे ॥

सर्वभारसहो देवः सीतापादतले स्थितः ।

शवरूपो विरूपाक्षः संस्थिताभूद्धरा तदा ॥ आ.रा. २३ सर्ग.६९,७०

श्रीराम सहित ब्रह्मादि देवतालाई माता सीताले चेतनायुक्त गराउनु भयो । श्रीरामले नारी शक्तिको सम्मान गर्न बिर्सिएकोमा क्षमा माग्दै हजार नामले माता सीताको स्तुति गर्नु भयो । आज उप्रान्त रामचन्द्र भन्नु भन्दा पनि 'सीताराम' भन्ने गरुन् । शक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विनाको पुरुषको कुनै औचित्य छैन । शिवले आज उप्प्रान्त 'उमामहेश्वर' या 'गौरीशंकर' भनुन् भन्नु भयो । विष्णुले आज उप्प्रान्त लक्ष्मीनारायण जप्नु विष्णु लक्ष्मी होइन, भनी सबैलाई सचेत गराउनु भयो । यसरी हरेक देवताले शक्तिको सम्मान गरी नारीशक्तिलाई उजागर गरेको यो अद्भुत प्रसङ्ग अद्भुतरामायणमा पाइन्छ । शिवमा रहेको इकार नै शक्ति हो । इकार हटाउने हो भने शिवनै शव हुन्छ । शव भनेको लाश हो । शक्ति बिना हरेक जीव लाश हो । तसर्थ नारी र पुरुष दुबैको महत्व बराबर छ । एउटा रथको दुइ पाङ्ग्राका रूपमा पुरुष र नारीलाई मान्नु पर्दछ । एउटा भाच्चियो भने रथ हिड्न कठिन हुन्छ । दुबैको योगदान समान रहन्छ । यस कथाको सार पनि यही हो ।

६१. नारदले विष्णुलाई किन श्राप दिए ?

ब्रह्मपुत्र नारद कठोर तपमा थिए । उनको तपभङ्ग गर्न इन्द्रद्वारा परिचालित कामदेवले निकै प्रयास गरे, तर कामदेवको प्रयास विफल भयो । तपद्वारा कामदेवलाई परास्त गर्न सफल देवर्षि नारदका मनमा सहसा अभिमानको उदय भयो । उनले ब्रह्मलोक, शिवलोक र विष्णुलोकसम्म कामदेवलाई परास्त गरेको डङ्का पिट्न भ्याए । भक्तका मनमा अभिमान भयो भने ईश्वरले त्यो अभिमान नष्ट गर्न उपाय रच्नु हुन्छ ।

शीलनिधि राजाको दरबारमा नारद पुगेछन् । देवर्षिको आगमनले राजा गद्गद भए । मेवा-मिष्ठान्नले सम्मान गरी परिवारको जन्मपत्रिका देखाउन थाले । उनकी छोरीको नाम श्रीमती थियो । उनी राम्री र विवाहयोग्य पनि थिइन् । लक्ष्मी समान राजकुमारीसँग आँखा जुधेका नारदको मनले ती कन्या कसरी प्राप्त गर्ने भनी सोच्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थाल्यो । स्वयंवरको तिथि मिति तोकेर विष्णु समान वर पाउने छिन् भन्दै नारद विष्णुलोक गए । देवर्षि नारदले भनेको तिथि मितिमै स्वयंवरको आयोजना राजाले गरे । नारद हर्षित हुँदै विष्णुलोक पुगी दण्डवत गरी "हे हरि ! हरिरूप केही समयकोलागि मलाई बक्सियोस् भनी विन्ति चढाए ।" प्रभुले पनि मुस्कुराउँदै तथास्तु भन्नुभयो । नारद शीलनिधि राजाको दरबार पुग्नुभयो । स्वयंवरको व्यापक तयारी थियो । धेरैतिरबाट एकत्रित राजा महाराजहरूको जमघट थियो । ढोकाबाट भित्र छिर्ने बेलामा नारदले आँखा चिम्लदै हे हरि ! अब हरिरूप प्रदान गर्नुहोस् भनेर भित्र पसी एउटा कुर्सीमा बसे । राजकुमारीलाई स्वयंवरका लागि ल्याइयो । नारद ढुक्क थिए । हरिको रूपमा छु, वरमाला मलाई नै लाइदिन्छिन् भन्ने थियो , तर त्यसो भएन । राजकुमारी सबैतिर घुमिन् । नारद भएको ठाउँमा आएर मुख खुम्च्याइन् । तत्काल एउटा दिव्य पुरुष घोडामा आएर भित्र मात्र छिरेको थियो राजकुमारीले उसैलाई वरमाला पहिर्‍याइन् । उनी साक्षात् नारायण नै थिए । वातावरण हर्षोल्लासमय बन्यो । नारदका दुबैतिर बस्ने दुबै जना नारदलाई बारम्बार हेरी हाँसिरहेका थिए । नारदले किन हाँस्छौ भन्दा गएर ऐना हेर भन्ने उत्तर पाए । आफूलाई मन परेकी राजकुमारीसँग विवाह गर्न नपाएकोमा र आफ्नो रूप वानरको देखे पछि नारदलाई उठ्नु रिस उठ्यो । उनी दायाँ बायाँ नहेरी विष्णुलोक पुगे । आज उनले नमस्कार गर्न समय खर्चिएनन् । हातमा जल लिएर श्राप दिदै भने -

हे हरे त्वं महादुष्टः कपटी विश्वमोहनः ।
परोत्साहं न सहसे मायावी मलिनाशयः ॥ *शि.पु.रु.सृ. ४।६*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीकृते व्याकुलं विष्णो मामकार्षीर्विमोहकः ।

अन्वकार्षीः स्वरूपेण येन कापट्यकार्यकृत् ॥

तद्रूपेण मनुष्यत्वं भव तद्दुःखभुग्घरे ।

यन्मुखं कृतवान्मे त्वंते भवन्तु सहायिनः ॥

त्वं स्त्रीवियोगजं दुःखं लभस्व परदुःखदः ।

मनुष्यगतिकः प्रायो भवाज्ञानविमोहितः ॥ *शि.पु.रु.सृ. ४।१५-१७*

अर्थात् हे हरि ! तिमी महादुष्ट, कपटी, संसारलाई मोहित गर्ने, अरुको उन्नति प्रगति नसहने, खराब सोच भएका, मायावी रहेछौ । म जसरी पत्नीका लागि तड्पिएँ, तिमी पनि तड्पनु परोस् । साधारण मानव भई पत्नी हरणको दुःख भोग्दा तिमीले मलाई दिएको वानर रूपले नै तिम्रो सहयोग गरुन् । नारायण भए पनि सामान्य मानव जस्तो लीला गर्नु परोस् ।

नारदको श्रापलाई शिरोधार्य गरी हरिले भन्नुभयो । तिमी जस्ता ज्ञानी, तपस्वी, कामजेतालाई म कसरी मोहजालमा फस्न दिन्थे ? बाध्य भएर यो लीला गरेको हो । तिमीले हरिको रूप माग्यौ, हरि भनेको वानर पनि हो, तिम्रो कल्याणका लागि वानर रूप प्रदान गरेको हुँ । त्रेतायुगमा मानवी लीला गर्नु छ । तिमीले श्राप दिएर अझ सजिलो बनाइ दियौ । मायाको पर्दा हटेपछि नारदलाई धेरै पश्चाताप भयो । हरिसँग क्षमा मागी साष्टाङ्ग गरेर नारायण, नारायण भन्दै नारद आकाशर्फ लागे । त्रेतायुगमा संसारलाई मर्यादा सिकाउन र राक्षसहरूको अन्याय, अत्याचार अन्त्यगरी संसारको कल्याणार्थ हरि नै श्रीरामका रूपमा अवतरित हुनु भएको हो । रावणले माता सीताको हरण गरेपछि श्रीरामले अलाप-विलाप गर्नु भएको थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी नारदले दिएको पत्नी वियोगको श्राप र साधारण मानव जीवन, तथा वानरीसेनाको सहयोग लिनु परोस् भन्ने श्राप पनि पूर्ण भयो ।

६२. ब्रह्मपुत्री सन्ध्या अर्को जन्ममा को भइन् ?

ब्रह्मपुत्री सन्ध्याले तप गरी आफ्नो शरीर त्यागीन् । अर्को जन्ममा मेधातिथि ऋषिकी छोरी अरुन्धती भई जन्मिएकी हुन् । अरुन्धतीको विवाह वसिष्ठसँग भएको थियो ।

सा च सन्ध्या सुता मे हि मनोजाता पुराऽभवत् ।

तपस्तप्त्वा तनुं त्यक्त्वा सैव जाता त्वरुन्धती ॥

मेधातिथेः सुता भूत्वा मुनिश्रेष्ठस्य धीमती ।

वव्रे पतिं महात्मानं वसिष्ठं शंसितव्रतम् ॥ *शि.पु.रु.स.५।९-१०*

६३. सतीदेवीद्वारा श्रीरामको परीक्षा किन ? सतीदेवीको मृत्यु किन भयो ?

त्रेतायुगको कुरा हो । एकदिन शिवका आँखाबाट अश्रुधारा बगिरहेको थियो । सतीदेवीले आश्चर्य मान्दै सोधिन् - "हे प्रभो ! के भयो ?" प्रभुले उत्तर दिनुभयो । मेरी माता सीताको अपहरण भयो । मेरा प्रभु श्रीराम अलाप-विलाप गरिराख्नु भएको छ । सतीदेवीले भनिन्- "साँच्चै श्रीरामभगवान् हुनुहुन्थ्यो भने किन अलाप-विलाप गर्नुहुन्थ्यो ?" श्रीरामको वास्तविकता म बुझ्छु भन्ने सम्झी सती तत्काल माता सीताको रूप धारण गरी सीता अपहरण भएको स्थानमा पुगिन् । लक्ष्मणले भाउजु सीतालाई देखी हर्ष प्रकट गर्दै दाजु श्रीरामलाई बोलाए । श्रीरामले सीताका रूपमा रहेकी माता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सतीदेवीलाई चिनी, "माते ! आज मबाट के भूल भयो र मेरी पत्नीका रूपमा मेरो परीक्षार्थ पाल्नुभयो ? के भोलेनाथ हुनुहुन्न ? किन यस बिकट वनमा घुमिरहनु भएको छ ?" इत्यादि प्रश्न गर्नुभयो । यी प्रश्न सुनी श्रीराम साक्षात् नारायण रहेछन् भन्ने सम्झी सतीदेवी पछुतो र लाजले तत्काल अन्तःर्ध्यान हुनुभयो ।

सीतारूपमहं धृत्वा गच्छेयं रामसन्निधौ ।

यदि रामो हरिः सर्वं विज्ञास्यति न चान्यथा ॥

इत्थं विचार्य सीता सा भूत्वा रामसमीपतः ।

अगमत्तत्परीक्षार्थं सती मोहपरायणा ।

सीतारूपां सती दृष्ट्वा जपन्नाम शिवेति च ।

विहस्य तत्प्रविज्ञाय नत्वाऽवोचद्रघूद्वहः ॥

राम उवाचः

प्रेमतस्त्वं सति ब्रूहि क्व शम्भुस्ते नमो गतः ।

एका हि विपिनेकस्मादागता पतिना विना ॥

त्यक्त्वा स्वरूपं कस्मात्ते धृतं रूपमिदं सती ।

ब्रूहि तत्कारणंदेवि कृपां कृत्वा ममोपरि ॥

शिवपु. रु. स. २४।४६-५०

सर्वेश्वर शिवबाट यी घटना लुकेका थिएनन् । शिवका इष्टदेव श्रीराम र श्रीरामका इष्टदेव शिव हुन् । यस दिनदेखि भोलेनाथ एकान्तप्रेमी हुनुभएको थियो । यस घटना पश्चात् शिवले सतीको शुद्धि के गरेर गर्ने भन्ने सोचिरहनु भयो । किन कि सतीले नै माता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सीताको रूप लिइन्, अब कसरी पत्नी मानौ ? तसर्थ सतीलाई दक्षयज्ञमा ज्ञानबाट रोक्न जबर्जस्ती गरिएन; जब कि शिवलाई थाहा थियो, सती दक्षयज्ञमा गइन् भने यिनको मृत्यु पनि हुनसक्छ।

यदि व्रजिष्यस्यतिहाय मद्वचो, भद्रं भवत्या न ततो भविष्यति।
सम्भावितस्य स्वजनात्पराभवो, यदा स सद्यो मरणाय कल्पते ॥

श्रीमद्भा. म. पु. ४।३।२५

सतीदेवीले पनि आफूले आफ्ना स्वामी भोलेनाथको श्रद्धा र विश्वासमाथि अश्रद्धा गरी अक्षम्य अपराध गरेकोमा देह त्याग गरी शुद्ध भएर आउने विचारले शिवको वचन उल्लंघन गरी माइत गएकी हुन् । सतीले यज्ञमा देह त्याग गरी हिमालयकी पुत्री पार्वतीका रूपमा जन्म लिएपछि मात्र शिवले पत्नी स्वीकार गर्नुभएको हो ।

यसको तात्पर्य कसैको श्रद्धा र विश्वाससँग खेलवाड गर्नु हुँदैन र मान्यजनले दिएको अर्ति उपदेश मान्नु पर्छ, अन्यथा क्षति हुन्छ भन्ने हो ।

६४. दक्षयज्ञका क्रममा भएको युद्धमा भगवान् विष्णु र वीरभद्रको युद्ध

सतीको देहत्याग पश्चात् शिवले वीरभद्र र महाकाली प्रकट गरी दक्षयज्ञ ध्वंस गर्न पठाउनु भयो । विष्णु र ब्रह्माको उपस्थितिमा आयोजित दक्षयज्ञ शिवगणले नष्ट गर्न थाले । उपस्थित देवगणका साथमा शिवगणको विशाल युद्ध भयो । 'पाहि पाहि विष्णो' भन्ने ध्वनि गुञ्जायमान भएपछि स्वयं विष्णु वीरभद्रका साथमा युद्ध गर्न थाल्नुभयो । उपाय केही नदेखी विष्णुले सुदर्शन चक्र प्रहार गर्नुभयो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर 'जय शिव शम्भो' भनेका वीरभद्रले त्यो दिव्य तेजयुक्त चक्र नै निलिदिए ।

अथ विष्णुर्महातेजा युयुधे तैश्च शत्रुहा ।

चक्रं चिक्षेप वेगेन दहन्निव दिशो दश ।

क्षेत्रपालः समायान्तं चक्रमालोक्य वेगतः ।

तत्रागत्यागतो वीरश्चाग्रसत्सहसा बली ॥ *शि.पु.रु.सं.ख.३७।१९-२०*

आफ्नो अमोघ चक्र वीरभद्रले निलिदिएपछि अन्यायको साथ दिदा पराजित भएँ भन्ने सम्झी क्षमा मागी, चक्र दिन अनुरोधगरी, शिवस्तुति गर्दै विष्णु त्यहाँबाट अन्तर्ध्यान हुनुभयो ।

अथ विष्णुर्महावाण्या बोधितस्तं महागणम् ।

असह्य वर्चसं ज्ञात्वा ह्यन्तर्धातुं मनो दधे ॥ *शि.पु.स.ख.३७।४१*

यसको तात्पर्य असीमित शक्ति भए पनि गलत ठाउँमा प्रयोग भयो भने हार व्यहोर्नु पर्छ भन्ने हो । ब्रह्मा-विष्णु-महेशका बीचमा जहाँ- जहाँ युद्ध भएको प्रसङ्ग पाइन्छ, त्यहाँ -त्यहाँ विचार गरौं, अन्यायको साथ दिदा जो सुकैले पनि हारेको देखिन्छ । बाणासुरका सहयोगी शिवले कृष्णसँग युद्धमा पराजित भएको प्रसङ्ग श्रीमद्भागवतमहापुराणमा पाइन्छ । परस्पर त्रिदेवले त्रिदेवको प्रशंसा, स्तुति, आराधना, तप गरेको उल्लेख प्रशस्त मात्रामा पुराणहरूमा वर्णित छन् । कुन प्रसङ्गमा कसको महिमा उजागर गर्नु छ , त्यही गरिएको मात्र हो । यी त्रिदेवमा केही भिन्नता छैन । केबल सत्व, रज, र तम तीन गुण एक-एकले स्वीकारी यो विश्व ब्रह्माण्डको सृष्टि, पालन र संहार कार्य गरेका हुन् । कुनैको शक्ति कम र कुनैको बेसी छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६५. भौमासुरको उत्पत्ति र ग्रहपद कसरी ?

प्रभोर्ललाटदेशात्तु यत्पृषच्छ्रमसंभवम् ।
पपात धरणौ तत्र स बभूव शिशुद्रुतम् ॥
चतुर्भुजोऽरुणाकारो रमणीयाकृतिर्मुने ।
अलौकिकद्युतिः श्रीमान् स्तेजस्वी परदुःसहः ॥

शि.पु.रु.पा.ख.१०।१४-५

अर्थात् भगवान् शंकर सती वियोगमा भौतारिएका समयमा थकित हुँदा ललाटबाट एक थोपा पसिना भूमिमा झरेछ । त्यस पसिनाबाट एक बालक उत्पन्न भई रुन थाल्यो । रमता योगी भोले बाबाले यादै गर्नु भएन । जब बालक अत्यधिक रोयो, स्वयं भूमि ममतामयी नारी रूपमा प्रकट भई स्तनपान गराइन् । त्यो देखी शिवले मेरो पुत्र भए पनि तिमीले स्तन पान गराई यसको रक्षा गर्यौ, तसर्थ यो बालक भूमिपुत्र अर्थात् भौम नामले जगमा प्रसिद्ध होस् । ग्रहपद प्राप्त गरी पूज्य पनि होस् भनी वरदान दिनुभयो ।

मम श्रमकभूर्बालो यद्यपि प्रियकृत्क्षिते ।
त्वन्नाम्ना स्याद् भवे ख्याता स्त्रितापरहितः सदा ॥
स बालो भौम इत्याख्यां प्राप्य भूत्वा युवा द्रुतम् ।
तस्यां काश्यां चिर कालं सिषेवे शंकरं प्रभुम् ॥
विश्वेश्वर प्रसादेन ग्रहत्वं प्राप्य भूमिजः ।
दिव्यं लोकं जगामाशु शुक्रलोकात्परं वरम् ॥

शिवपु.रु.पा.ख.१०।२२,२६,२७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्य पुराणमा भने भौमासुरको उत्पत्ति प्रसङ्ग अलिक भिन्न तरिकाको पाइन्छ । भगवान् विष्णुले पृथिवीको उद्धारार्थ वाराह अवतार लिनुभएको थियो । वराहरूपी विष्णु जलमार्गबाट रसातल पुग्नु भयो । आफ्ना दाह्रामा पृथिवीलाई राखी जलबाट माथि आउने क्रममा दैत्यराज हिरण्याक्षको बध पनि गर्नुभयो । दैत्य नष्ट गरी आइरहँदा पृथिवीले वाराहरूपी विष्णुसँग पत्नी बनाउन अनुरोध गरिन् । लामो समयसम्म भोग विलासमा रमाउँदा जन्मिएको बालकको नाम नै भौम हो ।

विष्णोर्वराहरूपस्य पत्नी सा श्रुतिसम्मता ।

तत्पुत्रो मङ्गलो ज्ञेयःसुयशा मङ्गलात्मजः ॥ *ब्र.वै.पु.प्र.८।२४*

जो वराहका कृपाले ग्रहपद प्राप्त गर्न सफल भयो । श्रीमद्भागवतमा श्रीकृष्णका हातबाट भौमासुरको मृत्यु भएको प्रसङ्ग छ । हरिवंशपुराणमा श्रीकृष्णले भौमासुर मारेपछि भूमिले श्रीकृष्णको प्रार्थना गर्दै भनेकी छिन्- "हजुरले नै यो पुत्र दिनु भएको थियो, हजुरले नै नाश पनि गरिदिनुभयो । हे प्रभो ! जे इच्छा छ त्यही गर्नुहोस् ।"

भूमिस्तु पतितं पुत्रं निरीक्ष्यादाय कुण्डले ।

उपातिष्ठत गोविन्दं वचनं चेदमब्रवीत् ॥

दत्तस्त्वयैव गोविन्द त्वयेव विनिपातितः ।

यथेच्छसि तथा क्रीड बालः क्रीडनकैरिव ॥ *हरि.पु.वि.प.६३।१२४-५*

६६. तारकासुरले किन शिवपुत्रबाट मर्ने वरदान माग्यो ?

दिति र कश्यपबाट वज्राङ्ग नामक पुत्र भयो । उसको विवाह वराङ्गी नामक ब्रह्मपुत्रीसँग भयो । वज्राङ्ग र वराङ्गीले कठोर तप गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खुसी ब्रह्माले दिग्विजयी पुत्र हुने वरदान दिनुभयो । यिनीहरूको पुत्रको नाम तारकासुर थियो । तारकासुरले आफूले गरेको तपबाट प्रसन्न ब्रह्मालाई देखी अमर हुने वरदान माग्यो, तर त्यस्तो वरदान दिन सकिदैन भनेपछि शिवपुत्र सेनापति भई युद्धमा आए भने उनका हातबाट मात्र मेरो मृत्यु होस् भनी माग्यो ।

शिववीर्यसमुत्पन्नः पुत्रः सेनापतिर्यदा ।

भूत्वा शस्त्रं क्षिपेन्मह्यं तदा मे मरणं भवेत् ॥*शि.पु.रु.पा. १५।४१*

उसलाई थाहा थियो, शिव सतीका वियोगमा छन् र उनी विवाहको मूढमा छैनन् । शिवले विवाह नगरुन्जेल शिवपुत्रको कल्पनै हुँदैन । शिवपुत्र नभए सम्म म बाँच्ने छु । उसले विचार गरेको थियो अब शिवले आजीवन विवाह गर्दैनन् म अमर हुँनेछु । समय व्यतीत हुँदै गयो देवताको अनुरोध स्वीकारी शिवले हिमालयपुत्री पार्वतीसंग विवाह गर्नुभयो । यस बीच विभिन्न घटनाक्रम चलिरह्यो अन्ततो स्कन्दको जन्म भई सेनापति पदमा अभिषिक्त भएर गरिएको युद्धमा तारकासुरको अन्त्य भयो । यसको सारांश आफूसँग भएको बल, बुद्धि, पराक्रमको सदुपयोग नगरे जस्तो सुकै वरदान पाए पनि औचित्य छैन भन्ने बुझ्नु पर्छ ।

६७. जालन्धरको उत्पत्ति र नामकरण कसरी ?

एक समय गुरु बृहस्पति र देवराज इन्द्र घुम्न निस्किएका थिए । अचानक उनीहरूका आँखा एउटा अद्भुत योगीमा पर्‍यो । इन्द्रका अभिमानी कुराले योगीको पारो तात्यो । योगी साक्षात् शिव हुनुहुन्थ्यो । शिवका निधारबाट अद्भुत ज्वाला निस्कियो । ज्वालाको तापमा परेर इन्द्र विचलित भई बृहस्पतिका साथमा शिवका शरणमा परे । इन्द्रका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्तुतिले प्रसन्न भोलेनाथले त्यो ज्वाला इन्द्र रक्षार्थ लवण समुद्रमा फ्याकि दिनुभयो । त्यो शिव तेज ज्वाला समुद्रमा पर्ना साथ बालकका रूपमा प्रकट भयो ।

अथो शिवस्य तत्तेजो भालनेत्रसमुद्भवम् ।

क्षिप्तं च लवणाम्भोधौ सद्यो बालत्वमाप ह ॥ *शि.पु.रु.यु.१४।४*

त्यो बालक अचम्म सित रुन थाल्यो । केही गरे समुद्रले फुल्याउन सकेनन् । उसको रोदनले सबैतिर चर्चा पायो । के अनौठो भयो भन्ने सम्झी स्वयं ब्रह्मा बालक रोएको आवाज सुन्दै समुद्र पुग्नु भएछ । ब्रह्माको आगमनले हर्षित समुद्रले त्यो बालक ब्रह्माका काखमा राखिदिनु भयो । बालकले जव ब्रह्माका दारीमा समाउन पायो, सायद अल्मलियो होला, उ रोएन । ब्रह्माले बालकको हातबाट दारी छुटाउन निकै परिश्रम गर्नु पर्‍यो । पीडाले ब्रह्माका आँखाबाट आसु नै झऱ्यो । बालक प्रकट भएको एघारौं दिन थियो । समुद्रले ब्रह्मालाई बालकको नामकरणका लागि अनुरोध गरे । मेरा आँखाबाट यो बालकले आँसु झारिदियो, तसर्थ जलन्धर नामले प्रसिद्ध हुनेछ, तत्काल युवा भई, अतुलपराक्रमी, योद्धा होस्, भनी ब्रह्मा अन्तर्ध्यान हुनुभयो ।

नेत्राभ्यां विवृतं यस्मादनेनैव जलं मम ।

तस्माज्जलंधरेत्याह ख्यातो नाम्ना भवत्यसौ ॥

अधुनैवैष तरुण सर्वशास्त्रार्थपारगः ।

महापराक्रमी धीरो योद्धा च रणदुर्मदः ॥ *शि.पु.रु.यु.१४।२४-२५*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शक्ति सम्पन्न जालन्धरको विवाह कालनेमिकी छोरी वृन्दासँग भयो । आफ्नो शक्तिको दुरुपयोगले देवी-देवता सबैलाई त्रसित बनायो । उसकी पत्नी वृन्दा पतिव्रता थिइन् । त्यही धर्मले उसलाई बाचय रहेको थियो । आखिर पार्वतीमा कुदृष्टि राखेपछि विष्णुले उसकी पत्नीको पतिव्रता धर्म नष्ट गरिदिनु भयो र युद्धमा शिवका हातबाट जालन्धरको मृत्यु भयो । यसै क्रममा वृन्दाले विष्णुलाई राक्षसले पत्नि हरण गरोस्, पत्नी वियोगमा वानर सहयोगी हुन्, भनीश्राप पनि दिइन् । पतिव्रताको श्रापलाई पूर्ण गरिदिन श्रीरामावतार भएको मानिन्छ ।

६८. श्रीकृष्णको वस्त्रावतार किन ?

एकदिन दुर्वासा स्नान गर्दै हुनुहुन्थ्यो । अचानक वहाँको कौपिन अर्थात् लगौटी नदीमा बग्यो । चिन्तित र किंकर्तव्यबिमूढ भएका अवस्थामा संयोगवश द्रौपदी स्नानार्थ आइछिन् । दुर्वासाको दयनीय अवस्था बुझी आफ्नो सारीको फेर च्याती उनले ऋषिको लाज जोगाइन् । नदीबाट आँखाभरि आँसु लिएर निस्किएका दुर्वासाले वरदान दिदै भने- "हे पुत्री ! तिमीले सारीको आँचल च्याती मेरो लाज जोगायौ, तिमीलाई आपत परेको अवस्थामा लाजको रक्षा ईश्वरले वस्त्रावतार भई गर्नेछन् ; अर्थात् तिम्रो सारी बढेको बढ्यै हुनेछ र तिम्रो रक्षा हुनेछ ।

घुनद्यामेकदा स्नानंकुर्वन्लग्नो बभूव ह ।
लज्जितोऽभून्मुनिश्रेष्ठो दुर्वासा कौतुकी मुने ॥
तज्ज्ञात्वा द्रौपदी स्नानं कुर्वती तत्र चादरात् ।
तल्लज्जा. छादयामास भिन्नस्वाञ्चलदानतः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्रौपद्यै च वरं प्रादात् तदञ्चलविवर्द्धनम् ।

पाण्डवान्सुखिनश्चक्रे द्रौपदी तद्वरात्पुनः॥

शि.पु.श.स.१९।६३,६४,६६

यही दुर्वासाको वरदान सिद्ध गर्न द्रौपदीलाई निमित्त बनाई श्रीकृष्णले वस्त्रावतार लिनुभएको हो । जूवामा सर्वस्व हारेपछि शीर झुकाएका पाँच पाण्डवका अगाडि सभाका बीचमा द्रौपदीलाई नाङ्गी बनाउने दुःस्प्रयास दुर्योधनले गरेको थियो । यसै प्रसङ्गमा दुःशासन सारी तानेको तान्यै ढली मुर्छा परेको थियो । सारीको रूपमा अवतरित श्रीकृष्णले एक असहाय नारीको इज्जत जोगाउनु भएको थियो । यो प्रभुको वस्त्रावतार हो ।

६९. चन्द्रमाका सत्ताइस पत्नीको हुन् ?

दक्षप्रजापतिका सत्ताइस ओटी छोरीहरूका साथमा चन्द्रमाको विवाह भएको थियो । चन्द्रमाका सत्ताइस पत्नीहरू सत्ताइस नक्षत्र हुन् । ज्योतिषशास्त्रमा गणना हुने सत्ताइस नक्षत्र अश्विनी, भरणी, कृत्तिका आदि चन्द्रमाका पत्नी हुन् ।

सप्तविंशत्तु याः कन्या दक्षः सोमाय ता ददौ ।

सर्वा नक्षत्रनाम्न्यस्ता ज्यौतिषे चैव कीर्तिताः ॥ *वायु.पु. ६६।५२*

यही प्रसङ्ग श्रीमद्भागवतमहापुराणमा पनि उल्लेख छ । चन्द्रमाका कृत्तिकादि सत्ताइस नक्षत्र नै पत्नी हुन् । चन्द्रमाको विशेष प्रेम रोहिणीमा देखी अन्य पत्नीहरूले पिता दक्षलाई पोल लाए । दक्षले क्रोधित हुँदै श्राप दिए । दक्षका श्रापले उनलाई क्षयरोग लाग्यो जस कारण उनका सन्तान भएनन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृत्तिकादीनि नक्षत्राणीन्दोः पत्न्यस्तु भारत ।

दक्षशापात् सोऽनपत्यस्तासु यक्ष्मग्रहार्दितः ॥ *श्रीमद्भा.म.ष.६।२३*

यही प्रसङ्ग हरिवंशपुराणमा छ ।

सप्तविंशतिमिन्दोस्तु दाक्षायण्यो महाव्रताः ।

ददौ प्राचेतसो दक्षो नक्षत्राणीति या विदुः ॥ *ह.पु.ह.पर्व २५।२२*

७०. अभिमन्यु पूर्वजन्ममा को थिए ?

चन्द्रमाका एक पुत्रको नाम वर्चा थियो । देवताहरूको विशेष अनुरोधले वर्चा नामक पुत्रलाई महाभारतको युद्धमा अलिकति भए पनि योगदान होस् भनी चन्द्रमाले आफ्नो कला बराबरको आयु प्रदान गरी कीर्ति राखी आएस् भनी पठाएका थिए । चन्द्रपुत्र वर्चा अर्जुन र सुभद्राबाट जन्म लिई अभिमन्यु नामले पाण्डवका प्यारा भएर रहन थाले ।

यस्तु वर्चा इति ख्यातः सोमपुत्र प्रतापवान् ।

सोऽभिमन्युर्बृहत्कीर्तिरर्जुनस्य सुतोऽभवत् ॥ *महा.आ.प. ६७।११२-३*

ततः षोडश वर्षाणि स्यास्यत्यमरसत्तमाः ॥ *महा.आ.प.६७।११७*

उनी अत्यन्त साहसी, शूरवीर, तेजस्वी र कुशल योद्धा पनि भए । सोह्र वर्षको उमेरमा नै उनको विवाह विराट राजाकी छोरी उत्तरासँग भयो । उनी सोह्र वर्षको उमेर हुँदा महाभारतको युद्ध भएको थियो । महाभारतका युद्धमा अद्भुत पराक्रम देखाएका उनलाई धर्मयुद्ध विपरीत गएर कौरवहरूले मारे । यसरी उनी केबल सोह्र वर्ष यस धरातलमा रहे । उनले वीरगति प्राप्त गर्दा उनकी पत्नी उत्तरा गर्भवती थिइन् । अभिमन्युका छोरा नै भगवद्भक्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परीक्षित् हुन्, जो शुकदेवस्वामीका मुखारविन्दबाट श्रीमद्भागवतमहापुराणको कथाश्रवण गरी मुक्त भएका थिए। अभिमन्युको प्रसङ्ग महाभारतमा विस्तृत रूपले अध्ययन गर्न सकिन्छ।

७१. भीमसेनका हातबाट धृतराष्ट्रका सयभाइ पुत्रले वीरगति प्राप्त

महाभारतको युद्धमा एउटा अनौठो रहस्य छ। दुर्योधन, दुःशासन आदि सयभाइको बध केवल भीमसेनको हातबाट भएको पाइन्छ।

वायुपुत्रस्तु भीमोऽसौ तव भ्राता महाबलः।

धृतराष्ट्र सुतान्सर्वान्संग्रामे निहनिष्यति॥ देवीपु.५६।१३

७२. महाभारतको युद्ध, को कतिदिनसम्म लडे ?

भीष्मेन सममूद्युद्धंदशरात्रं महामुने।

अर्बुदं स जघानैकः पाण्डुसैन्येषु नारद॥

दशमेऽहनि संग्रामे किञ्चिच्छेशे दिवाकरे।

धनञ्जयमहास्त्रेण हतो भीष्मः शिखण्डिना॥

ततः कर्णमुखा योधा द्रोणं कृत्वा महारथम्।

चक्रुः सुतुमुलं युद्धं भूयः पञ्च दिनानि च॥

एवमन्ये च निहताः सेनयोरूभयोरपि।

पञ्चमेऽह्नि तथा भग्नो द्रोणः पाञ्चालसूनुना॥

देवीपु.५७।३२,३४,३६,३९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् भीष्मपितामह दशरात युद्ध लडे, जसमा उनले असंख्य पाण्डवसेना मारे । दशौं दिनको अन्तिम क्षणमा शिखण्डिका सहयोगले भीष्मलाई अर्जुनले शरशय्यामा सुताए । त्यस उप्रान्त द्रोणाचार्यको नेतृत्वमा पाँच दिन युद्ध भयो । पन्ध्रौं दिनमा श्रीकृष्ण-भीमसेन-युधिष्ठिर आदिको वाक्चातुर्यताका कारण उनलाई द्रुपदपुत्र धृष्टद्युम्नले मारे । दुई दिन कर्णको नेतृत्वमा युद्ध भयो । कर्णले घटोत्कचलाई मारे, आफू अर्जुनका हातबाट मरे । कर्ण मरेपछि शल्यको नेतृत्वमा आधा दिन युद्ध भयो । शल्य मरेपछि दुर्योधन र भीमसेनको गदा युद्ध भइ भीमका हातबाट दुर्योधनको विनाश भयो । यसरी अठार दिनसम्मको महाभारत युद्धको अन्त्य भयो । महाभारतमा पनि देवीपुराणको जस्तै प्रमाण पाइन्छ ।

अहानि युयुधे भीष्मो दशैव परमास्त्रवित् ।

अहानि पञ्च द्रोणस्तु ररक्ष कुरुवाहिनीम् ॥

अहनी युयुधे द्वे तु कर्णः परबलार्दनः ।

शल्योऽर्धदिवसं चैव गदायुद्धमतः परम् ॥ *महा. आ. प. २।३०-३१*

७३. भीष्मको प्राण त्याग कहिले ?

माघे मासि सिताष्टम्यां भीष्मः प्राणान्समत्यजत् ॥ *देवीपु. ५७।५०*

अर्थात् माघ महिना शुक्लपक्ष अष्टमी तिथिका दिन भीष्मले प्राण त्याग गर्नुभयो । भीष्मको चाहना पाण्डवले युद्ध जितुन् भन्ने नै थियो । पाण्डव न्यायका निम्ति लडेका थिए । पाण्डवका पक्षमा साक्षात् श्रीकृष्ण हुनुहुन्थ्यो । युधिष्ठिर राजगद्दीमा बसेपछि मात्र प्राण त्याग्ने भीष्मको इच्छा थियो । छपन्न दिनसम्म शरशय्यामा कष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भोगी अनेकौं ज्ञान युधिष्ठिरलाई प्रदान गरी उत्तरायण लागेपछि श्रीकृष्णको सान्निध्यतामा माघशुक्ल अष्टमीका दिन भीष्मपितामहले इहलोक त्यागी दिव्यधाम प्राप्त गर्नुभयो ।

७४. महाभारतयुद्धमा खटिएका मध्ये कति अवशेष रहे?

यस युद्धमा बाँचेका कौरवपक्षका कृपाचार्य, अश्वत्थामा र कृतवर्मा हुन् । पाण्डवपक्षमा श्रीकृष्ण, सात्यकि र पाँच पाण्डव मात्र रहे । यसरी जम्मा दुवै पक्षका गरी दश जना जीवित थिए । युद्धमा नगएकाको यहाँ चर्चा गरिएको छैन । यस अकल्पनीय युद्धमा जम्मा अठार अक्षौहिणी सेनाले वीरगति प्राप्त गरे ।

कष्टं युद्धे दश शेषाः श्रुता मे, त्रयोऽस्माकं पाण्डवानां च सप्त ।
द्व्यूना विंशतिराहताक्षौहिणीनां तस्मिन् संग्रामे भैरवे क्षत्रियाणाम् ॥

महाभा. आ. १।२१७

७५. अर्जुन र कर्णको वैमनस्यताको रहस्य के ?

सत्ययुगको कुरा हो । शिवका साथमा सतीको विवाह गराउने कार्यमा स्वयं ब्रह्मदेव आचार्य हुनुहुन्थ्यो । सतीको सौन्दर्यले ब्रह्माको मनमा विकार उत्पन्न भयो । अग्निकुण्डमा काँचा दाउरा हालेर धुँवा सर्वत्र व्याप्त पारी ब्रह्मा सतीको समीप पुग्नु भएछ । यो घटनाचक्र थाहा पाएका शिवले तत्काल ब्रह्माको एउटा शिर काटिदिनु भयो । त्यो दिनसम्म ब्रह्माका पाँच शिर थिए । ब्रह्मा स्खलित भएछन् । चार थोपा वीर्य भूमिमा झरेछ, जो प्रलयकारी मेघका रूपमा स्थापित भए । संवर्तक, आवर्त, पुष्कर, र द्रोण यी चार मेघका नाम हुन् ।

चतुर्बिन्दुमितं रेतः पतितं यत्क्षितौ तव ।
तन्मितास्तोयदा व्योम्नि भवेयुः प्रलयंकराः॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संवर्तकस्तथाऽऽवर्तः पुष्करो द्रोण एव च ।

एते चतुर्विधास्तात महामेघा लयंकराः ॥ *शि.पु.रु.स. २०।२२,२४*

यो घटनाका दिन लज्जित भएका ब्रह्माले शिवसँग बदला लिने विचार गरी आफ्नो पसिनाबाट एउटा भयानक पुरुष प्रकट गरी शिवलाई मार्न भनी पठाए । जसलाई ब्रह्माको स्वेदजपुत्र भनिन्थ्यो ।

छिन्ने वक्त्रे पुरा ब्रह्मा क्रोधेन महता वृतः

ललाटे स्वेदमुत्पन्नं गृहीत्वा ताडयद् भुवि ॥ *पद्मपु.सृ.१४।३*

ब्रह्माको एक शिर कटेकोमा ब्रह्महत्याको दोष शिवलाई लागेको थियो । ब्रह्महत्याबाट त्रसित शिव ब्रह्माबाट प्रेषित त्यस भयानक पुरुषसँग डराएर विष्णुका शरणमा जानुभयो । शिवको रक्षार्थ विष्णुले शिवको त्रिशूल लिई आफ्नो दाहिने भुजामा प्रहार गर्नुभयो जसबाट रगतका साथै एउटा दिव्य पुरुष प्रकट भयो, जसलाई रक्तज भनिन्थ्यो । हेर्दा हेर्दै स्वेदज र रक्तजको भयानक युद्ध भयो । दुवै शक्ति सम्पन्न थिए ।

एवं समेतयोर्युद्धे दिव्यं वर्षद्वयं तयोः।

युध्यतोः समतीतं च स्वेदरक्तजयोर्नृप ॥ *पद्मपु. प्र.ख.१४।४२*

जब स्वेदज पराजित भयो, अर्को जन्ममा भए पनि बदला लिन्छु भन्दै ऊ अन्तःर्ध्यान भयो । स्वेदज र रक्तज नै अर्को जन्ममा सुग्रीव र वालि भए । ब्रह्माको सूर्यांशबाट सुग्रीव र विष्णुको इन्द्रांशबाट वालि भए । यस जन्ममा ब्रह्माको इच्छा स्वयं नारायण अर्थात् श्रीरामले पूर्ण गरिदिनु भयो । सुग्रीव विजयी भए, वालि पराजित । यी दुवै युद्धबाट तृप्त नभएका कारण द्वापरयुगमा कर्ण र अर्जुनका रूपमा आएका हुन् । ब्रह्मांश सूर्यको पुत्र कर्ण भए । विष्ण्वांश इन्द्रपुत्र नर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवतार अर्जुन भए । यो जन्ममा पनि दुवैको घमासान युद्ध भयो, जसमा विष्णु अंश इन्द्रपुत्र अर्जुन विजयी भए । ब्रह्महत्या लागेका शिवले लामो समयसम्म तीर्थयात्रा गर्नुभयो यसै क्रममा कपालमोचन तीर्थको उत्पत्ति भयो । ब्रह्माको स्तुति शिवले र ब्रह्माले शिवको स्तुति गरेपछि यो प्रसङ्गको समापन हुन्छ । यो कथा पद्मपुराणको प्रथमखण्डमा पाइन्छ ।

७६. ब्रह्माद्वारा आयोजित यज्ञ कुन ठाउँमा र गायत्रीको नामाकरण कसरी ?

ब्रह्मा उत्पन्न भएको पवित्र क्षेत्र पुष्कर हो ।

यो कुरा स्वयं ब्रह्माका मुखबाट उद्धृत छ ।

अहं यत्र समुत्पन्न पद्म तद्विष्णुनाभिजम् ।

पुष्करं प्रोच्यते तीर्थमृषिभिर्वेदपाठकैः ॥ *पद्मपु. सृ.. ख. १५।२०*

एकदिन यज्ञ गर्ने इच्छाले ब्रह्मा कमलपुष्प हातमा लिई हिँडिरहनु भएको थियो । अचानक एक ठाउँमा ठोक्किएर ब्रह्माका हातमा रहेको कमल पुष्प भूमिमा झऱ्यो । जहाँ पुष्प झरेको थियो, त्यस स्थललाई पुष्कर तीर्थ भनिन्छ । यो पावन तीर्थ, सबै तीर्थमा श्रेष्ठ मानिन्छ । मानौ, सबैको मनोरथ पूर्ण गर्न धरातलमा स्थित छ ।

तीर्थं तु पुष्करं नाम यत्तु श्रेष्ठतमं स्मृतम् ।

सर्वेषां द्विजमुख्यानां मनोरथमिव स्थितम् ॥ *पद्मपु. सृ. ख. ११।२*

ब्रह्मा उत्पन्न भएको ठाउँ र कमलपुष्प झरेको ठाउँ एउटै हो । ब्रह्माले त्यही पवित्र भूमिमा यज्ञ प्रारम्भ गर्नुभयो । पटक-पटक अनुरोध गर्दा पनि ब्रह्मपत्नी सावित्री यज्ञस्थलमा आउन ढिला गरेकी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कारण क्रोधित ब्रह्माले यज्ञको शुभ मुहूर्त भन्दा अघि नै तत्काल एउटी कन्या उपस्थित गराऊ भनी देवराज इन्द्रलाई आदेश दिए।

एवमुक्तस्तदा ब्रह्मा किंचित्कोपसमन्वितः।

पत्नीं चान्यां मदर्थे वै शीघ्रं शक्र इहानय ॥

यथा प्रवर्तते यज्ञः कालहीनो न जायते।

तथा शीघ्रं विधित्स्व त्वं नारीं कांचिदुपानय ॥ पद्मपु. सृ. १६।२८-९

इन्द्रले खोज्दै जाँदा एउटी अत्यन्त सुन्दरी अहीर कन्या फेला पारी ब्रह्माकी पत्नी हुन हिँड भनी ल्याए। अहीर कन्याले केही समयका लागि मात्र हो भने, म पत्नी बन्दिन भनी अनुरोध गरिन्। विष्णु, शिव, इन्द्रादि देवताहरूको सहमतिमा ब्रह्माले तत्काल गान्धर्व विधिले ती कन्यासँग विवाह गरी आफ्नी धर्मपत्नी बनाए। सबैका अगाडि यी मेरी धर्मपत्नी भइन्, आज उप्रान्त यिनी गायत्री नामले प्रसिद्ध हुने छिन् र समस्त ब्राह्मणकी वन्दनीय, प्रातःस्मरणीय पनि हुने छिन् भनी ब्रह्मा जंगिए।

एवं चिन्तापराधीना यावत्सा गोपकन्यका।

तावद्ब्रह्मा हरिं प्राह यज्ञार्थं सत्वरं वचः ॥

देवी चैषा महाभागा गायत्री नामतःप्रभो।

एवमुक्ते तदा विष्णुर्ब्रह्माणं प्रोक्तवानिदम् ॥

अमुं गृहाण देवाद्य अस्याःपाणिमनाकुलम्।

गान्धर्वेण विवाहेन उपयेमे पितामहः॥

पद्मपु. सृ. १६।१८४,१८५,१८७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी सबै घटनाक्रम सकिएपछि मात्र सावित्री आइपुगीन् । क्रोधित सावित्रीले त्यहाँ उपस्थित प्राय: सबैलाई केही न केही श्राप दिइन् । ब्रह्मालाई श्राप दिदै उनले भनिन्, "ब्राह्मणले वर्षमा एक पटक वाहेक तपाईको एकल पूजा नगरुन् ।"

नैव ते ब्राह्मणाः पूजां करिष्यन्ति कदाचन ।

ऋते तु कार्तिकीमेकां पूजां सांवत्सरीं तव ॥ *पद्मपु.सृ.१७।१४६*

विष्णुले सावित्रीलाई सम्झाइ बुझाइ यज्ञ पूर्ण गराए । यी कथा पद्मपुराणको प्रथमखण्ड अन्तर्गत १६-१८ अध्यायमा विस्तृत रूपमा वर्णित छन् ।

७७. मुख्य पितृ कति मानिन्छन् ?

पितृहरू चार मूर्तिमान् र तीन मूर्तिरहित मानिन्छन् । सुकाल, आङ्गिरस, सुस्वधा, सोमपा यी मूर्तिमान् र वैराज, अग्निष्वात्त, बर्हिषद् यी तीन अमूर्त छन् ।

चत्वारो मूर्तिमन्तश्च त्रयस्तेषाममूर्तयः ॥ *हरि.पु. ह.प. १८।४*

७८.श्राद्धमा प्रार्थना पूर्वक उच्चारण गरिने सप्तव्याधा दशार्णेषु .... को रहस्य के ?

विभिन्न पुराणमा यस विषयमा चर्चा गरिएको छ, तापनि हरिवंशपुराण अनुसार विश्वामित्रका सात भाइ पुत्रहरू (वाग्दुष्ट, क्रोधन, हिंस्र, पिशुन, कवि, खसृम र पितृवर्ती) गार्ग्य ऋषिका शिष्य भइ गुरुकुलमा बस्तथे ।

कौशिकस्य सुतास्तात शिष्या गार्ग्यस्य भारत ।

पितर्युपरते सर्वे व्रतवन्तस्तदाभवन् ॥ *हरि.पु.ह.प. २१।६*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकदिन उनीहरू गुरुका आज्ञाले कपिला गाई र बाच्छा लिई वनमा चराउन गएका थिए । त्यो दिन उनीहरूलाई ज्यादै भोक लाग्यो । भोक लागेपछि मानवले धर्म छोड्छ । कवि, खसृम र पितृवर्तीले रोक्दा रोक्दै पनि अन्यले गाईलाई नै मारी खाने तयारी गरेको देखी पितृवर्तीले खाने नै भए पितृलाई अर्पण गरी खानुपर्छ भनी प्रस्ताव राखे । सबैको सल्लाह मिल्यो र गाई काटी पितृलाई अर्पण गरी खाए ।

एवं सा भक्षिता धेनुः सप्तभिस्तैस्तपोधनैः।

वैदिकं बलमाश्रित्य क्रूरे कर्मणिनिर्भयाः ॥ *मत्स्यपु. २०।११*

तर सिंहले गाई खायो, बाच्छो मात्र ल्यायौं भनी गुरुलाई सुनाए । समय व्यतीत हुँदै गयो, यी सातै जनाको मृत्यु भयो । गोहत्या जस्तो जघन्य अपराध र गुरुसँग झूठ बोलेका कारण अर्को जन्ममा दशार्ण देशमा क्रूर स्वभाव भएका व्याधा भई जन्मिए । यस जन्ममा उनीहरूको नाम निर्वैर, निर्वृति, शान्त, निर्मन्यु, कृति, वैधस र मातृवर्ती भयो ।

पितृलाई अर्पण गरेका पुण्यका प्रभावले उनीहरूमा पूर्वजन्मको स्मृति भने रह्यो । पूर्वजन्मको स्मृतिका कारण उनीहरू मातृपितृ भक्त भइ धार्मिक बाटोमा लागे । मातापिताको मृत्यु पश्चात् यिनीहरूले पनि प्राण त्याग गरे । यस जन्मको पुण्यका प्रभावले उनीहरू मृग भइ जन्मिए । मृगयोनिमा रहे पनि गाई मारेको पाप र गुरु वञ्चनादि कुरा सम्झिएर होला रमणीय कालञ्जर पर्वतमा उद्विग्न भई बस्तथे । त्यो जन्ममा उनीहरूको नाम उन्मुख, नित्यवित्रस्त, स्तब्धकर्ण, विलोचन, पण्डित, घस्मर, र नादी थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्वजन्मको स्मरणले जीवन देखि दिक्दार उनीहरूले मृगयोनि पनि त्यागे । यिनीहरूको पादचिह्न आज पनि कालञ्जर पर्वतमा पाइन्छ भन्ने मान्यता छ । यसपछि उनीहरूको जन्म चक्रवाक नामक पक्षिका योनिमा भयो । सातै जना जलचर भई द्वीपमा रही ब्रह्मचर्यको पालन गर्दथे । यस जन्ममा उनीहरूको नाम निःस्पृह, निर्मम, क्षान्त, निर्द्वन्द्व, निष्परिग्रह, निर्वृति, र निर्भृत थियो । यो जन्ममा पनि पूर्वजन्मको स्मरणका कारण केही समय निराहार रही त्यो जीवन त्याग गरे । त्यस उप्रान्त सातै भाइ मानसरोवरमा विचरण गर्ने हाँसका रूपमा उत्पन्न भए । यिनीहरूले ब्राह्मण योनिको समयमा मोहवश गुरुसँग झूठो बोलेका पापले संसारमा भट्किरहे । पितृ निमित्त अर्पण गरेर मात्र खाएका प्रभावले उत्तरोत्तर उत्तम गति प्राप्त हुँदै गयो । यो जन्ममा उनीहरूको नाम सुमना, शुचिवाक्, शुद्ध, पञ्चम, छिद्रदर्शन, सुनेत्र, र स्वतन्त्र थियो । यी हाँसहरू आकाशचारी, ब्रह्मचारी, ब्रह्मवादी भै योगधर्ममा रही विचरण गर्न थाले । यही बीचमा पौरवंशी विभ्राज नामक राजा आफ्नो प्रभाव देखाउँदै अन्तःपुरलाई नै लिई हाँसहरू बस्ने स्थानमा पुगेछन् । स्वतन्त्र नामक हाँसले राजालाई देखी राजा बन्ने चाहना व्यक्त गरे । स्वतन्त्र हाँसको कुरा सुनी अरु दुई हाँसले पनि मन्त्री हुने इच्छा व्यक्त गरे । यिनीहरूको कुरा सुनी शुचिवाक् नामक हाँसले स्वतन्त्र नामक हाँसलाई भन्यो, "योगधर्म छोडी पथभ्रष्ट हुने शोच लिईस्, त्यसैले तँ काम्पिल्य नगरको राजा भई उत्पन्न हुनेछस् र यी दुई तेरा मन्त्री हुनेछन् ।" त्यस दिनदेखि शेष चार जना हाँसले स्वतन्त्र आदि तीन हाँससँग बोल्न छोडे । स्वतन्त्र आदि तीन हाँस चिन्तित रहन थाले । शेष चार हाँसले भने, "तिमीहरू राजा मन्त्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भए पनि कसैले हाम्रो पूर्वजन्मको सन्दर्भ सुनाइदियो भने तिमीहरूलाई तत्काल ज्ञान प्राप्त हुनेछ।" समय व्यतीत हुँदै गयो। सातवटै हाँसको मृत्य भयो। स्वतन्त्र हाँस चाहना अनुसार काम्पिल्य नगरमा अणुह राजाका ब्रह्मदत्त नामक ज्ञानी पुत्रका रूपमा जन्मिए। छिद्रदर्शन र सुनेत्र हाँस यसै नगरका राजमन्त्रीका कुलमा वेदवेदाङ्ग पारङ्गत भई उत्पन्न भए। यिनीहरूले पाञ्चाल र कण्डरीक नामले ख्याति पाए। ब्रह्मदत्त सबै प्राणीको बोली बुझ्न सक्तथे। ब्रह्मदत्तको मित्रता पाञ्चाल र कण्डरीकसँग भयो। असित देवलकी छोरी संनतिसँग ब्रह्मदत्तको विवाह भयो। शेष चार जना काम्पिल्य नगरमै दरिद्र कुलमा सहोदर भाइ भई जन्मिए। उनीहरू धृतिमान्, सुमना, विद्वान्, र तत्वदर्शी नामले प्रसिद्ध थिए। यी चार भाइ बाल्यकालदेखि नै ज्ञानी भएका कारण पितालाई सप्तव्याधा दशारण्ये भन्ने श्लोक सिकाइ राजा ब्रह्मदत्तलाई सुनाइदिनु भनी योगाभ्यास गर्न वन गए। विभ्राज नामक राजा ब्रह्मदत्तका पुत्र भई जन्मिए, जस्को नाम विष्वक्सेन थियो। एकदिन ब्रह्मदत्त पत्नी सहित वन जाँदा वनमा कमिलाका पति-पत्नी बीच भएको कुरा सुनी हाँसे। रानी संनतिलाई न राम्रो लागेछ, उनी रिसाइन्। पिताबाट आज्ञा लिइ योगाभ्यास गर्न वन गएका चार भाइले राजा ब्रह्मदत्त र मन्त्री पाञ्चाल र कण्डरीक हाम्रै भाइ रहेछन् भन्ने चाल पाइ संयोगले वनमा भेट हुँदा यी श्लोक गाए।

सप्तव्याधा दशार्णेषु मृगाः कालञ्जरे गिरौ।
चक्रवाकाः सरद्वीपे हंसाः सरसि मानसे॥
तेऽभिजाताः कुरुक्षेत्रे ब्राह्मणा वेदपारगाः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रस्थिता दीर्घमध्वानं यूयं किमवसीदथ ॥ *हरि.पु .ह.प. २४।२०-२१*

ये विप्रमुख्याः कुरुजाङ्गलेषु दासास्तथा दासपुरे मृगाश्च ।

कालञ्जरे सप्त च चक्रवाका ये मानसे ते वयमत्र सिद्धाः ॥

मत्स्यपु. २१।९

अर्थात् जो दशार्ण देशमा व्याधा, कालञ्जर पर्वतमा मृग, सरद्वीपमा चक्रवाक, तथा मानस सरोवरमा हंस भएका थिए, ती मध्ये हामी चार भाइ कुरुक्षेत्रमा वेदपारगी कुलीन ब्राह्मण भइ दीर्घमार्ग अर्थात् योग साधनागरी मुक्त हुन खोज्दैछौ, भने बाँकी रहेका तिमीहरू तीन जना योगमार्गबाट भ्रष्ट भई किन दुःख भोग्न खोज्दैछौ । यी वाणी सुनी राजा र दुवै मन्त्री मूर्च्छित भए । मूर्च्छाबाट होसमा आउन्जेल ती चार भाईले डाँडो काटिसकेका थिए । यिनीहरूलाई भगवद् कृपा भयो । समस्त पूर्वजन्म झल्झली भयो । उता योगमार्गमा लागेका चार भाइले योगद्वारा प्राण त्यागी सदाकालागि मुक्त भए । एता यी तीन भाइले ब्रह्मदत्तका पुत्र विष्वक्सेनलाई राज्य सुम्पिएर, सांख्ययोग र वैदिक कर्मद्वारा ईश्वरको आराधनागरी सदाकालागि मुक्त भए । उनीहरूले गाई मारी गाईकै मासु खाने जस्तो जघन्य अपराध गरेता पनि उनीहरूमा रहेको पितृभक्तिले गर्दा उत्तरोत्तर उत्तम गति प्राप्तगरी मुक्त भए । तसर्थ यो कथा पितृभक्तिको उदाहरणमा प्रयोग भएको हो । यी घटना पश्चात् पितृकर्ममा अनिवार्य रूपमा सप्तव्याधा दशार्णेषु... भन्ने पितृगाथारूपी श्लोकहरू पढ्न थालियो । पितृहरू प्रति सदा सर्वदा श्रद्धाभाव कायम रहोस् । ईश्वर र पितृलाई अर्पण गरेर खाने स्वभाव बनोस् । पितृको आशिर्वादले आयु, प्रजा धन-धान्य, स्वर्ग, मोक्षको प्राप्ति हुन्छ । भन्ने यो कथाको सार हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७९. देवकर्म र पितृकर्ममा अर्पण गरिएको अन्न जल कसरी देवता र पितृले पाउँछन् ?

यस विषयमा मत्स्यपुराणमा प्रश्न उत्तर दुवै पाइन्छ।

ऋषय ऊचुः

कथं कव्यानि देयानिहव्यानिचजनैरिह ।
गच्छन्तिपितृलोकस्थान् प्रापकः कोऽत्र गद्यते ॥
यदि मर्त्यो द्विजो भुङ्क्ते हूयते यदिवानले ।
शुभाशुभात्मकैः प्रेतैर्दत्तन्तद्भुज्यते कथम् ॥

सूत उवाच

वसून् वदन्ति च पितृन् रुद्रांश्चैव पितामहान् ।
प्रपितामहांस्तथादित्यानित्येवं वैदिकी श्रुतिः॥
नामगोत्रं पितृणान्तु प्रापकं हव्यकव्ययोः ।
श्राद्धस्यमन्त्राः श्रद्धा चउपयोज्यातिभक्तितः ॥
अग्निष्वात्तादयस्तेषामाधिपत्येव्यवस्थिताः ।
नामगोत्रकालदेशाभवान्तरगतानपि ॥
प्राणिनः प्रीणयन्त्येते तदाहारत्वमागतान् ।
देवो यदि पिता जातः शुभकर्मानुयोगतः॥
तस्यान्नममृतं भूत्वा दिव्यत्वेऽप्यनुगच्छति ।
दैत्यत्वे भोगरूपेण पशुत्वे च तृणं भवेत् ॥
श्राद्धान्न. वायुरूपेण सर्पत्वे प्युपतिष्ठति ।
पानं भवति यक्षत्वे गृध्रत्वेऽपि तथामिषम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनुजत्वे तथा माया प्रेतत्वे रुधिरोदकम् ।
मनुष्यत्वेऽन्नपानानि नानाभोगरसं भवेत् ॥
रतिशक्तिःस्त्रियःकान्ता भोज्यं भोजनशक्तिता ।
दानशक्तिःसविभवा रूपमारोग्यमेव च ॥
श्रद्धा पुष्पमिदं प्रोक्तं फलं ब्रम्हसमागमः ।
आयुः पुत्रान्धनं विद्यां स्वर्गं मोक्षं सुखानि च ॥
राज्यं चैव प्रयच्छन्ति प्रीताः पितृगणा नृणाम् ।
श्रूयते च पुरा मोक्षंप्राप्ताः कौशिकसूनवः॥

मत्स्यपुराण १९।९-१२

अर्थात् सारांशमा हामीले यज्ञयज्ञादि तथा पितृकर्ममा जुन चरु अन्न जलादि अर्पण गर्दछौ, त्यो कसरी देवता र पितृलाई प्राप्त प्राप्त हुन्छ ? यो ऋषिहरूको प्रश्नमा सूतजी उत्तर दिनुहुन्छ - "नाम गोत्र उच्चारण पूर्वक जो संकल्प गरिन्छ, स्वाहादेवीका कृपाले देवताले प्राप्त गर्दछन्, भने नाम गोत्र श्राद्धमा प्रयुक्त मन्त्र तथा श्रद्धा पूर्वक अर्पण गर्नाले स्वधादेवीले सम्बन्धित ठाउँमा पुर्याउनु हुन्छ । हाम्रा पितृ देवाताका रूपमा भए अमृतका रूपमा, दैत्य भए भोगका रूपमा, पशु भए घाँसका रूपमा, सर्प भए वायु रूपमा, गिद्ध भए मासुका रूपमा, दनुज भए मायाका रूपमा, प्रेत भए रगतका रूपमा, मनुष्य भए नाना भोगरसका रूपमा प्राप्त हुन्छ । श्रद्धापूर्वक गरिएका कर्महरू निष्फल हुँदैनन् । अवश्य देवता र पितृहरूले प्राप्त गर्दछन् । त्यसबाट सन्तुष्ट देवता र पितृले हामीलाई दीर्घायु, धन-धान्य, सन्तति, विद्या, स्वर्ग र अन्त्यमा मोक्ष समेत प्रदान गर्दछन् ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पितृहरू जुन योनिमा हुन्छन्, जस्तो आहार गर्दछन्, उचित समयमा न्याय पूर्वक आर्जित धनद्वारा विधि पूर्वक गरिएको पितृकर्मले अवश्य पनि उनीहरूले प्राप्त गर्दछन् । जसरी सयकडौं गाईका बीचमा वाच्छाले आफ्नी आमा चिन्दछ, त्यसैगरी मन्त्रोच्चारण गरी प्रदान गरिएको अन्न जलादि पितृले प्राप्त गर्दछन् । मत्स्यपुराण भन्दछ -

यदाहारा भवन्त्येते तासु तास्विह योनिषु ।
तस्मिंस्तस्मिस्तदाहारे श्राद्धं दत्तन्तु प्रीणयेत् ॥
काले न्यायागतम्पात्रे विधिना प्रतिपादितम् ।
प्राप्नुवन्त्यन्नमादत्तं यत्र यत्रावतिष्ठति ॥
यथा गोषु प्रनष्टासु वत्सो विन्दति मातरम् ।
तथा श्राद्धेषु द्वष्टान्तो मन्त्रः प्रापयते तु तम् ॥ *मत्स्यपु.१४०।७४-६*

पितृभक्तिका प्रसङ्गमा कौशिकपुत्रहरूको कथा मननीय छ । यो कथा अन्य पुराणहरूमा पनि पाइन्छ ।

८०. उद्धव कसका पुत्र थिए ?

उद्धवो देवभागस्य महाभागः सुतोऽभवत् ।
पण्डितानां परं प्राहुर्देवश्रवसमुद्धवम् ॥ *हरिपु.ह.प. ३४।३१*

हरिवंशपुराण अनुसार उद्धव वसुदेवका भ्राता, देवभागका पुत्र थिए । उनी देवता समान ज्ञानी अनि पण्डित मानिन्छन् ।

८१. एकलव्य को थिए ?

देवश्रवाः प्रजातस्तु नैषादिर्यः प्रतिश्रुतः ।
एकलव्यो महाराज निषादैः परिवर्धितः ॥ *हरिपु. ह.प ३४।३३*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् वसुदेवका भाइ देवश्रवाका एक पुत्रलाई विशेष कारणवश त्यागिएको थियो । तिनै बालकको नाम एकलव्य थियो । जसको पालन पोषण निषादहरूले गरेका थिए । सोही बालक एकलव्य नामले प्रसिद्ध छन्, जसले द्रोणाचार्यको मूर्ति बनाई धनुर्विद्या सिकेका थिए । एकलव्यको गुरुभक्ति उदाहरणीय मानिन्छ । उनी कुशल धनुर्धर थिए । अर्जुनलाई सर्वश्रेष्ठ बनाउने खेलमा उनको बूढी औंला गुरुदक्षिणामा द्रोणाचार्यले मागेका हुन् ।

८२. कालकूट विषको निर्माण कसरी ?

कश्यप नन्दन शेषनागले रुखमा झुण्डिएर हजारौं वर्षसम्म कठोर तपस्या गरे । त्यस क्रममा रुखमा बेह्रिएको पीडाका कारण शेषका मुखबाट विषका थोपा-थोपा बहन थाले । देवताले तत्काल तपस्थल गइ विष झरिरहेको ठाउँमा एउटा कलश राखिदिए । यही विष कालकूट नामक विष हो । जब उनको तपस्या पूर्ण भयो, देवताले त्यो विषयुक्त घडा पानी मुनि सुरक्षित राखेका थिए । समुन्द्र मन्थनका समयमा सोही विष निस्किएको हो । जुन विष भोलेबाबाले पान गरी जगत् रक्षा गर्नुभयो । कालकूट विषका प्रभावले भोले बाबाको घाँटीनै नीलो भयो । यसरी शिव नीलकण्ठ नामले जगमा प्रसिद्ध हुनुभयो ।

जिह्वाभिर्लेलिहानाभिर्गात्रजं विषमुत्सृजन् ।
समा : सहस्रं सम्पूर्णं निराहारस्तपोधनः ॥
कालकूटं विषं तद्धि सुमहत् समपद्यत ।
येन लोको ह्यभिग्रस्तो न सुखं विन्दते नृप ॥*हरिपु. भवि. २८/३३-४*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८३. बलिले यज्ञ कहाँ गरेका थिए ?

गङ्गा र यमुनाको मध्यभाग अर्थात् प्रयागमा बलिले यज्ञ गरेका थिए ।

गङ्गायमुनयोर्मध्ये यदभूद् विपूलं तपः ।

समेयुस्तत्र सहिता यजमाने महासुरे ॥ *हरिपु. भवि. ३१।५*

८४. अदितिले वामनलाई कति वर्षसम्म गर्भमा धारण गरिन् ?

हजारवर्षसम्म अदितिले वामनलाई धारण गरिन् ।

अदितिर्देवमाता च गर्भं दध्रेऽतितेजसम् ।

भूतात्मानं महात्मानं दिव्यं वर्षसहस्रकम् ॥ *हरिपु. भवि. ६९।११*

८५. वामन कसलाई लिएर बलिका यज्ञमा पुगे ?

देवगुरु बृहस्पतिलाई लिएर वामन भगवान् बलिका यज्ञस्थलमा पुग्नु भएको थियो ।

ततो बृहस्पतिर्धीमाननयद् वामनं प्रभुः ।

यज्ञवाटं महातेजा दानवेन्द्रस्य धीमतः ॥ *हरिपु. भवि. ७०।५६*

८६. विन्ध्याचल पर्वतको अभिमान कसले शमन गर्‍यो ?

विन्ध्याचल पर्वतले ईश्वरको आराधना गरी शक्ति प्राप्त गरे । उनमा म शक्ति सम्पन्न छु भन्ने अभिमान भयो । उनी आफ्नो शक्ति बढाउन थाले, सूर्यको बाटो छेकियो । सूर्यको प्रकाश नभएपछि हाहाकार हुन थाल्यो । देवताहरूले निकै सम्झाए, तर विन्ध्याचलले गति रोकेनन् । आजित देवता विन्ध्याचलका गुरु अगस्त्यका शरणमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गए । जगत्को कल्याणार्थ अगस्त्य मुनि विन्ध्याचल समीप पुग्नुभयो । विशेष कारणवश म पारी जानु पर्ने भयो बाटो देऊ भनेपछि गुरुलाई मार्ग दिन बाध्य भए । गुरुलाई झुकेर दण्डवत गरे । अगस्त्यले म फर्किएर न आउन्जेल तिमी झुकिराख भनी पारी जानुभयो, तर फेरि फर्किएर आउनु भएन । यसरी सूर्यको बाटो फुक्यो र सबैमा खुसीयाली छायो ।

मार्गमिच्छाम्यहं दत्तं भवता पर्वतोत्तम ।

दक्षिणामभिगन्तास्मि दिशं कार्येण केनचित् ॥

यावदागमनं मह्यं तावत् त्वं प्रतिपालय ।

निवृत्ते मयि शैलेन्द्र ततो वर्धस्व कामतः ॥ *महा.वनप.१०४।१२-३*

यसको तात्पर्य शक्ति पाएर घमण्ड गर्नु हुँदैन, अन्यथा नाश हुन्छ भन्ने हो ।

८७. मृगीबाट जन्मिएका ऋषि को हुन् ?

कश्यपगोत्रीय महात्मा विभाण्डले जलमा स्नान गरिरहेको अवस्थामा उर्वशी नामक अप्सरालाई देखेछन् । अचानक ऋषिका आँखा उर्वशीको सौन्दर्यमा पुग्यो, उनी अत्यन्त कामुक भई स्खलित भए । उनको वीर्य पानीमा झऱ्यो । उनी स्नान सकी गएपछि तत्काल एउटी मृगी पानी पिउन त्यहाँ आई । पानी पिउने क्रममा संयोगवश ऋषिको वीर्य पनि उसका मुखमा गयो । जसबाट जन्मिएका बालक ऋष्यशृङ्ग ऋषि हुन् । उनका शिरमा एउटा सिङ थियो । यही भएर उनलाई ऋष्यशृङ्ग भनिन्थ्यो । यो कथा महाभारतको तीर्थयात्रापर्व अन्तर्गत एघारौं अध्यायमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८८. अष्टावक्र नाम कसरी ?

कहोड मुनि सदा-सर्वदा उद्दालक मुनिको सेवा गर्थे । प्रसन्न उद्दालक मुनिले सुजाता नामक आफ्नी छोरीको विवाह कहोड मुनिसँग गरिदिए । सुजाता गर्भवती थिइन् । गर्भमा बालक रहँदा वेद, भागवत, सुनाउँदा राम्रो हुन्छ भन्ने सम्झी कहोड मुनि पत्नी सुजातालाई सुनाउथे । एकदिन आठ पटकसम्म अशुद्ध उच्चारण गरिसक्नु भयो हेरेर पढ्नु भनी गर्भस्थ बालक करायो । कहोड मुनिले आफ्नो अपमान सम्झी तत्काल गर्भस्थ बालकलाई नै श्राप दिए । आठ ठाउँ टेडो भई जन्मेस् ॥ पिताले नै गर्भस्थ शिशुलाई श्राप दिएका हुन् ।

उपालब्धः शिष्यमध्ये महर्षिः,स तं कोपादुदरस्थं शशाप ।

यस्मात् कुक्षौ वर्तमानो ब्रवीषि, तस्माद् वक्रो भवितास्यष्टकृत्वः ॥

महा.तीर्थ.१३२।११

केही समय पश्चात् महाराज जनकका प्रश्नको उत्तर दिन नसकेर कहोड मुनि सहित धेरै विद्वान्हरू कारागारमा बन्धित भएका थिए । जब बालकको जन्म भयो उनी आठ ठाउँ टेडा भएका जन्मिए । नामकरणमा उनको नाम अष्टावक्र राखियो । पिताको खोजी गर्दा कारागारमा भएको थाह पाए । उनले जनकका प्रश्नको उत्तर दिई पिता सहित सबैलाई कारागारबाट मुक्ति दिलाए । उनी भगवान्का भक्त, ज्ञानी, विद्वान् थिए । उनलाई साक्षात् श्रीकृष्णले रासलीला प्रसङ्गमा दर्शन दिनुभएको प्रसङ्ग ब्रह्मवैवर्तपुराण श्रीकृष्णजन्मखण्डमा छ । श्रीकृष्णको दर्शनले उनी मुक्त भए । उनले दिएको उपदेशलाई अष्टावक्रगीता भनिन्छ । श्वेतकेतु मुनि र अष्टावक्रमुनि मामा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भानिज थिए । अष्टावक्रको विस्तृत कथा महाभारतको तीर्थयात्रा पर्वमा पाइन्छ ।

८९. अर्जुन एकवर्षसम्म किन नपुंसक भए ?

इन्द्रले प्रसन्न भई अर्जुनलाई स्वर्ग बोलाएका थिए । अर्जुन स्वर्गमा आनन्दका साथ रहँदा एकदिन एकान्तमा उर्वशीले भोगविलासको चाहना राखिन् तर अर्जुनले मानेनन् । उर्वशी कामबाणले पीडित थिईन् । उनले तत्काल अर्जुनलाई नपुंसक हुने र नर्तकीको काम गर्ने हुनु भनी श्राप दिइन् ।

तस्मात् त्वं नर्तनः पार्थ स्त्रीमध्ये मानबर्जितः ।

अपुमानिति विख्यातः षण्ढवद् विचरिष्यसि ॥

एवं दत्वार्जुने शापं स्फरदोष्ठी श्वसन्त्यथ ।

पुनः प्रत्यागता क्षिप्रमुर्वशी गृहमात्मनः ॥ महा.इन्द.पर्व ४६।५०-५१

अर्जुनले दुःखित हुँदै आफू श्रापित भएको कुरा इन्द्रलाई निवेदन गरे । इन्द्रले अर्जुनलाई सम्फाउँदै यो श्रापले तिम्रो कल्याण हुनेछ । एकवर्षको अवधिसम्म मात्र तिमी नपुंसक भई नर्तकीको काम गर्ने छौ; अर्थात् एकवर्षका लागि श्राप लाग्नेछ, त्यस उप्रान्त श्रापमुक्त हुनेछौ, भनी सान्त्वना दिए ।

तेन नर्तन वेषेण अपुंस्त्वेन तथैव च ।

वर्षमेकं विहृत्यैव ततः पुंस्त्वमवाप्स्यसि ॥ *महा.इन्द्र.पर्व ४६।५९*

९०. शुनःशेपका पिता अजीगर्तको मुक्ति कसरी भयो ?

सुयज्ञ नामक ब्राह्मणको पुत्र अजीगर्त थियो । अजीगर्तका तीन पुत्र थिए । हरिश्चन्द्र राजालाई लागेको रोग निवारणार्थ नरवलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिनुपर्ने थियो । हरिश्चन्द्रपुत्र रोहितको रक्षा स्वयं देवराज इन्द्रले गर्नु भएको थियो । कुनै बालक किनेर आफ्नो बनाई बलिदिने योजना अनुरुप राजपुरुष बालकको खोजिमा हिंडे । संसारमा कसले छोरो बेच्ला ? अपवादका रूपमा अजीगर्त भेटियो । उसले जेठो मेरो छोरो भनी अंकमाल गर्‍यो । कान्छोलाई माताले मेरो नानी भनी च्यापिन् । बिचमा परेको माहिलो शुनःशेप नामक छोरो यज्ञार्थ (बधका निमित्त) बेचिदिए । बलिका लागि मौलोमा बाँधिएको त्यो निर्दोष ब्राह्मण बालकको हत्या गर्न कसाई पनि अघि सरेनन् । अपराधी मानसिकता भएको अजीगर्त नै त्यहाँ उपस्थित भई द्रव्यका लागि पुत्र मार्न तयार भएको थियो । भगवन्नाम र विश्वामित्र गुरुका कृपाले शुनःशेपको रक्षा भएको थियो । समयानन्तर अजीगर्तको मृत्यु भयो । पुत्र बेचेको र पुत्र मार्न तम्सिएको पापका कारण घोर प्रेतत्वमा प्राप्त भयो । जघन्य अपराधका कारण लामो समयसम्म पिशाच योनिमा घुमिरह्यो । एकदिन दैवसंयोग शुनःशेपले मार्गमा त्यो प्रेतलाई देखेछन् ।

पथि गच्छन्कदाचित्सजीगर्तेर्मध्यमः सुतः ।

शुश्राव रुदतो वाणीं पिशाचस्य मुहुर्मुहुः ॥ ब्रह्मपु.१५०।११

पुत्रलाई देख्नासाथ आर्त स्वरले रोयो । कुराको सिलसिलाले थाहा भयो जन्मदिने पिता रहेछन् । क्षमा मागेर शरण परेको देखी शुनःशेप दयाले पग्लिए । अपराधी भए पनि जन्म दिने पिता हुन् भन्ने सम्झी प्रेतत्वबाट मुक्तिका लागि अथक प्रयास गरे । गौतमीगङ्गामा स्नान गराई हरिहर भगवान्को आराधना गरी अजीगर्तको मुक्तिका लागि भगवान्सँग वरदान मागे । शुनःशेपको त्यो क्षमाशीलता र दयाद्रता देखेर हरिहरले धन्य-धन्य भन्दै प्रेतत्वबाट मुक्ति प्रदान गर्नुभयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं विनिश्चित्य मुनिर्महात्मासमुद्दिधीर्षुः पितरं स दुर्गतेः ।
शुचिस्ततो गौतमीमाशु गत्वा, तत्र स्नात्वा संस्मरञ्छम्भुविष्णू ॥
ददौ जलं प्रेतरूपाय पित्रे, पिशाचरूपाय सुदुःखिताय ।
तद्दानमात्रेण तदैव पूतोऽजीगर्तिरावाप वपुः सुपुण्यम् ॥

ब्रह्मपुराण १५०।१९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्दर्भग्रन्थसूची

गर्गसंहिता, गीताप्रेस, गोरखपुर ।

वाल्मीकि, अद्भुत रामायण, पं हरिहरप्रसाद त्रिपाठी (सम्पा.), २००६, चौखम्बा संस्कृत सीरिज वाराणसी ।

व्यास वेद, अथर्ववेद, डा. अशोक कुमार गौड (सम्पा.), २०१६, रुपेश ठाकुर प्रसाद प्रकाशन, वाराणसी ।

व्यास वेद, आनन्दरामायण, रामतेज पाण्डेय (सम्पा.), २००८, चौखम्बा विद्याभवन, वाराणसी ।

व्यास वेद, कूर्मपुराण, प.सं. २०६७, गीताप्रेस, गोरखपुर ।

व्यास वेद, नारदीयपुराण, २०७२ गीताप्रेस, गोरखपुर ।

व्यास वेद, देवीपुराण, शक्तिपीठाङ्क, प.सं.,२०६७, गीताप्रेस गोरखपुर ।

व्यास वेद, पद्मपुराण, नागशरण सिंह (सम्पा.), २००९, नाग पब्लिशर्स, जवाहर नगर, दिल्ली ।

व्यास वेद, ब्रह्मवैवर्तमहापुराणम् ,२०१३,राधाकृष्ण मोर ५ क्लाइव रोड, कलकत्ता ।

व्यास वेद, ब्रह्मपुराण, नागशरण सिंह (सम्पा.),तृ.सं.२००७, नाग पब्लिशर्स, जवाहर नगर, दिल्ली ।

व्यास वेद, ब्रह्माण्डपुराणम् ,चौखम्बा संस्कृत सीरिज वाराणसी ।

व्यास वेद, भविष्यपुराण, राधाकृष्ण मोर (सम्पा.), २००९, ५ क्लाइव रोड, कलकत्ता ।

व्यास वेद, मत्स्यपुराणम्, नन्दलाल मोरे ५ क्लाइव रो कलकत्ता, संस्करण - प्रथम वि.सं.२०११ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यास वेद, महाभारत, रामनारायण शास्त्री (सम्पा.), ष.सं., २०४५ गोविन्दभवन कार्यालय, गीताप्रेस, गोरखपुर ।

व्यास वेद, मार्कण्डेयपुराण, मनुसुखराय मोर (सम्पा.), २०१८, प्रकाशक - गोपाल प्रिण्टिङ्ग वर्क्स, कलकत्ता - ६ ।

व्यास वेद, लिङ्गपुराण, नागशरण सिंह (सम्पा.), २००९, नाग पब्लिशर्स, जवाहर नगर, दिल्ली ।

व्यास वेद, वायुपुराणम्,चौखम्बा अमरभारती प्रकाशन वाराणसी ।

व्यास वेद, श्रीमद्‌देवीभागवत,२०७३ गीताप्रेस गोरखपुर ।

व्यास वेद, श्रीमद्भागवतमहापुराणम्२०७३,गीताप्रेस गोरखपुर ।

व्यास वेद, श्रीवामनपुराण, च.सं. २०६६, गीताप्रेस, गोरखपुर ।

व्यास वेद, श्रीशिवमहापुराणम् ,२०७२ गीताप्रेस गोरखपुर ।

व्यास वेद, स्कन्दमहापुराणम्, २०६७, चौखम्बा संस्कृत सीरिज वाराणसी ।

व्यास वेद, हरिवंशपुराण, रामनारायण दत्त (सम्पा.), ष.सं. २०४८, प्रकाशक - गोविन्दभवन कार्यालय, गीताप्रेस, गोरखपुर ।

शङ्कराचार्य, छान्दोग्योपनिषद्, २०१७, गीताप्रेस गोरखपुर ।

शङ्कराचार्य, बृहदारण्यकोपनिषद्, २०१५, गीताप्रेस गोरखपुर ।

शतपथब्राह्मणम्, डा. सुन्दरनारायण झा (सम्पा.), २०१९, चौखम्भा ओरियन्टालिया, दिल्ली ।

शुक्राचार्य, शुक्र नीति, डा. जगदीशचन्द्र मिश्र (सम्पा.), २०१९, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नवराज घिमिरे

जन्म - आश्विन २०२९, महोत्तरी

माता - गुह्येश्वरी घिमिरे

पिता - स्व. श्रीशिवप्रसाद घिमिरे

शैक्षिक योग्यता - आचार्य (इतिहास पुराण) प्रथम श्रेणी

सम्बद्ध - सह-प्राध्यापक (ने. सं. वि.) वाल्मीकि विद्यापीठ

प्रकाशित कृति - पुष्पगुच्छा (छन्दोबद्ध कविता संग्रह)
मनोभाव (छन्दोबद्ध कविता संग्रह)
पञ्चदेवता (पौराणिक अनुसन्धानात्मक कृति)
पौराणिक दृष्टिमा (अनुसन्धानात्मक कृति)
मण्डप देवता (षोडशमातृका, सर्वतोभद्र, नवग्रह विशेष)
पुराण-चिन्तन भाग१ (अनुसन्धानात्मक कृति) हजुरहरूका हातमा ।
विभिन्न पत्रपत्रिकामा लेख रचना कविता आदि ।

प्रकाशोन्मुख कृति- पुराण -चिन्तन भाग २
स्मरण (शोक खण्डकाव्य)

सम्पर्क स्थान

वाल्मीकि विद्यापीठ

इतिहास पुराण विभाग

एवं

सूर्यविनायक-६ चुनदेवी भक्तपुर

फोन नं -०१५०९२३४२,९८६०३१९६७३

Email: navaraj2029@gmail.com

9 789937 080729

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection